# युवा तथा खेलकुद सम्बन्धी कानूनहरुको संगालो

## (ऐन, नियमहरु)

नेपाल सरकार
**युवा तथा खेलकुद मन्त्रालय**
सिंहदरबार, काठमाडौं

# युवा तथा खेलकुद सम्बन्धी कानूनहरूको संगालो
# (ऐन, नियमहरू)

नेपाल सरकार
**युवा तथा खेलकुद मन्त्रालय**
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| **शीर्षक** | : | ऐन कानूनहरूको संगालो |
| **प्रकाशक** | : | नेपाल सरकार<br>युवा तथा खेलकुद मन्त्रालय<br>सिंहदरबार, काठमाडौं |
| **प्रकाशन मिति** | : | २०७८ |
| **प्रति** | : | . |
| **मुद्रण** | : | अशिम प्रिण्टिङ प्रेस, शङ्खमूल, काठमाडौं |


| | | |
|---|---|---|
| **सर्वाधिकार** | : | युवा तथा खेलकुद मन्त्रालय<br>सिंहदरबार, काठमाडौं |

# विषय सूची


| विषय | पृष्ठ संख्या |
|---|---|
| (क) राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ | १ |
| (ख) राष्ट्रिय युवा परिषद् ऐन, २०७२ | ३० |
| (ग) राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ | ४४ |
| (घ) नेपाल स्काउट ऐन, २०५० | ५६ |
| (ङ) नेपाल स्काउट नियमावली, २०७७ | ६८ |
| (च) युवा तथा साना व्यवसायी स्वरोजगार कोष नियमावली, २०७७ | ९३ |

# राष्ट्रिय खेलकुद विकास ऐन, २०७७

*प्रमाणीकरण मिति*
२०७७/०३/११

संवत् २०७७ सालको ऐन नं. ३

## खेलकुद विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

**प्रस्तावना:** खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, राष्ट्रको एकताको प्रवर्द्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न तथा खेलकुदको विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा खेलकुद सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "राष्ट्रिय खेलकुद विकास ऐन, २०७७" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले सातौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "अन्तर्राष्ट्रिय स्तरका खेलाडी" भन्नाले ओलम्पिक, एशियन र दक्षिण एशियाली औपचारिक खेलकुद वा अन्तर्राष्ट्रिय खेल संघ वा महासंघबाट आयोजित खेलकुद र त्यस्ता खेलकुदका विश्वस्तरीय च्याम्पियनसिपमा नेपालको तर्फबाट भाग लिएका नेपाली खेलाडी सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "खेलकुद" भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिस्पर्धात्मक क्रियाकलापमा संलग्न रही नतिजामुखी उपलब्धि हासिल गर्ने क्रियाकलापमा सक्रीय रहने कार्यलाई सम्झनु पर्छ र सो शब्दले

प्रचलित व्यावसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत खेलहरुलाई समेत जनाउँछ ।

(ङ) "खेलाडी" भन्नाले खेलकुदमा संलग्न व्यक्ति सम्झनु पर्छ ।

(च) "खेल संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको खेलकुद सम्बन्धी संस्था सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "परिषद्" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय खेलकुद परिषद् सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "राष्ट्रियस्तरका खेलाडी" भन्नाले परिषद्ले आयोजना गरेको राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिएका नेपाली खेलाडी सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई समेत जनाउँछ ।

(ठ) "सदस्य-सचिव" भन्नाले दफा १७ बमोजिमको परिषद्को सदस्य-सचिव सम्झनु पर्छ ।

(ड) "समिति" भन्नाले दफा १४ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(ढ) "संघ" भन्नाले दफा २२ बमोजिम स्थापना भएका खेल संघ सम्झनु पर्छ र सो शब्दले दफा २३ बमोजिमका राष्ट्रिय खेल संघ वा महासंघ समेतलाई जनाउँछ ।

## परिच्छेद-२

## परिषद्को स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **परिषद्को स्थापना :** (१) खेलकुदको विकास, विस्तार, प्रवर्द्धन तथा अध्ययन, अनुसन्धान गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि राष्ट्रिय खेलकुद परिषद्को स्थापना गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन् :

(क) नेपाल सरकारको युवा तथा खेलकुद मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) खेलकुदको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले मनोनयन गरेको एकजना - उपाध्यक्ष

(ग) मन्त्रालयको सचिव - सदस्य

(घ) नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव वा निजले तोकेको सोही मन्त्रालयको सहसचिव - सदस्य

(ङ) नेपाली सेनाको खेलकुद क्षेत्र हेर्ने प्रमुख - सदस्य

(च) नेपाल प्रहरीको खेलकुद क्षेत्र हेर्ने प्रमुख - सदस्य

(छ) सशस्त्र प्रहरी बल, नेपालको खेलकुद क्षेत्र हेर्ने प्रमुख - सदस्य

(ज) विश्वविद्यालयहरुका खेलकुद विभाग प्रमुखमध्ये अध्यक्षले मनोनयन गरेको एकजना - सदस्य

(झ) मन्त्रालयको खेलकुद महाशाखा प्रमुख - सदस्य

(ञ) प्रत्येक प्रदेशको खेलकुद विकाससँग सम्बन्धित प्रदेशस्तरका संस्थागत संरचनाका कार्यकारी प्रमुख - सदस्य

(ट) खेलकुदको विकासमा महत्वपूर्ण योगदान गरेका प्रतिष्ठित व्यक्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पूर्वखेलाडीहरुमध्ये सबै प्रदेशबाट प्रतिनिधित्व हुने गरी महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रको समेतबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनयन गरेको कम्तीमा तीनजना महिला सहित नौ जना

तर यस खण्ड बमोजिम मनोनयन गर्दा कम्तीमा पचास प्रतिशत सदस्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पूर्वखेलाडीहरुमध्येबाट गर्नु पर्नेछ। - सदस्य

(ठ) खेलकुद विज्ञ, खेलकुद प्रशिक्षक, खेलकुद प्राविधिक वा एन्टिडोपीङ विज्ञमध्येबाट अध्यक्षले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(ड) नेपाल ओलम्पिक, पारा ओलम्पिक लगायतका अन्तर्राष्ट्रिय ओलम्पिक कमिटिबाट मान्यताप्राप्त ओलम्पिक कमिटीमध्येबाट प्रतिनिधित्व हुने गरी सम्बन्धित कमिटीको सिफारिसमा अध्यक्षले मनोनयन गरेको दुईजना - सदस्य

(ढ) सम्बन्धित राष्ट्रिय खेल संघको विधान बमोजिम निर्वाचित संघका पदाधिकारी वा सदस्यहरुमध्येबाट सम्बन्धित संघको सिफारिसमा अध्यक्षले मनोनयन गरेको कम्तीमा दुईजना महिला सहित पाँचजना - सदस्य

(ण) उद्योग वाणिज्य महासंघको सिफारिसमा अध्यक्षले मनोनयन गरेको एकजना - सदस्य

(त) परम्परागत, साहसिक तथा पर्यटकीय खेल क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्यक्षले मनोनयन गरेको एकजना - सदस्य

(थ) परिषद्को - सदस्य-सचिव - सदस्य-सचिव ।

(३) उपदफा (२) बमोजिमका सदस्यको मनोनयन गर्दा भौगोलिक क्षेत्र र महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

४. **परिषद् स्वशासित र संगठित संस्था हुनेः** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

तर परिषद्ले अचल सम्पत्ति बिक्री वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(५) परिषद्ले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. **संरक्षकः** (१) प्रधानमन्त्री परिषद्को संरक्षक हुनेछ ।

(२) संरक्षकले परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

६. **परिषद्को कार्यालयः** परिषद्को कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

७. **सदस्यको पदावधिः** (१) परिषद्को मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्का मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, परिषद्को हित विपरीत कुनै काम गरेमा वा पद अनुरुपको आचरण नगरेमा त्यस्तो सदस्यलाई मनोनयन गर्ने निकाय वा अधिकारीले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निजलाई पदबाट हटाउनु अघि सम्बन्धित सदस्यलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

८. **पद रिक्त हुने अवस्थाः** (१) देहायका अवस्थामा परिषद्को मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछः

(क) निजले अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) गैर नेपाली नागरिक भएमा वा कुनै विदेशी मुलुकको स्थायी बसोवासको अनुमति लिएमा,

(ग) निजको उमेर सत्तरी वर्ष पूरा भएमा,

तर दफा ३ को उपदफा (२) को खण्ड (ढ) बमोजिमको सदस्यको हकमा यस खण्ड बमोजिमको उमेर हद लागू हुने छैन ।

(घ) कुनै सार्वजनिक जवाफदेहीको पदमा उम्मेदवार भएमा,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी,यौन दुर्व्यवहार, मानव बेच बिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएमा वा अन्य कुनै फौजदारी कसूरमा एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएकोमा,

(च) दफा ७ को उपदफा (२) बमोजिम पदबाट हटाइएमा,

(छ) विनासूचना परिषद्को तीनवटा बैठकमा लगातार अनुपस्थित भएमा,

(ज) राष्ट्रको प्रतिनिधित्व गरी विदेश गएकोमा भागेको र पछि फर्केर आएको प्रमाणित भएमा,

(झ) निजको मृत्यु भएमा ।

(२) दफा ३ को उपदफा (२) बमोजिम परिषद्मा मनोनीत सदस्यहरुको पदावधि पूरा नहुँदै कुनै कारणले पद रिक्त हुन आएमा बाँकी अवधिका लागि जुन प्रक्रियाद्वारा उक्त सदस्य मनोनयन भएको हो सोही प्रक्रियाबाट मनोनयन गरिनेछ ।

९. **परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खेलकुदको विकासको लागि अवलम्बन गर्नु पर्ने नीति, रणनीति, खेलकुदको सञ्चालन तथा विकास र खेलकुद पूर्वाधारको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ख) नेपाल सरकारबाट स्वीकृत नीति तथा रणनीतिको अधीनमा रही खेलकुद सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(घ) परिषद्को मानवस्रोत विकास एवं व्यवस्थापन योजना तथा संगठन संरचना तयार गरी मन्त्रालयमा पेश गर्ने,

(ङ) खेलकुद विकासको लागि आवश्यक पर्ने खेल सामग्रीको व्यवस्थापन गर्ने, साधन स्रोत जुटाउने, परिचालन गर्ने तथा सोको लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताको आयोजना गर्ने, गराउने,

(छ) खेल सम्बन्धी संस्था तथा खेलाडीलाई उपलब्ध गराइने आर्थिक तथा अन्य सहयोग र छात्रवृत्ति सम्बन्धी मापदण्ड निर्धारणका लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ज) परिषद्, समिति, राष्ट्रिय खेल संघ वा महासंघका पदाधिकारी, सदस्य तथा कर्मचारी, खेलाडी, प्रशिक्षक, खेल व्यवस्थापक, रेफ्री तथा खेल आयोजक र दर्शकले पालना गर्नु पर्ने विषयका सम्बन्धमा आचारसंहिता बनाई लागू गर्ने, गराउने,

(झ) खेलकुद पूर्वाधारको निर्माण, व्यवस्थापन तथा मर्मत सम्भार गर्ने, गराउने,

(ञ) खेलकुद पूर्वाधार विकास गर्दा कायम गर्नु पर्ने न्यूनतम मापदण्ड निर्धारण गर्ने र सोको अनुगमन गर्ने, गराउने,

(ट) अन्तरप्रदेश, प्रदेश तथा स्थानीय तहमा खेलकुदको सञ्चालन, विकास तथा पूर्वाधार विकासको लागि प्रदेश सरकार तथा स्थानीय तहसँग आवश्यक समन्वय, सहयोग तथा सहकार्य गर्ने, परिषद्को कर्मचारी तथा आर्थिक प्रशासन सम्बन्धी विनियम बनाउने,

(ड) यस ऐनको प्रतिकूल नहुने गरी खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि तथा निर्देशिका बनाई लागू गर्ने, गराउने,

(ढ) खेलकुद सम्बन्धी तालिम केन्द्र तथा प्रतिष्ठान स्थापना गर्न पहल गर्ने,

(ण) निजीक्षेत्रबाट सञ्चालन हुने फुटसल, पौडीपोखरी, जीम जस्ता खेलकुद तथा मनोरञ्जन केन्द्रको पूर्वाधार निर्माण एवं सञ्चालन गर्न मापदण्ड निर्धारणका लागि मन्त्रालयमा सिफारिस गर्ने,

(त) खेल तथा खेलाडीहरुको वर्गीकरण गर्ने र खेलाडीहरुको सामाजिक सुरक्षाको लागि आवश्यक पहल गर्ने,

(थ) खेलाडीहरुको वर्गीकरण अनुसार परिचयपत्रको व्यवस्था गर्ने,

(द) ओलम्पिक कमिटीसँग आवश्यक समन्वय गर्ने,

(ध) खेलकुद विकासको लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने, गराउने।

१०. **परिषद्को बैठकः** (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सदस्य-सचिवले अध्यक्षसँगको परामर्शमा परिषद्को बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना बैठक हुनुभन्दा कम्तीमा सात दिन अगावै सबै सदस्यलाई पठाउनु पर्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को कूल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले त्यसरी अनुरोध गरेको मितिले सात दिनभित्र परिषद्को बैठक बोलाउनु पर्नेछ ।

(५) परिषद्को कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

तर कुनै कारणवश यस उपदफा बमोजिम गणपूरक सङ्ख्या नपुगेको कारणले बैठक बस्न नसकेकोमा त्यसपछि लगत्तै बस्ने बैठकमा तत्काल कायम रहेको सदस्य सङ्ख्याको

कम्तीमा तेत्तीस प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले र निजहरु अनुपस्थित भएमा मन्त्रालयको सचिवले अध्यक्षता गर्नेछ ।

(७) परिषद्को बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) परिषद्ले कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) परिषद्को बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिद्वारा प्रमाणित गराई सदस्य-सचिवले सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ ।

(१०) परिषद्को बैठकमा उपस्थित भए बापत अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुले नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(११) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद्को बैठकको अध्यक्षता गर्ने,

(ख) खेलकुदको समग्र विकास, विस्तार र प्रवर्द्धनका लागि नेतृत्व गर्ने,

(ग) परिषद्को बैठकको निर्णय प्रमाणित गर्ने,

(घ) परिषद्को काम कारबाहीको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(ङ) परिषद्ले तोकेका अन्य काम कारबाही गर्ने ।

१२. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको अनुपस्थितिमा परिषद्को बैठकको अध्यक्षता गर्ने,

(ख) अध्यक्षले प्रत्यायोजन गरे बमोजिमका काम कारबाही गर्ने,

(ग) परिषद्ले तोके बमोजिमका अन्य कार्य गर्ने ।

१३. **सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद्‌को बैठकमा भाग लिने,

(ख) अध्यक्षले र परिषद्‌ले तोकेको काम कारबाही गर्ने ।

## परिच्छेद-३

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१४. **समितिको गठनः** (१) परिषद्‌को काम कारबाहीमा सहयोग गर्ने देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः

(क) सदस्य-सचिव - संयोजक

(ख) मन्त्रालयको खेलकुद महाशाखा प्रमुख - सदस्य

(ग) परिषद्‌का सदस्यमध्येबाट अध्यक्षले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(घ) परिषद्‌का सदस्यमध्येबाट परिषद्‌ले मनोनीत गरेका कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(ङ) परिषद्‌को प्रशासन महाशाखा प्रमुख - सचिव ।

(२) उपदफा (१) बमोजिमको समिति परिषद्‌प्रति उत्तरदायी हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यको पदावधि परिषद्‌को सदस्य कायम रहेसम्मको लागि हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका सदस्य बिना सूचना समितिको तीनवटा बैठकमा लगातार अनुपस्थित रहेमा वा समितिको काममा समय दिन वा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेमा मनोनयन गर्ने निकाय वा अधिकारीले जुनसुकै बखत निजलाई समितिको सदस्यबाट हटाई परिषद्‌का अन्य सदस्यमध्येबाट उपदफा (१) बमोजिम समितिको सदस्यमा मनोनयन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निजलाई हटाउनु अघि सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

१५. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा र खेलकुद तालिका तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ख) परिषद्का निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिताका लागि आवश्यक काम गर्ने,

(घ) नेपाल सरकारको स्रोतबाट अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा भाग लिन खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायतका प्रतिनिधिहरु मन्त्रालयको स्वीकृतिमा पठाउने,

(ङ) परिषद्को कोष, खेलाडी कल्याणकारी कोष, चल, अचल सम्पत्तिको संरक्षण, परिचालन र रेखदेख गर्ने,

(च) खेलकुदको विकास, विस्तार र सञ्चालनमा विभिन्न निकायहरुबीच समन्वय गर्ने,

(छ) परिषद्बाट सञ्चालित खेलकुद गतिविधिको आवधिक रुपमा समीक्षा गर्ने,

(ज) परिषद्को स्वीकृत मापदण्डको अधीनमा रही खेलकुद सम्बन्धी संस्था वा खेलाडीलाई छात्रवृत्ति, आर्थिक वा अन्य सहयोग प्रदान गर्ने,

(झ) खेलकुद सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ञ) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकबाट तालिम दिलाउने तथा उपयुक्त खेलाडीको छनौट गरी आवश्यकता अनुसार विदेशमा तालिम लिन पठाउने,

तर विदेशी प्रशिक्षक झिकाउँदा मन्त्रालयको पूर्वस्वीकृति लिनु पर्नेछ ।

(ट) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडीहरुलाई पुरस्कृत गर्ने तथा खेलाडीहरुको वृत्ति विकासको आवश्यक व्यवस्था मिलाउने,

(ठ) मनोरञ्जनात्मक, परम्परागत तथा साहसिक खेलकुदलाई खेलकुद पर्यटनको रुपमा विकास गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) खेलकुदमा निजी क्षेत्रको सहभागिता र लगानीका अवसरहरुमा वृद्धि गर्न प्रोत्साहन गर्ने,

(ढ) खेलकुद सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचारप्रसार गर्ने, गराउने,

(ण) खेलकुदमा अपाङ्गता भएका व्यक्तिहरुको सहभागितालाई प्रोत्साहन गर्न आवश्यक प्रशिक्षण दिने तथा त्यस्ता व्यक्तिबीच प्रतिस्पर्धा हुने गरी विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(त) पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता आयोजना सम्बन्धमा संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय गर्ने,

(थ) खेलकुदको विकास तथा विस्तारमा प्रदेश सरकार र स्थानीय तहको खेलकुदसँग सम्बन्धित निकाय वा संस्थासँग समन्वय तथा सहकार्य गर्ने,

(द) राष्ट्रिय खेल संघ वा महासंघको अधिवेशनमा प्रतिनिधि पठाउने,

(ध) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

१६. **समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सचिवले संयोजकको परामर्शमा समितिको बैठक बस्ने मिति, समय र स्थान उल्लेख गरी बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबैले पाउने गरी पठाउनु पर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(८) समितिले कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

# परिच्छेद-४

## सदस्य–सचिव तथा कर्मचारी सम्बन्धी

१७. **सदस्य–सचिव सम्बन्धी :** (१) परिषद्‌को कार्यकारी प्रमुखको रुपमा काम गर्न परिषद्‌मा एकजना सदस्य-सचिव रहनेछ ।

(२) सदस्य-सचिवको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछः

(क) नेपाली नागरिक,

(ख) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण भएको,

(ग) खेलकुदको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको,

(घ) प्रचलित कानूनले अयोग्य नभएको,

(ङ) तीस वर्ष उमेर पूरा भएको।

(३) मन्त्रालयले उपदफा (२) बमोजिम योग्यता पूरा भएका व्यक्तिमध्येबाट सदस्य-सचिवको पदमा नियुक्तिको लागि सिफारिस गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा मन्त्रालयले तोकेको सम्बन्धित क्षेत्रका एकजना महिला सहित दुईजना विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले उपदफा (२) बमोजिमको योग्यता पूरा भएका व्यक्तिहरुमध्येबाट सदस्य-सचिवको नियुक्तिको लागि एकजना महिला सहित तीनजना उपयुक्त व्यक्तिको नाम मन्त्रालयमा सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सिफारिस गर्दा अवलम्बन गर्ने प्रक्रिया तथा आफ्नो बैठक सम्बन्धी अन्य कार्यविधि सिफारिस समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) मन्त्रालयले उपदफा (४) बमोजिम सिफारिस भएका व्यक्तिमध्येबाट सदस्य-सचिव नियुक्ति गर्न नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नेछ ।

(७) उपदफा (५) बमोजिम मन्त्रालयबाट पेश भए बमोजिमका व्यक्तिहरुमध्ये नेपाल सरकार, मन्त्रिपरिषद्‌ले उपयुक्त ठानेको व्यक्तिलाई सदस्यसचिवको पदमा नियुक्ति गर्नेछ ।

(८) उपदफा (७) बमोजिम नियुक्त सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक पटकको लागि पुनः नियुक्त हुन सक्नेछ ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा सदस्य-सचिवलाई नेपाल सरकार, मन्त्रिपरिषद्ले जुनसुकै बखत पदबाट हटाउन सक्नेछः

(क) परिषद्लाई हानि नोक्सानी हुने कुनै काम गरेमा,

(ख) पदीय जिम्मेवारी पूरा नगरेमा,

(ग) यस ऐन विपरीत कुनै कार्य गरेमा, वा

(घ) निजले इमान्दारीपूर्वक जिम्मेवारी वहन नगरेमा, निजको कार्यसम्पादन सन्तोषजनक नरहेमा, निजमा कार्यक्षमताको अभाव भएमा वा पद अनुरुपको आचरण नगरेमा वा परिषद्को निर्देशन पालना नगरेमा ।

(१०) उपदफा (९) बमोजिम सदस्य-सचिवलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(११) देहायका अवस्थामा सदस्य-सचिवको पद रिक्त भएको मानिनेछः

(क) निजले अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) गैर नेपाली नागरिक भएमा वा कुनै विदेशी मुलुकको स्थायी बसोबासको अनुमति लिएमा वा सोको लागि निवेदन दिएमा,

(ग) निजको उमेर साठी वर्ष पूरा भएमा,

(घ) निर्वाचनद्वारा नियुक्त हुने कुनै सार्वजनिक जवाफदेहीको पदमा उम्मेदवार भएमा,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको वा अन्य कुनै फौजदारी कसूरमा एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएकोमा,

(च) उपदफा (९) बमोजिम पदबाट हटाइएमा,

(छ) राष्ट्रको प्रतिनिधित्व गरी विदेश गएकोमा भागेको र पछि फर्केर आएको प्रमाणित भएमा,

(ज) निजको मृत्यु भएमा ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले सदस्य-सचिवको पद रिक्त भएमा वा कुनै कारणले निलम्बन भएमा अर्को सदस्य-सचिव नियुक्ति वा

निजको निलम्बन फुकुवा नभएसम्मको लागि मन्त्रालयले संघीय निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी वा परिषद्को वरिष्ठतम् कर्मचारीलाई सदस्य-सचिवको रुपमा कामकाज गर्ने गरी तोक्न सक्नेछ ।

(१३) सदस्य-सचिवको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ । यसरी सदस्य-सचिवको पारिश्रमिक तथा सुविधा नतोकिएसम्म निजले नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछ ।

१८. **सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी समितिबाट पारित गराई परिषद्को बैठकमा पेश गर्ने,

(ख) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(घ) परिषद्को कर्मचारी व्यवस्थापन तथा समग्र व्यवस्थापकीय र प्रशासकीय कार्य गर्ने, गराउने,

(ङ) नेपाल सरकारको स्रोत बाहेक अन्य स्रोतबाट अन्तर्राष्ट्रियस्तरका खेलकूद प्रतियोगितामा भाग लिन खेलाडी, प्रशिक्षक, व्यवस्थापक लगायतका प्रतिनिधि पठाउने र सोको जानकारी मन्त्रालयलाई दिने,

(च) मन्त्रालय, राष्ट्रिय खेल संघ वा महासंघसँग आवश्यक समन्वय गर्ने,

(छ) परिषद्को सार्वजनिक खरिद सम्बन्धी काम गर्ने,

(ज) परिषद्को चल अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने,

(झ) लेखा उत्तरदायी अधिकृत भई कामकाज गर्ने, गराउने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१९. **कर्मचारी सम्बन्धीः** (१) परिषद्लाई आवश्यक पर्ने कर्मचारी सम्बन्धी सङ्गठन संरचना तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भए बमोजिम हुनेछ ।

(२) परिषद्मा रहने कर्मचारीको दरबन्दी, योग्यता, पारिश्रमिक, सेवाका शर्त तथा सुविधा तथा कर्मचारी संघ सम्बन्धी व्यवस्था परिषद्को कर्मचारी प्रशासन सम्बन्धी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(३) परिषद्मा आवश्यक पर्ने कर्मचारी तत्काल नियुक्त नभएमा वा कुनै कारणले कुनै पद रिक्त भई तत्काल पदपूर्ति हुन नसकेमा पदपूर्ति नभएसम्मको लागि मन्त्रालयले संघीय निजामती सेवाको कुनै कर्मचारीलाई परिषद्मा काम गर्ने गरी खटाउन सक्नेछ ।

(४) परिषद्बाट सम्पादन गर्नु पर्ने कुनै काम परिषद्को जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था भएमा त्यसको कारण खुलाई प्रचलित संघीय कानून बमोजिम विज्ञ वा प्राविधिकको सेवा परामर्श लिन सकिनेछ ।

(५) परिषद् नियुक्त कर्मचारीहरुका लागि योगदानमा आधारित निवृत्तिभरण योजना लागू गर्न सकिनेछ ।

(६) परिषद्मा कार्यरत स्थायी कर्मचारीलाई यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाल सरकारले एक पटकको लागि संघ, प्रदेश र स्थानीय तहका खेलकुद सम्बन्धी संरचनामा समायोजन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिमको समायोजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## परिषद्को कोष

२०. **परिषद्को कोषः** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ः

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) परिषद्ले प्रदान गर्ने खेलकुद सम्बन्धी प्रशिक्षणको शुल्क बापतको रकम,

(ग) कुनै व्यक्ति वा संघ, संस्थाबाट प्राप्त सहयोग रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(ङ) राष्ट्रिय खेल संघ र ओलम्पिक कमिटीको दर्ता तथा नवीकरण बापत प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्ले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्को नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) परिषद्को कोषमा रहने सम्पूर्ण रकम नेपाल सरकारको पूर्ण बा आंशिक स्वामित्व रहेको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(६) परिषद्को कोषको खाता सदस्य-सचिव वा निजले तोकेको कर्मचारी र परिषद्को लेखा हेर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

२१. **लेखा र लेखापरीक्षणः** (१) परिषद्ले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिम कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) मन्त्रालयले परिषद्को आय व्ययको लेखा सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद-६

## संघको गठन र दर्ता सम्बन्धी

२२. **खेल संघ स्थापना गर्न सकिनेः** (१) यो ऐन प्रारम्भ भए पछि राष्ट्रिय, प्रदेश तथा स्थानीय स्तरका खेल संस्थाहरुले प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहका खेल संघ स्थापना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम खेल संघ स्थापना गर्दा देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछः

(क) एक खेलको लागि एउटा मात्र खेल संघ गठन भएको हुनु पर्ने,

(ख) खेल संघको विधानमा एउटै व्यक्ति एकै पटक एकभन्दा बढी खेल संघको पदाधिकारी हुन नसक्ने व्यवस्था हुनु पर्ने,

(ग) खेल संघको विधानमा प्रत्येक चार वर्षमा लोकतान्त्रिक पद्धति अनुसार खेल संघका पदाधिकारी तथा सदस्यको निर्वाचन हुने र प्रत्येक वर्ष संघको आय-व्ययको प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्नु पर्ने व्यवस्था हुनु पर्ने,

(घ) खेल संघको पदाधिकारी तथा खेलाडीको लागि आचारसंहिता लागू हुने व्यवस्था हुनु पर्ने,

(ङ) तोकिए बमोजिमका अन्य मापदण्डहरु पूरा भएको ।

(३) उपदफा (१) बमोजिम गठन भएका खेल संघ वा संस्था स्वायत्त हुनेछन् ।

(४) उपदफा (१) बमोजिम गठन भएका खेल संघका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्षको हुनेछ र खेल संघका पदाधिकारी सोही पदमा सामान्यतया पुनः एक पटकको लागि निर्वाचित हुन सक्नेछन् ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "खेल संघका पदाधिकारी" भन्नाले संघको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष सम्झनु पर्छ ।

(५) देहायका व्यक्ति खेल संघमा निर्वाचित वा मनोनीत हुन सक्ने छैनः

(क) गैर नेपाली नागरिक,

(ख) राजस्व, सार्वजनिक वा सरकारी सम्पत्ति हिनामिना गरेको प्रमाणित भएको,

(ग) परिषद्बाट लिएको रकमको बेरुजु फछ्र्यौट गर्न बाँकी रहेको,

(घ) परिषद्को कर्मचारी वा प्रशिक्षक रहेको,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर, सङ्गठित अपराध वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको वा अन्य कुनै फौजदारी कसूरमा एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएकोमा,

(च) राष्ट्रको प्रतिनिधित्व गरी विदेश गएकोमा भागेको र पछि फर्केर आएको प्रमाणित भएमा,

(छ) खेलाडीलाई यौन दुर्व्यवहार गरेको प्रमाणित भएमा ।

२३. **राष्ट्रिय खेल संघ वा महासंघ गठनः** (१) कम्तीमा चार प्रदेशका खेल संघ आपसमा मिलेर राष्ट्रिय खेल संघ वा महासंघ गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम गठन भएका राष्ट्रिय खेल संघ वा महासंघ यसै ऐन बमोजिम गठन भएको मानिनेछ र त्यस्ता राष्ट्रिय खेल संघ वा महासंघले यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र कम्तीमा चार प्रदेशमा प्रदेश खेल संघ गठन गर्नु पर्नेछ ।

तर भौगोलिक कारणबाट यस उपदफा बमोजिमको प्रदेश खेल संघ गठन गर्न सम्भव नभएमा तोकिए बमोजिम प्रदेश खेल संघको गठन गर्न सकिनेछ ।

२४. **<u>प्रदेश तथा स्थानीयस्तरमा खेल संघ गठन तथा खेल संरचना निर्माणः</u>** (१) कम्तीमा पाँच वा सोभन्दा बढी जिल्ला खेल संघ आपसमा मिली प्रदेश कानून बमोजिम प्रदेश खेल संघ गठन गर्न सकिनेछ ।

(२) प्रदेश सरकारले प्रदेश स्तरमा खेलकुदको विकास, विस्तार र प्रर्वद्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि प्रदेश कानूनमा व्यवस्था भए बमोजिमको खेलकुद सम्बन्धी संरचना निर्माण गर्न सक्नेछ ।

(३) प्रदेश सरकारले स्थानीय तहको खेलकुदलाई व्यवस्थित तथा समन्वय गरी जिल्लास्तरमा खेलकुदको सञ्चालन तथा विकास गर्न प्रत्येक जिल्लामा जिल्ला खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

(४) स्थानीय कानून बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्र खेलकुद गतिविधि सञ्चालन तथा खेल संस्था दर्ता गर्न सक्नेछ।

(५) स्थानीय तहले स्थानीय तहमा हुने खेलकुदको सञ्चालन, प्रवर्द्धन तथा विकास सम्बन्धी कार्य गर्न स्थानीय कानूनमा व्यवस्था भए बमोजिमको संरचना निर्माण गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम प्रदेश वा स्थानीय तहमा खेल संघ गठन वा दर्ता गर्दा सम्बन्धित खेलको राष्ट्रिय खेल संघ वा महासंघ भएमा सो संघ वा महासंघको अनुमति लिनु पर्नेछ।

२५. **<u>संघमा संलग्नताः</u>** (१) परिषद्का बहालवाला सदस्य-सचिव, कर्मचारी तथा प्रशिक्षक खेल संघको कुनै पदमा रहनु हुँदैन ।

(२) उपदफा (१) विपरीत परिषद्का बहालवाला सदस्य-सचिव, कर्मचारी तथा प्रशिक्षक खेल संघको कुनै पदमा रहेको प्रमाणित भएमा त्यस्तो संघले वैधता प्राप्त गर्न सक्ने छैन र त्यस्ता सदस्य-सचिव, कर्मचारी तथा प्रशिक्षकलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

२६. **<u>परिषद्मा दर्ता गर्नु पर्नेः</u>** (१) दफा २३ बमोजिमको राष्ट्रिय खेल संघ वा महासंघले राष्ट्रिय मान्यता पाउनको लागि परिषद्मा दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्मा दर्ता गराउनको लागि देहाय बमोजिमका कागजातहरु संलग्न गरी तोकिए बमोजिमको दस्तुर सहित परिषद्मा निवेदन दिनु पर्नेछः

(क) प्रदेश खेल संघ दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संघको विधानको प्रतिलिपि,

(ग) संघका पदाधिकारी र सदस्यहरुको नाम, थर र ठेगाना सहितको विवरण, र

(घ) तोकिए बमोजिमका अन्य कागजातहरु ।

(३) उपदफा (२) बमोजिम परिषद्मा दर्ता हुन निवेदन दिने नेपालका मौलिक खेल बाहेकका अन्य खेल संघ वा महासंघले सोही खेलसँग सम्बद्ध अन्तर्राष्ट्रिय खेल संघ वा महासंघ रहेछन् भने त्यस्तो संघ वा महासंघको एक वर्षभित्र आबद्धता लिनु पर्नेछ र सो समयावधिभित्र आबद्धता नलिएमा त्यस्ता खेल संघ वा महासंघको हैसियत स्थानीय खेल संस्था वा क्लब सरह मानिनेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा त्यस्तो संघ यस ऐन बमोजिम परिषद्मा दर्ता गर्न उपयुक्त देखिएमा परिषद्ले तीस दिनभित्र दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम परिषद्बाट दर्ता गर्दा एक खेलको लागि एकभन्दा बढी तथा एकै उद्देश्यका वा समान नाम भएका एकभन्दा बढी संघ वा महासंघलाई दर्ता गरिने छैन ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत एउटै खेलको लागि एकभन्दा बढी खेल संघ वा महासंघ गठन भएका रहेछन् भने यो ऐन लागू भएको मितिले तीन महिनाभित्र एउटै खेल संघ वा महासंघ गठन गरी दर्ताको लागि परिषद्ले सूचना जारी गर्नेछ ।

(७) उपदफा (६) बमोजिम जारी सूचनामा तोकिएको म्यादभित्र एउटै संघ वा महासंघ गठन नगरेमा सो अवधि समाप्त भएपछि त्यस्ता खेल संघ वा महासंघको दर्ता स्वतः समाप्त हुनेछ ।

(८) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा कुनै संघलाई परिषद्मा दर्ता गर्न उपयुक्त नदेखिएमा परिषद्ले दर्ता गर्न नमिल्ने निर्णय गरी सोको जानकारी सम्बन्धित संघलाई दिनु पर्नेछ ।

(९) उपदफा (४) बमोजिमको दर्ताको मान्य अवधि चार वर्षको हुनेछ ।

(१०) उपदफा (९) मा तोकिएको अवधि समाप्त हुनु अघि सम्बन्धित खेल संघ वा महासंघले नवीकरणको लागि तोकिए बमोजिमका कागजातहरु संलग्न गरी परिषद्मा निवेदन दिनु पर्नेछ । यसरी परिषद्मा दर्ता तथा नवीकरण नभएका खेल संघ वा महासंघको हैसियत स्थानीय खेल संघ वा क्लब सरह मानिनेछ ।

(११) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम परिषद्मा दर्ता भएका खेल संघ वा महासंघ यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ र त्यस्ता संघ वा महासंघले परिषद्मा पुनः दर्ता गर्नु पर्ने छैन ।

(१२) राष्ट्रिय खेल संघ, प्रदेश खेल संघ र स्थानीय खेल संघले खेल सञ्चालन गर्दा यस ऐन तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचलित खेलकुदको सर्वमान्य सिद्धान्त अनुरुप समन्वय र सञ्चालन गर्नु पर्नेछ ।

(१३) परिषद्मा दर्ता तथा नवीकरण गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **विवरण परिवर्तन गर्न स्वीकृति लिनु पर्नेः** (१) दफा २६ बमोजिम लिइएको दर्ताको प्रमाणपत्रमा उल्लिखित कुनै विवरण परिवर्तन गर्नु पर्ने भएमा संघले सो व्यहोरा उल्लेख गरी परिषद्मा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा दर्ताको प्रमाणपत्रमा उल्लिखित व्यहोरा संशोधन गर्न मनासिब देखिएमा परिषद्ले संशोधन गरी निवेदकलाई त्यसको जानकारी गराउनु पर्नेछ ।

२८. **संघले पालना गर्नु पर्ने शर्तः** संघले देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछः

(क) परिषद्को स्वीकृति लिई नेपालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा खेलकुद सम्बन्धी अन्तर्राष्ट्रिय सभा वा सम्मेलन आयोजना गर्ने,

(ख) संघको विधानको अधीनमा रही खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) आफ्नो आम्दानी र खर्चको हिसाबकिताब प्रचलित कानून बमोजिमको ढाँचामा राख्ने,

(घ) संघको वार्षिक आय व्ययको नियमित रुपमा लेखापरीक्षण गराउने र लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने तथा सोको प्रतिलिपि सहित परिषद्लाई जानकारी गराउने,

(ङ) संघ आफैले वर्षमा कम्तीमा एउटा राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गराउनु पर्ने,

(च) मन्त्रालय तथा परिषद्बाट लेखा तथा श्रेस्ताको जाँचबुझ गर्दा सो सम्बन्धी अभिलेख उपलब्ध गराउने,

(छ) संघको विधान बमोजिम संघका पदाधिकारीको आवधिक निर्वाचन गर्ने,

(ज) अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट सहयोग प्राप्त गर्दा परिषद्को सिफारिसमा मन्त्रालय मार्फत् नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिने,

(झ) परिषद्को स्वीकृति लिई अन्तर्राष्ट्रियस्तरमा हुने खेलकुद प्रतियोगितामा भाग लिन सदस्य वा खेलाडीलाई पठाउने,

(ञ) परिषद्लाई जानकारी दिई अन्तर्राष्ट्रियस्तरमा हुने खेलकुद सम्बन्धी तालिम, सभा, गोष्ठी, सेमिनार वा सम्मेलनमा भाग लिन सदस्य वा खेलाडीलाई पठाउने ।

तर नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने भएमा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(ट) कुनै विदेशी संघ संस्थाहरुसँग खेलकुद सम्बन्धी विषयमा समझदारी गर्दा मन्त्रालयको सहमति लिनु पर्ने,

(ठ) खेलसँग सम्बन्धित संघ, महासंघ वा ओलम्पिक कमिटीबाट प्राप्त सहयोग परिषद् लाई जानकारी गराउने,

(ड) मन्त्रालय, परिषद् तथा समितिले समय समयमा दिएको निर्देशन वा निर्धारण गरेका शर्तको पालना गर्ने ।

२९. **निलम्बन गर्न सक्ने:** (१) कुनै राष्ट्रिय खेल संघ वा महासंघले दफा २८ बमोजिमका कुनै शर्त उल्लंघन गरेमा परिषद्ले सम्बन्धित संघलाई निश्चित अवधि तोकी त्यस्तो शर्तको पालना गर्न निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै संघले परिषद्ले दिएको निर्देशन पालना नगरेमा त्यस्तो संघलाई परिषद्ले तीन महिनासम्मका लागि निलम्बन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गरी निलम्बन फुकुवा गर्न निवेदन दिएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो संघको निलम्बन फुकुवा गर्नेछ ।

(४) कुनै संघको उपदफा (२) बमोजिमको अवधिसम्म निलम्बन फुकुवा नभएमा परिषद्ले त्यस्तो संघमा कायम रहेको कार्य समिति भंग गरी तीन महिनाभित्र अर्को कार्यसमिति निर्वाचन वा गठन गर्नु पर्ने शर्त तोकी त्यस्तो संघको तदर्थ कार्यसमिति गठन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम तीन महिनाभित्र तदर्थ समितिले अर्को कार्यसमिति निर्वाचन वा गठन नगरेमा परिषद्मा दर्ता भएको संघलाई कारबाही गरी परिषद्ले दर्ता खारेज गर्न सक्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिमको जानकारी परिषद्ले मन्त्रालय, नेपाल ओलम्पिक कमिटी र सम्बन्धित खेलको अन्तर्राष्ट्रिय खेल संघ वा महासंघलाई दिनु पर्नेछ ।

(७) कुनै राष्ट्रिय खेल संघ वा महासंघलाई निलम्बन वा खारेज गर्ने निर्णय गर्नु अघि परिषद्ले त्यस्तो संघ वा महासंघलाई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद-७

## कसुर तथा सजाय

३०. **प्रतिबन्धित औषधि सेवन गर्न, गराउन नहुने:** (१) नेपालभित्र तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आयोजना हुने खेलमा सहभागी हुने कुनै पनि खेलाडीले प्रतिबन्धित औषधि सेवन गर्नु हुँदैन ।

(२) नेपालभित्र तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आयोजना हुने खेलमा कुनै व्यक्तिले डर त्रास देखाई वा झुक्यानमा पारी खेलाडीलाई प्रतिबन्धित औषधि सेवन गर्न, गराउन लगाउनु हुँदैन ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "प्रतिबन्धित औषधि" भन्नाले अन्तर्राष्ट्रियरुपमा मान्यताप्राप्त संस्थाद्वारा खेलाडीले प्रयोग गर्न नपाउने गरी प्रतिबन्ध लगाएको औषधि वा विधि सम्झनु पर्छ ।

३१. **खेलमा मिलोमतो तथा अनियमितता गर्न नहुने:** नेपालभित्र वा नेपालको प्रतिनिधित्व गरी नेपालमा वा विदेशी मुलुकमा कुनै खेलाडीसँग प्रतिस्पर्धा गर्दा कुनै खेलसम्बद्ध खेलाडी वा पदाधिकारीले त्यस्तो खेलको प्रतिस्पर्धाबाट आउने स्वाभाविक परिणामलाई प्रतिकूल हुने गरी कुनै खेलाडी वा खेलाडीको समूहसँग मिलोमतो गर्न वा कसैको प्रलोभनमा पर्न वा कुनै बाजी जिताउने वा हराउने गरी त्यस्तो खेल खेल्न वा खेलाउने कार्य गर्न हुँदैन ।

३२. **कसूर मानिने:** कसैले देहाय बमोजिमका कुनै कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः

(क) दफा ३० को उपदफा (१) बमोजिम प्रतिबन्धित औषधि सेवन गरेमा,

(ख) दफा ३० को उपदफा (२) बमोजिम प्रतिबन्धित औषधि सेवन गर्न लगाएमा,

(ग) दफा ३१ बमोजिम खेलमा मिलोमतो तथा अनियमितता गरेमा,

(घ) दफा ५६ बमोजिमको आचारसंहिता उल्लङ्घन गरेमा,

(ङ) धर्म, वर्ण, जात, जाति, लिङ्ग, भाषा, क्षेत्र वा वैचारिक आस्थाको आधारमा खेलाडीबीच विभेद वा शारीरिक वा मानसिक हिंसा गरेमा,

(च) झुठा विवरण दिई दफा २६ बमोजिम परिषद्मा दर्ता गरेमा ।

३३. **<u>सजायः</u>** कसैले देहायका कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः

(क) दफा ३२ को खण्ड (क) बमोजिमको कसूर गरेमा निजले सेवन गरेको प्रतिबन्धित औषधिको मात्रा र प्रकृति अनुसार त्यस्तो खेलाडीलाई तोकिए बमोजिमको अवधिको लागि कुनै पनि खेलकुद प्रतियोगितामा भाग लिन नपाउने गरी रोक लगाई पहिलो पटकको लागि दश हजार रुपैयाँसम्म जरिबाना र दोस्रो पटकदेखि प्रत्येक पटक दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना,

(ख) दफा ३२ को खण्ड (ख) बमोजिमको कसूर गरेमा दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना,

(ग) दफा ३२ को खण्ड (ग) बमोजिमको कसूर गरेमा तीन वर्ष कैद र पचास हजार रुपैयाँसम्म जरिबाना गरी सो कसूर गर्दा कुनै रकम लेनदेन गरेको भएमा त्यस्तो लेनदेन गरेको रकम समेत जफत,

(घ) दफा ३२ को खण्ड (ग) बमोजिमको कसूर गर्न आदेश वा निर्देशन दिने, त्यस्तो कसुर गर्न दुरुत्साहन दिने, उक्साउने वा मद्दत गर्ने व्यक्तिलाई मुख्य कसूरदार सरह सजाय हुनेछ र त्यस्तो कसूर सार्वजनिक पद धारण गरेको व्यक्ति वा नेपालको प्रतिनिधित्व गर्ने व्यक्तिले विदेशमा गरेको रहेछ भने निजलाई थप तीन वर्षसम्म कैद,

(ङ) दफा ३२ को खण्ड (घ) बमोजिमको कसूर गर्ने पदाधिकारी, प्रशिक्षक, रेफ्री र खेलाडीलाई एक वर्षदेखि तीन वर्षसम्म निलम्बन गरी प्रचलित कानून बमोजिम कारबाही र सजाय,

(च) दफा ३२ को खण्ड (ङ) बमोजिमको कसूर गरेमा प्रचलित कानून बमोजिमको सजाय र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(छ) दफा ३२ को खण्ड (च) बमोजिमको कसूर गरेमा त्यस्तो संघको दर्ता खारेज गरी संघका पदाधिकारीहरुलाई प्रचलित कानून बमोजिम कारबाही ।

३४. **<u>मुद्दा हेर्ने अधिकारीः</u>** दफा ३३ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई र खण्ड (ङ), (च) र (छ) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार परिषद्लाई हुनेछ ।

३५. **पुनरावेदनः** दफा ३४ बमोजिम परिषद्‌ले गरेको निर्णयउपर चित्त नबुझ्ने पक्षले सम्बन्धित जिल्ला अदालतमा र जिल्ला अदालतबाट भएको निर्णयउपर चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

३६. **नेपाल सरकार वादी हुनेः** दफा ३३ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको कसूरमा सजाय हुने मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

## परिच्छेद-८

## विविध

३७. **ओलम्पिक कमिटीः** (१) अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको बडापत्र, उद्देश्य तथा प्रचलित कानून बमोजिम खेलकुद सम्बन्धी कार्य गर्न अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीबाट मान्यताप्राप्त परिषद्‌मा दर्ता भएका एक ओलम्पिक कमिटी, एक पारा ओलम्पिक कमिटी र एक विशेष ओलम्पिक कमिटी रहनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) मा उल्लिखित ओलम्पिक कमिटी बाहेक अन्य प्रकृतिका ओलम्पिक कमिटी गठन गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका ओलम्पिक कमिटीहरु परिषद्‌मा दर्ता हुनु पर्नेछ ।

(४) परिषद्‌मा दर्ता भई अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीबाट मान्यताप्राप्त अन्तर्राष्ट्रिय खेल संघ वा महासंघमा आबद्ध ओलम्पिक कमिटीको विधान अनुसारका राष्ट्रिय खेल संघ वा महासंघ नेपाल ओलम्पिक कमिटीको सदस्य खेल संघ हुनेछन् ।

(५) उपदफा (३) बमोजिम परिषद्‌मा दर्ता हुनको लागि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीबाट मान्यता दिएको कागजात, विधान र तोकिए बमोजिमको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा परिषद्‌मा निवेदन दिनु पर्नेछ ।

(६) परिषद्‌मा दर्ता भएका ओलम्पिक कमिटीले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको बडापत्रको अधीनमा रही देहाय बमोजिम गर्नु पर्नेछः

(क) विधान बमोजिम कमिटीका पदाधिकारीको आवधिक निर्वाचन गर्ने,

(ख) वार्षिक साधारण सभा गर्ने र साधारण सभाबाट पारित लेखापरीक्षण प्रतिवेदन परिषद् समक्ष पेश गर्ने,

(ग) परिषद्को समन्वयमा अन्तर्राष्ट्रियस्तरमा हुने खेलकुद प्रतियोगितामा भाग लिन सदस्य वा खेलाडीलाई पठाउने,

(घ) अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी बाहेक अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट सहयोग प्राप्त गर्नु अघि मन्त्रालय मार्फत् नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिने,

(ङ) परिषद्को समन्वयमा नेपालमा खेलकुद सम्बन्धी विभिन्न गतिविधिहरु सञ्चालन गर्न सक्ने।

(७) ओलम्पिक कमिटी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजि हुनेछ ।

३८. **राष्ट्रिय खेल तोक्नेः** (१) नेपाल सरकारले परिषद्को सिफारिसमा कुनै खेललाई नेपालको राष्ट्रिय खेल तोक्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि नेपाल सरकारले राष्ट्रिय खेलको रुपमा तोकेको भलिबल खेललाई यसै ऐन बमोजिमको राष्ट्रिय खेल मानिनेछ ।

३९. **मौलिक तथा परम्परागत खेल तोक्नेः** मन्त्रालयले परिषद्को सिफारिसमा नेपालमा मौलिक तथा परम्परागत रुपमा खेलिने खेलहरुलाई नेपालको मौलिक तथा परम्परागत खेल तोक्न सक्नेछ ।

४०. **प्रोत्साहन गर्न सक्नेः** (१) राष्ट्रियस्तरमा खेलकुद पूर्वाधार निर्माण, खेलकुदको प्रायोजन र प्रतियोगिता सञ्चालन गर्ने निजी क्षेत्र तथा अन्य संघ संस्थाहरुलाई नेपाल सरकारले प्रोत्साहन गर्न सक्नेछ ।

(२) कम्तीमा बीसजना खेलाडी वा पूर्वखेलाडीलाई रोजगारी दिने संघ संस्था, बाणिज्य वा औद्योगिक प्रतिष्ठानहरुलाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ ।

(३) प्रदेशस्तरमा खेलकुद पूर्वाधार निर्माण, खेलकुदको प्रायोजन र प्रतियोगिता सञ्चालन गर्ने निजी क्षेत्र तथा अन्य संघ संस्थाहरुलाई प्रदेश सरकारले प्रोत्साहन गर्न सक्नेछ ।

(४) स्थानीय तहले खेलकुद पूर्वाधार निर्माण र प्रतियोगिता सञ्चालनमा योगदान गर्ने निजी क्षेत्र तथा अन्य संघ संस्थालाई प्रोत्साहन गर्न सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खेलकुद प्रतियोगिता सञ्चालन गर्दा मदिरा वा सुर्तिजन्य पदार्थको विज्ञापन तथा प्रायोजन गर्न पाइने छैन र त्यस्तो पदार्थसँग सम्बन्धित संस्थालाई प्रोत्साहन गर्न सकिने छैन ।

४१. **<u>निजी स्वार्थ भएको विषयमा भाग लिन नहुने:</u>** परिषद् र समितिका पदाधिकारी, सदस्य वा परिषद्का कर्मचारीहरुले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कारबाहीमा भाग लिनु हुँदैन ।

४२. **<u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने:</u>** (१) परिषद् वा समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) यस दफा बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्याविधि सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत परिषद् वा समितिले तोके बमोजिम हुनेछ ।

४३. **<u>राष्ट्रिय एन्टीडोपिङ एजेन्सी रहने:</u>** (१) खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध कार्य गर्न एक राष्ट्रिय एन्टीडोपिङ एजेन्सी रहनेछ ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय एण्टिडोपिङ एजेन्सीको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. **<u>नेपाल सरकारको स्वीकृति लिनु पर्ने:</u>** (१) परिषद्ले विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा मन्त्रालय मार्फत् नेपाल सरकारको सहमति लिनु पर्नेछ ।

(२) राष्ट्रिय खेल संघ वा प्रदेश र स्थानीयस्तरका खेल सम्बन्धी संस्था वा निकाय तथा संघले विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा परिषद् मार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

४५. **<u>स्वीकृति लिन पर्ने:</u>** (१) निजी क्षेत्र वा अन्य संघ संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना वा सञ्चालन गर्नु अघि सम्बन्धित खेलसंघ बा महासंघको सिफारिस सहित परिषद्को स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी परिषद्ले मन्त्रालयलाई दिनु पर्नेछ ।

४६. **<u>वार्षिक प्रतिवेदन:</u>** (१) राष्ट्रिय खेल संघ वा महासंघले प्रत्येक वर्ष आफूले सम्पादन गरेका काम, कारबाही तथा आय-व्ययको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी त्यस्तो आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र परिषद्मा पेश गर्नु पर्नेछ ।

(२) परिषद्ले प्रत्येक वर्षको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद्ले वर्ष भरिमा सम्पादन गरेका काम, उपलब्धि, त्यस्ता कामको लागि गरेको खर्च, परिषद्को कोष तथा स्रोत साधनको अवस्था, खेलकुदको क्षेत्रमा देखिएका समस्या र सोको समाधानका उपाय तथा प्रत्येक संघले गरेका मुख्य काम कारबाही, आय र व्ययको संक्षिप्त विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको परिषद्को बार्षिक प्रतिवेदन अध्यक्षले संरक्षक समक्ष पेश गर्नेछ ।

(५) संघ तथा परिषद्ले उपदफा (१) वा (२) बमोजिम पेश गरेको प्रतिवेदन मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ ।

४७. **खेलकुद अनुशासित रुपमा सञ्चालन गर्नु पर्ने:** खेलकुद क्षेत्र निष्पक्ष, तटस्थ, राष्ट्रिय एकता एवं गौरवको क्षेत्र हुनेछ । यसको सञ्चालन तथा व्यवस्थापन गर्दा अन्तर्राष्ट्रिय मापदण्ड, मूल्य मान्यता र राष्ट्रिय संस्कृति एवं राष्ट्रिय हितलाई मध्यनजरमा राखी अनुशासित रुपमा सञ्चालन गर्नु, गराउनु पर्नेछ ।

४८. **खेलकुद पूर्वाधार निर्माणः** (१) तोकिए बमोजिमका ठूला तथा राष्ट्रिय स्तरका खेलकुद पूर्वाधारको निर्माण एवं मर्मत सम्भार मन्त्रालय आफैले गर्न वा परिषद् मार्फत् गराउन सक्नेछ ।

(२) प्रदेश स्तरीय पूर्वाधारहरुको निर्माण प्रदेशबाट र स्थानीयस्तरका पूर्वाधारहरुको निर्माण स्थानीय तहबाट गरिनेछ ।

(३) खेलकुद पूर्वाधार निर्माण, विकास तथा प्रतियोगिता सञ्चालन गर्न आवश्यकता अनुसार निजी क्षेत्र, गैरसरकारी, सहकारी र सामुदायिक संघ, संस्थासँग साझेदारी गर्न सकिनेछ ।

(४) खेलकुद पूर्वाधार निर्माण विकास तथा प्रतियोगिता सञ्चालन गर्न प्रचलित कानून बमोजिम अन्तर्राष्ट्रिय लगानीलाई अनुमति एवं प्रोत्साहन दिन सकिनेछ ।

(५) निजी क्षेत्र, गैरसरकारी, सहकारी र सामुदायिक संघ, संस्थाले निर्माण तथा सञ्चालन गर्ने पूर्वाधारहरुको मापदण्ड परिषद्को सिफारिसमा मन्त्रालयले तोक्न सक्नेछ ।

(६) खेलकुद क्षेत्रमा सार्वजनिक निजी क्षेत्र, गैरसरकारी, सहकारी र सामुदायिक संघ, संस्थासँगको साझेदारी तथा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४९. **समन्वय र सहकार्यः** (१) खेलकुद पूर्वाधारहरुको विकास र व्यवस्थापन तथा प्रतियोगिता सञ्चालनमा संघ, प्रदेश र स्थानीय तहबीच आपसमा सहकार्य र समन्वय गर्नु पर्नेछ । अन्तर्राष्ट्रिय र राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन हुँदा सबै तहले प्राथमिकता दिनु पर्नेछ ।

(२) खेलकुद क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य लगायतका अन्य विषय तोकिए बमोजिम हुनेछ ।

५०. **खेलाडी कल्याणकारी कोष:** (१) खेलाडी तथा प्रशिक्षकहरुको सामाजिक सुरक्षा बिमा आकस्मिक उद्धार, उपचार एवं पुनः स्थापनाका लागि परिषद्मा खेलाडी कल्याणकारी कोषको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोष अक्षय कोषको रुपमा रहनेछ ।

(३) उपदफा (१) बमोजिमको कोष सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **निर्देशन दिन सक्ने:** (१) मन्त्रालयले खेलकुदको विकास र सुधारको विषयमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

५२. **अधिकार प्रत्यायोजन:** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, कुनै सदस्य वा परिषद् को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) सदस्य-सचिवले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५३. **नेपाल सरकारसँग सम्पर्क:** परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ ।

५४. **नियम बनाउन सक्ने:** यो ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

५५. **विनियम बनाउने अधिकार:** (१) यो ऐनको अधीनमा रही परिषद्ले परिषद्को कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विनियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने विषयमा परिषद्ले मन्त्रालय मार्फत् नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद्ले बनाएको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

५६. **आचारसंहिता बनाई लाग गर्ने:** (१) परिषद्ले परिषद्, समिति, संघ, संघका पदाधिकारी तथा परिषद्का कर्मचारी, खेलाडी, प्रशिक्षक, खेल व्यवस्थापक, रेफ्री तथा खेल आयोजकले पालना गर्नु पर्ने विषयका सम्बन्धमा आचारसंहिता बनाई लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आचारसंहिताको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

५७. **ऐन कार्यान्वयन मापन :** यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षपछि मन्त्रालयले ऐन कार्यान्वयनको प्रभाव सम्बन्धमा मापन गर्नेछ ।

५८. **खारेजी र बचाउः** (१) खेलकुद विकास ऐन, २०४८ खारेज गरिएको छ ।

(२) खेलकुद विकास ऐन, २०४८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) खेलकुद विकास ऐन, २०४८ बमोजिम स्थापित राष्ट्रिय खेलकुद परिषद्को चल-अचल सम्पत्ति तथा दायित्व परिषद्मा सर्नेछ र सो परिषद्मा कार्यरत कर्मचारीहरु यस ऐन बमोजिमको परिषद्को कर्मचारीको रुपमा रहने छन् ।

# राष्ट्रिय युवा परिषद् ऐन, २०७२

<u>**प्रमाणीकरण र प्रकाशन मिति**</u>
२०७२।०४।२७

<u>**संशोधन गर्ने ऐन**</u>

**केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२** २०७२।११।१३

**सम्वत् २०७२ को ऐन नं. ३**

## <u>राष्ट्रिय युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>**प्रस्तावना**</u> : युवाको हक हितको संरक्षण र सम्बर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवालाई सशक्तीकरण गरी युवा सम्बन्धी विषयको नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकता अनुसार उनीहरुलाई संलग्न गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भ**</u> : (१) यस ऐनको नाम "राष्ट्रिय युवा परिषद् ऐन, २०७२" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको एकानब्बेऔं दिन देखि प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषा**</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "जिल्ला युवा समिति" भन्नाले दफा ११ बमोजिमको जिल्ला युवा समिति सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको ♣<u>नियम वा विनियममा</u> तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

♣ केही नेपाल ऐन सशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

(ङ) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(छ) "युवा" भन्नाले सोह्र वर्षदेखि चालीस वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनु पर्छ ।

(ज) "विशेष समुदायको युवा" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, अपाङ्गता भएका वा सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा सम्झनु पर्छ ।

(झ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ञ) "समिति" भन्नाले दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

### परिषद्को स्थापना

३. **परिषद्को स्थापना :** (१) युवाको हक हितको संरक्षण र संवर्द्धन गर्ने काम समेतका लागि राष्ट्रिय युवा परिषद् स्थापना गरिएको छ ।

(२) परिषद्को केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(३) परिषद्ले आवश्यकता अनुसार काठमाडौं उपत्यका बाहिर पनि आफ्नो कार्यालय खोल्न सक्नेछ ।

४. **परिषद् स्वशासित र संगठित संस्था हुने :** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच विखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

तर परिषद्ले अचल सम्पत्ति बेच विखन गर्नु अघि नेपाल सरकारको स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) परिषद्ले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

## परिच्छेद-३

## परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

५. **परिषद्को गठन :** (१) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) युवा तथा खेलकुद मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(ख) नेपाल सरकारले मनोनीत गरेको व्यक्ति -उपाध्यक्ष

(ग) सचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सचिव, उद्योग मन्त्रालय -सदस्य

(ङ) सचिव, कृषि विकास मन्त्रालय -सदस्य

(च) सचिव, युवा तथा खेलकुद मन्त्रालय -सदस्य

(छ) सचिव, श्रम तथा रोजगार मन्त्रालय -सदस्य

(ज) सचिव, शिक्षा मन्त्रालय -सदस्य

(झ) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

(ञ) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय -सदस्य

(ट) युवा सम्बन्धी विभिन्न संघ, संस्थाबाट प्रतिनिधित्व हुने गरी चार जना -सदस्य

(ठ) युवाको हक, हितको संरक्षण र सम्बर्द्धनमा विशेष योगदान पुऱ्याएका युवाहरू मध्येबाट आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक समुदाय वा पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व हुने पन्ध्र जना -सदस्य

(ड) उद्योग, श्रम, कृषि, खेलकुद, विज्ञान, प्रविधि तथा वातावरण, साहित्य तथा कलाको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी छ जना -सदस्य

(२) उपदफा (१) को खण्ड (ट), (ठ) र (ड) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा मन्त्रालयले गर्नेछ र त्यसरी मनोनयन गर्दा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व गराइनेछ ।

(३) परिषद्को वरिष्ठतम कर्मचारीले परिषद्को सदस्य-सचिवको रुपमा काम गर्नेछ ।

(४) मनोनीत सदस्यहरुको पदावधि चार बर्षको हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको भनी परिषद्ले निर्णय गरेमा मन्त्रालयले निजलाई जनुसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम मनोनीत सदस्यहरुलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

६. **परिषद्को काम,कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(ख) नेपाल सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा मुलुक निर्माणमा केन्द्रित भई अघि बढ्न उत्प्रेरित गर्ने,

(च परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने,

(ज) परिषद्को लागि आवश्यक कर्मचारीको दरबन्दी संख्या निर्धारण गर्ने,

(झ) तोकिए बमोजिमका काम गर्ने, गराउने ।

७. **परिषद्को बैठक र निर्णय :** (१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ।

तर दुई बैठक बीचको अन्तर सामान्यतया तीन महिना भन्दा बढी हुने छैन ।

(२) परिषद्को बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३)परिषद्कोबैठकहुनुभन्दाकम्तीमाअठ्चालीसघण्टा अगावै बैठकमाछलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सदस्य-सचिवले सदस्यहरुलाई दिनेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय उपाध्यक्षले प्रमाणित गरी राख्नेछ ।

(८) परिषद्ले आवश्यक ठानेमा परिषद्को कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

८. **समितिको गठन :** (१) परिषद्को कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) उपाध्यक्ष -अध्यक्ष

(ख) मन्त्रालयले तोकेको सो मन्त्रालयको युवा कार्यक्रम हेर्ने सहसचिव -सदस्य

(ग) परिषद्का सदस्यहरु मध्येबाट कम्तीमा दुईजना महिला रहने गरी परिषद्ले मनोनीत गरेका चारजना -सदस्य

(घ) परिषद्को वरिष्ठतम कर्मचारी -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ ।

९. **<u>समितिको बैठक र निर्णय :</u>** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षको अनुपस्थितिमा सदस्य-सचिवले समितिका सदस्यहरुसँग परामर्श गरी तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्न सक्नेछ ।

(४) समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले समितिका सदस्यहरुलाई दिनेछ ।

(५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नेछ ।

(९) समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **<u>समितिको काम, कर्तव्य र अधिकार :</u>** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ख परिषद्सँग आवद्ध हुन चाहने संघ, संस्थालाई आवद्धता प्रदान गर्ने सम्बन्धी शर्त, विधि र प्रक्रिया निर्धारण गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ग) परिषद्बाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तीकरण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) युवालाई विकासको मूलप्रवाहमा परिचालन गर्न अभियानमूलक कार्य सञ्चालन गर्ने, गराउने,

(ङ) युवाका लागि स्वरोजगार प्रवर्द्धन तथा उद्यमशीलता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(च) युवालाई विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गर्ने, गराउने,

(छ) युवालाई राष्ट्रिय विकासमा समाहित गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ज) युवा विकास तथा युवा परिचालन सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(झ) युवालाई आत्मनिर्भर हुन सहयोग पुग्ने किसिमका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ञ) युवालाई नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने,

(ट) परिषद्बाट सम्पादन गरिने कार्य मितव्ययी र प्रभावकारी ढंगबाट सम्पादन गर्न तथा वित्तीय उत्तरदायित्व प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्ने,

(ठ) युवा सम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने,

(ड) युवा सम्बन्धी सूचनाको व्यवस्थापन गर्ने तथा एकीकृत तथ्याङ्क तयार गर्ने,

(ढ) युवा सम्बन्धी संघ, संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने,

(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद-५

## <u>जिल्ला युवा समिति</u>

११. **<u>जिल्ला युवा समितिको गठन :</u>** (१) जिल्लास्तरमा युवा सम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्ने काम समेतको लागि प्रत्येक जिल्लामा एक जिल्ला युवा समिति रहनेछ ।

(२) जिल्ला युवा समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी स्थानीय तहमा युवाको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरी विशेष योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट परिषद्ले मनोनीत गरेको व्यक्ति -अध्यक्ष

(ख) महिला तथा बालबालिका कार्यालयको प्रमुख -सदस्य

(ग) ♣जिल्ला समन्वय समितिको प्रतिनिधि -सदस्य

(घ) जिल्ला शिक्षा कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ङ) परिषद्मा आवद्ध युवा सम्बन्धी स्थानीय संघ, संस्थाहरुमध्येबाट एक जना प्रतिनिधि -सदस्य

(च) युवाको हक, हितको संरक्षण र सम्वर्द्धन वा समाज सेवाको क्षेत्रमा विशेष योगदान पुऱ्याएका युवाहरुमध्येबाट मनोनीत तीनजना -सदस्य

(छ) जिल्ला युवा समितिको कार्यालय प्रमुख -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा परिषद्ले गर्नेछ र त्यसरी मनोनयन गर्दा कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व गराइनेछ ।

(४) जिल्ला युवा समितिको अध्यक्ष तथा मनोनीत सदस्यहरुको पदावधि चार बर्षको हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला युवा समितिको अध्यक्ष वा मनोनीत कुनै सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको देखिएमा परिषद्ले त्यस्तो अध्यक्ष वा सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(६) जिल्ला युवा समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(७) जिल्ला युवा समितिको कार्यालय परिषद्ले तोकेको स्थानमा रहनेछ ।

♣ केही नेपाल ऐन सशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

१२. **जिल्ला युवा समितिको काम, कर्तव्य र अधिकार :** जिल्ला युवा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्बाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने, गराउने,

(ख) स्थानीय निकाय, युवा सम्बन्धी संघ, संस्था, गैरसरकारी संस्था तथा निजी क्षेत्रको साझेदारीमा जिल्लास्तरमा युवा सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

(ग) स्थानीयस्तरमा सञ्चालन हुने युवासम्बन्धी कार्यक्रमको समन्वय एवं सहजीकरण गर्ने,

(घ) युवा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीयस्तरमा स्रोत साधन जुटाउने,

(ङ) विशेष समुदायका युवालाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(च) परिषद्ले तोके बमोजिमको काम गर्ने, गराउने ।

## परिच्छेद-६

## परिषद्सँग आवद्धता र कार्यक्रम सञ्चालन

१३. **युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्ने :** (१) युवाको हक, हितको संरक्षण गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका युवा सम्बन्धी कुनै संघ वा संस्था परिषद्मा आवद्ध हुन चाहेमा देहायको विवरण खुलाई परिषद् समक्ष निवेदन दिनु पर्नेछः-

(क) संघ वा संस्थाको नाम,

(ख) संघ वा संस्थाको उद्देश्य,

(ग) संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि,

(घ) संघ वा संस्थाको कार्य समितिको सदस्यहरुको नाम र ठेगाना ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा सम्बन्धित संघ वा संस्थाको विधान समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त निवेदन सहितका कागजात जाँचबुझ गर्दा निवेदकको माग बमोजिम त्यस्तो संघ वा संस्थालाई परिषद्सँग आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा परिषद्ले तोकिए बमोजिमको दस्तुर लिई सो संघ वा संस्थालाई परिषद्सँग आवद्धता प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषद्मा आवद्ध भएका युवा सम्बन्धी संघ वा संस्थाले आफ्नो आवद्धता कायमै राख्न चाहेमा प्रत्येक पाँच वर्षमा तोकिए बमोजिमको दस्तुर परिषद्मा बुझाई नवीकरण गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम परिषद्सँग आवद्ध भएका युवा सम्बन्धी संघ वा संस्थाले आफूले वर्षभरि गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(६) युवा सम्बन्धी संघ वा संस्थाको आवद्धता नवीकरण, आवद्धता रद्द र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **कार्यक्रम सञ्चालन गर्ने :** दफा १३ बमोजिम परिषद्सँग आवद्ध भएका युवा सम्बन्धी संघ, संस्थाले आफ्नो विधानको अधीनमा रही वेरोजगार युवालाई विभिन्न ज्ञान र सीप सम्बन्धी तालीम प्रदान गर्ने, युवालाई सशक्तिकरण गर्ने र पिछडिएको समुदाय वा वर्गको युवाको हक, हितको संरक्षण हुने विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-७

## उपाध्यक्ष तथा कर्मचारी

१५. **उपाध्यक्ष सम्बन्धी व्यवस्था :** (१) नेपाल सरकारले परिषद्को कार्यकारी प्रमुखको रुपमा काम गर्न दफा २० बमोजिमको समितिको सिफारिसमा उपाध्यक्षको नियुक्ति गर्नेछ ।

(२) उपाध्यक्षले नेपाल सरकारले तोके बमोजिमको पारिश्रमिक र सुविधा पाउनेछ ।

(३) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेमा, पदीय जिम्मेवारी पूरा नगरेमा वा परिषद्लाई हानी नोक्सानी पुर्‍याएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम उपाध्यक्षलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(६) उपाध्यक्षको सेवाको अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

१६. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्तउपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्‌बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) परिषद्‌को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ग) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्‌बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(ङ) परिषद्‌को कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१७. **कर्मचारी सम्बन्धी व्यवस्था :** (१) परिषद्‌को कार्यसञ्चालन गर्न परिषद्‌ले स्वीकृत गरे बमोजिमको संगठन संरचना र कर्मचारीको दरवन्दी अनुसारका कर्मचारीहरु रहनेछन् ।

(२) परिषद्‌का कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (२) बमोजिमका कर्मचारी नियुक्त नभएसम्मको लागि परिषद्‌को अनुरोधमा मन्त्रालयले नेपाल सरकारको कुनै कर्मचारीलाई परिषद्‌मा काम गर्ने गरी खटाउन सक्नेछ ।

## परिच्छेद-८

## परिषद्‌को कोष

१८. **परिषद्‌को कोष :** (१) परिषद्‌को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संघ, संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) युवा सम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्दा वा नवीकरण गर्दा प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्‌ले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) परिषद्‌को नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(५) परिषद्को कोषमा रहने सम्पूर्ण रकम परिषद्ले तोकेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(६) परिषद्को कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१९. **लेखा र लेखापरीक्षण :** (१) परिषद्ले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण परिषद्ले नियुक्त गरेको लेखापरीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) मन्त्रालयले परिषद्को आय व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुक बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद-९

## विविध

२०. **सिफारिस समिति :** (१) नेपाल सरकारले उपाध्यक्षको पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न मन्त्रालयका सचिवको अध्यक्षतामा अन्य दुईजना विज्ञ रहेको तीन सदस्यीय एक सिफारिस समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी युवाको हक, हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा सात बर्ष काम गरेका प्रतिष्ठित व्यक्तिहरुमध्येबाट उपाध्यक्षको पदमा नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सिफारिस समितिको बैठकलगायत सिफारिस गर्दा अवलम्बन गर्नुपर्ने अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. **भाग लिन नहुने :** परिषद्, समिति र जिल्ला युवा समितिको कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

२२. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने :** (१) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो उपसमिति वा कार्यदल गठन गर्दाका बखत समितिले तोके बमोजिम हुनेछ ।

२३. **पारिश्रमिक, सुविधा तथा बैठक भत्ता :** (१) जिल्ला समितिको अध्यक्षले पाउने सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) परिषद्का अध्यक्ष, उपाध्यक्ष र सदस्य, जिल्ला समितिका अध्यक्ष र सदस्य तथा दफा २२ बमोजिमको उपसमिति वा कार्यदलका सदस्यले बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

२४. **वार्षिक प्रतिवेदन :** (१) जिल्ला युवा समितिले आफूले वर्षभरि गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र परिषद्समक्ष पेश गर्नु पर्नेछ ।

(२) परिषद्ले आफूले वर्षभरि गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय मार्फत नेपाल सरकारसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद् र जिल्ला युवा समितिले वर्षभरिमा सम्पादन गरेका कामहरु र तिनको उपलब्धी, त्यस्ता कामको लागि गरेको खर्च, परिषद्को कोषको तथा स्रोत साधनको अवस्था, परिषद्बाट भएका अन्य काम कारवाही तथा युवाको क्षेत्रमा देखिएका समस्या र सोको समाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ ।

(४) परिषद्ले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धी एवं गरेको अन्य काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नु पर्नेछ ।

२५. **निर्देशन दिन सक्ने :** (१) नेपाल सरकारले परिषद्को काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

२६. **अधिकार प्रत्यायोजन :** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समिति, अध्यक्ष वा उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, कुनै सदस्य, सदस्य-सचिव वा परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **शपथ :** परिषद्, समिति र जिल्ला युवा समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिम शपथ लिनु पर्नेछ ।

२८. **सहयोग गर्नु पर्ने :** परिषद्, समिति र जिल्ला युवा समितिको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोगगर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२९. **परिषद्को विघटन :** (१) परिषद्ले यस ऐनको उद्देश्य बमोजिम काम गर्न नसकेमा नेपाल सरकारले जुनसुकै बखत परिषद् विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद् विघटन भएमा परिषद्को चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।

३०. **नेपाल सरकारसँग सम्पर्क :** परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३१. **नियम बनाउने अधिकार :** यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

३२. **विनियम बनाउने अधिकार :** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम बनाउँदा परिषद्ले मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

# राष्ट्रिय युवा परिषद् नियमावली, २०७३

**प्रकाशित मिति**

२०७३/०४/०४

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "राष्ट्रिय युवा परिषद् नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय युवा परिषद् ऐन, २०७२ सम्झनु पर्छ ।

(ख) "विनियम" भन्नाले ऐनका दफा ३२ बमोजिम परिषद्ले बनाएको विनियम सम्झनु पर्छ ।

## परिच्छेद- २

### परिषद् तथा समितिको काम, कर्तव्य र अधिकार

३. **परिषद्को काम, कर्तव्य र अधिकार :** ऐनको दफा ६ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्सँग आवद्ध हुन चाहने संघ वा संस्थालाई आवद्धता प्रदान गर्ने सम्बन्धी शर्त र प्रक्रिया स्वीकृत गर्ने,

(ख) युवा सूचना केन्द्र सञ्चालन सम्बन्धी आवश्यक नीति तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) दुर्व्यसनमा लागेका युवालाई पुनःस्थापना गर्न तत्सम्बन्धी संघ वा संस्थासँग सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

४. **समितिको काम, कर्तव्य र अधिकार :** ऐनको दफा १० मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिले सञ्चालन गर्नुपर्ने कार्यक्रम तयार गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ख) युवाको आर्थिक, सामाजिक, राजनीतिक, एवं सांस्कृतिक सशक्तिकरणका लागि सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) युवाको नेतृत्व विकास, वैयक्तिक र सामाजिक क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) युवा सूचना केन्द्र सञ्चालन सम्बन्धी नीति तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि परिषद् समक्ष पेश गर्ने,

(ङ) युवाको मनोवृत्तिमा सकारात्मक परिवर्तन गर्न युवा जागरण तथा सचेतना अभियान सञ्चालन गर्ने, गराउने,

(च) युवाको मनोवल तथा उत्प्रेरणा अभिवृद्धि गराउन आवश्यक युवा कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा रचनात्मक कार्य गरी ख्याति प्राप्त युवा तथा युवाको विकास र समाजसेवाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने संघ वा संस्थालाई सम्मान गर्ने,

(ज) युवालाई हिंसा, दुर्व्यसन र कुलतमा लाग्न नदिनको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(झ) युवामा उद्यमशीलताको विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने ,

(ञ) युवासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने सरकारी तथा गैर सरकारी संघ वा संस्थासँग आवश्यक समन्वय गर्ने,

५. **जिल्ला युवा समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) जिल्ला युवा समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) जिल्ला युवा समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) जिल्ला युवा समितिको बैठक हुनु भन्दा कम्तीमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिका सदस्य-सचिवले सदस्यहरुलाई दिनेछ ।

(४) जिल्ला युवा समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा जिल्ला युवा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) जिल्ला युवा समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) जिल्ला युवा समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) जिल्ला युवा समितिले कुनै पदाधिकारी वा विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(८) जिल्ला युवा समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) जिल्ला युवा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद- ३

## युवा सम्बन्धी संघ वा संस्थाको आवद्धता सम्बन्धी व्यवस्था

६. **युवा सम्बन्धी संघ वा संस्थाको आवद्धता तथा नवीकरण सम्बन्धी व्यवस्था :** (१) ऐनको दफा १३ बमोजिम परिषद्मा आवद्ध हुन चाहने संघ वा संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर परिषद्ले आवश्यक जाँचबुझ गर्दा निवेदक संघ वा संस्थालाई परिषद्मा आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा तीन हजार रुपैयाँ दस्तुर लिई अनुसूची- २ बमोजिमको ढाँचामा आवद्धताको प्रमाणपत्र दिनेछ ।

(३) परिषद्सँग आवद्ध भएका संघ वा संस्थाले आफ्नो आवद्धता कायमै राख्न चाहेमा त्यस्तो आवद्धताको अवधि सकिनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै नवीकरणको लागि अनुसूची-३ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिने निवेदनसाथ देहायका कागजात संलग्न गर्नु पर्नेछ :

(क) संघ वा संस्थाको नवीकरण वहाल रहने अवधि पुष्टि गर्ने प्रमाणको प्रतिलिपि,

(ख) संघ वा संस्थाको वार्षिक लेखापरीक्षण प्रतिवेदन,

(ग) परिषद्ले तोकेको अन्य कागजात ।

(५) उपनियम (३) बमोजिम आवद्धता नवीकरण गराउनका लागि दिएको निवेदन सहितको कागजात जाँचबुझ गर्दा परिषद्ले उपयुक्त देखेमा तीन हजार रुपैंया नवीकरण दस्तुर लिई युवा सम्बन्धी संघ वा संस्थाको आवद्धता नवीकरण गरिदिनेछ ।

(६) उपनियम (३) बमोजिमको अवधि भित्र आवद्धता नवीकरण गराउन नसकेको संघ वा संस्थाले त्यसको मनासिव कारण देखाई सो अवधि समाप्त भएको मितिले तीन महिना भित्र नवीकरणको लागि अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिएमा र त्यसरी दिएको निवेदन जाँचबुझ गर्दा मनासीव देखिएमा परिषद्ले उपनियम (५) बमोजिम लाग्ने नवीकरण दस्तुर र त्यस्तो दस्तुरको पचास प्रतिशत थप दस्तुर लिई त्यस्तो संघ वा संस्थाको आवद्धता नवीकरण गरिदिनुपर्नेछ ।

७. **आवद्धता रद्द गर्न सक्ने:** (१) देहायको अवस्थामा परिषद्मा आवद्ध भएका संघ वा संस्थाको आावद्धता स्वतः रद्द मानिनेछ ।

(क) प्रचलित कानुन बमोजिम संघ वा संस्थाको विघटन भएमा वा

(ख) निमय ६ बमोजिम आवद्धता नवीकरण नगराएमा ।

(२) देहायको अवस्थामा परिषद्ले आफुसंग आवद्ध भएका संघ वा संस्थाको आवद्धता रद्द गर्न सक्नेछः-

(क) वार्षिक लेखापरीक्षण नगराएमा,

(ख) संघ वा संस्थाको विधानमा संशोधन भई युवाको क्षेत्रमा कार्य क्षेत्र नरहने भएमा,

(ग) संघ वा संस्थाको रकम हिनामिना गरेमा,

(घ) आफ्नो उद्धेश्य अनुरुप कामकारवाही गरेको नपाएमा,

(ङ) परिषद्को हित विपरितको कुनै कार्य गरेमा वा परिषद्लाई हानीनोक्सानी पुऱ्याएमा,

(च) परिषद्ले आवद्धता दिदांको शर्त तथा परिषद्को सहयोग र सहकार्यमा गरिने कुनै कामको सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा ।

(३) उपनियम (२) बमोजिम आवद्धता रद्द गर्नु अघि परिषद्ले सम्बन्धित संघ वा संस्थालाई आवद्धता रद्द गर्नु नपर्ने कुनै आधार र कारण भए त्यस्तो आधार र कारण पेश गर्न मनासिव समय दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिएको समय भित्र आधार र कारण पेश नगरेमा वा पेश गरेका आधार र कारण सन्तोषजनक नभएमा त्यस्तो संघ वा संस्थाको आवद्धता उपनियम(२) बमोजिम रद्द गरिनेछ ।

८. **हिसाबको विवरण राख्नु पर्नेः** (१) परिषद्मा आवद्ध संघ वा संस्थाले आफुलाई प्राप्त रकमको खर्चका हिसाबको विवरण राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको हिसाबको विवरण परिषद्ले तोकेको समय भित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ ।

(३) परिषद्ले जनुसुकै बखत आफुसँग आवद्ध संघ वा संस्थाको उपनियम (१) बमोजिम राखेको हिसाबको विवरण जाँच गर्न गराउन सक्नेछ ।

(४) परिषद्ले उपनियम (३) बमोजिम संघ वा संस्थाको हिसाबको विवरण जांच गर्दा गराउँदा कुनै अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब रीत पुऱ्याई नियमित गर्न लगाउने र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न गराउन आवश्यक निर्देशन दिनेछ ।

## परिच्छेद- ४

## विविध

९. **संगठन संरचना तथा कर्मचारी सम्बन्धी व्यवस्था** (१) परिषद्को संगठन संरचना तथा परिषद्को कार्य सम्पादनको लागि आवश्यक कर्मचारीको दरबन्दी विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) परिषद्का कर्मचारीको नियुक्ति सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम परिषद्का कर्मचारीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्दा अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

१०. **उपाध्यक्षको सेवाको शर्त :** (१) उपाध्यक्ष परिषद्को पुरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ ।

(२) उपाध्यक्षले परिषद्को कामको सिलसिलामा नेपालभित्र वा बाहिर जानु पर्दा परिषद्को अध्यक्षबाट स्वीकृति लिनु पर्नेछ ।

(३) कुनै कारणबाट उपाध्यक्ष परिषद्मा उपस्थित हुन नसक्ने भएमा परिषद्को अध्यक्षबाट स्वीकृत लिनु पर्नेछ ।

(४) उपाध्यक्षको पारिश्रमिक सुविधा तथा सेवाको अन्य शर्त नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** ऐनको दफा १६ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उपाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को प्रमुख पदाधिकारीको हैसियतले परिषद्को दैनिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने,

(ख) परिषद्सँग आवद्ध संघ वा संस्था तथा परिषद्सँग सहकार्य गरेका विदेशी सरकारी एवं गैर सरकारी संघ संस्थासंग युवा सम्बन्धी कार्यक्रम सञ्चालनको लागि समन्वय गर्ने,

(ग) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) परिषद्मा पेश हुने प्रस्तावहरु तयार गर्ने, गराउने,

(ङ) अध्यक्ष वा परिषद्ले दिएको निर्देशन बमोजिम कार्यहरु गर्ने, गराउने,

(च) परिषद्बाट भएका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(छ) जिल्ला युवा समितिको काम कारवाही सम्बन्धमा आवश्यक समन्वय गर्ने तथा त्यस्तो समितिको काममा निर्देशन दिने ।

१२. **अधिकार प्रत्यायोजन :** उपाध्यक्षले ऐन तथा यस नियमावली बमोजिम आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार कुनै अधिकार परिषद्को सदस्य वा अधिकृतस्तरको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. **परिषद्को कोषको सञ्चालन :** परिषद्को कोषको खाता सञ्चालन परिषद्को लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारी र उपाध्यक्ष वा निजले तोकेको अधिकृत कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. **सुविधा तथा बैठक भत्ता :** (१) जिल्ला युवा समितिको अध्यक्षले सुविधाको रुपमा मासिक बीस हजार रुपैयाँ पाउनेछन् ।

(२) परिषद्का अध्यक्ष, उपाध्यक्ष र सदस्य, जिल्ला युवा समितिका अध्यक्ष, सदस्य तथा ऐनको दफा २२ बमोजिमको उपसमिति वा कार्यदलका सदस्यले बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन ।

१५. **शपथ** : परिषद्, समिति र जिल्ला युवा समितिका पदेन सदस्य बाहेक अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-४ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

**अनुसूची-१**

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

**राष्टिय युवा परिषद्‌मा आवद्धताको लागि दिइने निवेदनको ढाँचा**

मितिः......................

श्री राष्ट्रिय युवा परिषद्

त्रिपुरेश्वर, काठमाण्डौ ।

**विषयः– परिषद्‌मा आवद्ध हुन पाऊँ ।**

राष्टिय युवा परिषद् ऐन, २०७२ को दफा १३ को उपदफा (१) तथा राष्ट्रिय युवा परिषद् नियमावली २०७३ को नियम ६ को उपनियम (१) बमोजिम परिषद्‌सँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु । परिषद्‌सँग आवद्धता भए वापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छु ।

१. संघ वा संस्थाको नाम :

२. संघ वा संस्थाको ठेगाना :

(क) गाउँ विकास समिति/नगरपालिका : ...................................................

(ख) जिल्ला : .................................. (ग) फोन नम्बर :........................

(घ) फ्याक्स न. .................................. (ङ) इमेल :............................

(च) वेभसाईट : ...............................................................................

३. संघ वा संस्थाको उद्देश्य :

(क)

(ख)

(ग)

(घ)

(ङ)

४. संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि :

५. संघ वा संस्थाको कार्य समितिका सदस्यहरूको नाम र ठेगाना :

(क)

(ख)

(ग)

(घ)

(ङ)

६. **संलग्न कागजातहरु :**

(क) संघ वा संस्था दर्ताको प्रमाणपत्र :

(ख) निवेदक संघ वा संस्थाको विधानको प्रतिलिपि :

(ग) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन :

(घ) संघ वा संस्थाको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपि :

संस्थाको छाप :

निवेदकको :-

नाम, थर :

दस्तखत :

पद :

संघ वा संस्थाको नाम :

ठेगाना :

## अनुसूची – २

**(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)**

**राष्ट्रिय युवा परिषद्मा आवद्ध संघ तथा संस्थाको प्रमाणपत्रको ढाँचा**

### राष्ट्रिय युवा परिषद्

**आवद्धताको प्रमाण-पत्र**

राष्ट्रिय युवा परिषद्सँग आवद्ध हुन पाऊँ भनी .................................................. (संघ वा संस्थाको नाम र ठेगाना) ले मिति .............................. मा दिएको निवेदन उपर कारवाही हुँदा राष्ट्रिय युवा परिषद्को मिति .......................... को निर्णयानुसार त्यस संघ वा संस्थालाई राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा १३ तथा राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ को नियम ६ को उपनियम (२) बमोजिम परिषद्सँग आवद्ध गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

१. आवद्धता नम्बरः

२. आवद्धता कायम रहने अवधिः : यो आवद्धताको नवीकरण गराएको अवस्थामा वाहेक मिति ...................... सम्म कायम रहनेछ ।

प्रमाण-पत्र जारी गर्ने अधिकारीका

परिषद्को छाप

नाम, थर :-

पद :-

मिति :-

**पछाडीपट्टी**

**नवकिरण सम्बन्धी विवरणः**

| सि.नं. | नवीकरण गर्ने कर्मचारी | दर्जा | दस्तखत | मिति | जारी अवधि | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूची–३**

(**नियम ६ को उपनियम** (३) **र** (६) **सँग सम्बन्धित**)

**आवद्धता नवीकरण गराउनको लागि दिने निवेदनको ढाँचा**

मितिः ......................

श्री राष्ट्रिय युवा परिषद्,

............................................ ।

**विषयः आवद्धता नवीकरण गरी पाऊँ ।**

यस संघ/संस्थाले मिति ....................................... मा राष्ट्रिय युवा परिषद्सँग लिएको आवद्धताको कायम रहने अवधि मिति .......................................... मा समाप्त हुने भएकोले राष्ट्रिय युवा परिषद् नियमावली २०७३ को नियम ६ को उपनियम (३) बमोजिम मिति .................................. देखि आवद्धता कायम रहने अवधि समाप्त भएको र ........................................ कारणले गर्दा समयमा नै आवद्धता नवीकरण गराउने असमर्थ भएकोले सोही नियमको उपनियम (६) बमोजिम नवीकरणका लागि यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरुः**

क. परिषद्मा आवद्ध भएको प्रमाणपत्रको सक्कलै र एक प्रति प्रतिलिपि

ख. पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन

ग. संघ वा संस्थाको नवीकरण वहाल रहने अवधि देखिने प्रमाणपत्रको प्रतिलिपि

घ. पछिल्लो दुई वर्षमा सम्पादन गरेका मुख्य मुख्य कार्यको विवरण

**संस्थाको छाप**

**निवेदककोः**

नाम थरः

दस्तखतः

पदः

संघ वा संस्थाको नामः

ठेगानाः

**अनुसूची–४**

(**नियम १५ सँग सम्बन्धित**)

**शपथ**

म.............................................. (शपथ लिने व्यक्तिको नाम) .................... ............. मुलक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/इश्वर/देश र जनताका नाममा शपथ लिन्छु कि राष्ट्रिय युवा परिषद्/जिल्ला युवा समितिको ............................... पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझे सम्म कर्तव्य सम्झी देश तथा परिषद् प्रति वफादार रही, भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

**शपथ ग्रहण गर्नेको** :

नाम :

दस्तखत :

मिति :

पद :

कार्यालय :

**शपथ ग्रहण गरेको प्रमाणित गराउनेको:**

नाम :

दस्तखत :

मिति :

पद :

# नेपाल स्काउट ऐन २०५०

लालममोहर र प्रकाशन मिति

२०५०/८/७

**संशोधन गर्ने ऐन**

| | | |
|---|---|---|
| १. | नेपाल स्काउट (पहिलो संशोधन) ऐन, २०५५ | २०५५।९।२२ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| 〽२. | शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ | २०६३।९।१४ |
| ◆३. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |
| ४. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ५. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०५० सालको ऐन नं. २७

⏭ ..........................

**नेपाल स्काउटको व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** नेपाल ⏭........... का बालबालिका तथा युवा वर्गलाई विश्व स्काउटको सिद्धान्त र मान्यता अनुरूपको अभियानमा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित स्वावलम्बी र चरित्रवान तुल्याई सेवा भावनाको अभिबृद्धि गर्दै देश विकास कार्यमा सहभागी गराउन नेपाल स्काउटलाई बढी सक्षम र संगठित बनाउन वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नेपाल स्काउट ऐन, २०५०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

---

〽 यो ऐन संवत् २०६३ साल साउन १७ गतेदेखि लागू भएको ।

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) नेपाल स्काउट" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल स्काउट सम्झनु पर्छ ।

(ख) "राष्ट्रिय परिषद्" भन्नाले दफा ७ बमोजिमको राष्ट्रिय परिषद् सम्झनु पर्छ ।

⇒(ख१) "प्रदेश परिषद्" भन्नाले दफा ९क. बमोजिमको प्रदेश परिषद् सम्झनु पर्छ ।

(ग) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले दफा १० बमोजिमको राष्ट्रिय कार्यकारी समिति सम्झनु पर्छ ।

(घ) "सल्लाहकार सभा" भन्नाले दफा १३ बमोजिमको सल्लाहकार सभा सम्झनु पर्छ ।

(ङ) "प्रमुख स्काउट" भन्नाले दफा १५ बमोजिमको प्रमुख स्काउट सम्झनु पर्छ ।

(च) "प्रमुख आयुक्त" भन्नाले दफा १६ बमोजिमको प्रमुख आयुक्त सम्झनु पर्छ ।

(छ) "सहप्रमुख आयुक्त" भन्नाले दफा १७ बमोजिमको सह-प्रमुख आयुक्त सम्झनु पर्छ ।

(ज) "आयुक्त" भन्नाले दफा १८ बमोजिमको आयुक्त सम्झनु पर्छ ।

+(ज१) "नेपाल स्काउटको सदस्य" भन्नाले दफा १८ बमोजिमको सदस्य सम्झनु पर्छ ।

(झ) "सचिव" भन्नाले नेपाल स्काउटको ⊕राष्ट्रिय सचिव सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **नेपाल स्काउटको स्थापना :** (१) नेपाल ⏭........... का बालबालिका तथा युवा वर्गलाई स्काउटमा आधिकाधिक मात्रामा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित र स्वावलम्बी बनाई देश विकास कार्यमा सहभागी गराउन नेपाल स्काउटको स्थापना हुनेछ ।

---

⇒ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

+ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

⊕ पहिलो संशोधनद्वारा थप ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भएको नेपाल स्काउट यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(३) नेपाल स्काउटको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(४) नेपाल स्काउटले आवश्यकता अनुसार नेपाल⏭ ........भित्र कार्यालयहरू खोल्न सक्नेछ ।

४. **नेपाल स्काउट स्वशासित संस्था हुने** (१) नेपाल स्काउट अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) नेपाल स्काउटको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) नेपाल स्काउटले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) नेपाल स्काउटले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र नेपाल स्काउट उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **नेपाल स्काउटको उद्देश्य :** नेपाल स्काउटको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) विश्व स्काउटद्वारा प्रतिपादित सिद्धान्त, मान्यता र भावनासंग नेपाल ⏭...........का बालबालिका तथा युवा वर्गलाई परिचित गराउँदै बालबालिका तथा युवा वर्गलाई जनसेवी बनाउने ।

(ख) बालबालिका तथा युवा वर्गलाई नेपाल स्काउटको माध्यमद्वारा कर्तव्य परायण, अनुशासित, स्वावलम्बी, सच्चरित्रवान तथा सुयोग्य नागरिक बनाउने ।

(ग) दैवी प्रकोप तथा दुर्घटनामा परेका व्यक्तिहरूको उद्धार तथा सहायता कार्यमा नेपाल स्काउटलाई परिचालन गर्ने, गराउने ।

(घ) सामुदायिक सेवा तथा जनहित सम्बन्धी कार्य गर्ने गराउने ।

⊕(ङ) समाजका हरेक वर्ग तथा समुहलाई शिक्षित पार्न प्रौढ शिक्षा लगायत विभिन्न कार्यक्रमहरू संचालन गर्ने, गराउने ।

⊕ (च)स्वास्थ्य, वातावरण, भू-संरक्षण तथा प्राकृतिक श्रोतको उपयोग सम्बन्धी विभिन्न

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

⊕ पहिलो संशोधनद्वारा थप ।

जनउपयोगी कार्यक्रम संचालन गर्न युवा जनशक्ति परिचालन गर्ने, गराउने ।

+५क. **नेपाल स्काउटको नियम र प्रतिज्ञाः** नेपाल स्काउटको नियम र प्रतिज्ञा तोकिए बमोजिम हुनेछ ।

६. **नेपाल स्काउटको संगठनः** नेपाल स्काउटको संगठन देहाय बमोजिम हुनेछ र यिनीहरूको सामुहिक रूप नै नेपाल स्काउटको स्वरूप हुनेछः

(क) राष्ट्रिय परिषद्,

⇒(क१) प्रदेश परिषद्,

(ख) राष्ट्रिय कार्यकारी समिति,

(ग) सल्लाहकार सभा।

७. **राष्ट्रिय परिषद्को गठनः** (१) नेपाल स्काउटको सर्वोच्च निकायको रूपमा एउटा राष्ट्रिय परिषद् रहनेछ ।

(२) राष्ट्रिय परिषद्को गठन देहाय बमोजिम हुनेछः

(क) प्रमुख स्काउट - अध्यक्ष

(ख) प्रमुख आयुक्त - उपाध्यक्ष

⇒(ग) संघीय संसदका सदस्यहरुमध्येबाट तीनजना - सदस्य

(घ) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) - सदस्य

⊕(घ१) गर्भनर, नेपाल राष्ट्र बैंक - सदस्य

#(ङ) सचिव, ⇒युवा तथा खेलकुद मन्त्रालय - सदस्य

(च) सचिव, अर्थ मन्त्रालय - सदस्य

#(छ) सचिव, महिला तथा समाज कल्याण मन्त्रालय - सदस्य

#(ज) ✂................

---

+ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

⇒ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

⊕ पहिलो संशोधनद्वारा थप ।

# पहिलो संशोधनद्वारा संशोधित ।

✂ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।

#(झ) महामन्त्री, नेपाल रेडक्रस सोसाइटी - सदस्य

(ञ) समाजसेवीहरूमध्येबाट पाँचजना - सदस्य

(ट) चन्दादाताहरूमध्येबाट तीनजना - सदस्य

⇒(ठ) प्रत्येक प्रदेशबाट दुईजना महिला र दुईजना पुरुषको प्रतिनिधित्व हुने गरी सम्बन्धित प्रदेशका नेपाल स्काउटका राष्ट्रियस्तरका तालीमप्राप्त दलका सदस्यहरुले आफूमध्येबाट निर्वाचन गरी पठाएका अट्ठाईसजना - सदस्य

⇒(ड) नेपाल स्काउटका प्रदेश तहका सदस्यहरुले आ-आफ्नो प्रदेशबाट चारजनाका दरले प्रतिनिधित्व हुने गरी आफूहरुमध्येबाट निर्वाचन गरी पठाएका अट्ठाईसजना - सदस्य

(ढ) सचिव - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ख), (ग), (ज) र (ट) बमोजिमका सदस्यहरूको मनोनयन गर्नको लागि राष्ट्रिय परिषद्ले राष्ट्रिय परिषद्का निर्वाचित सदस्यहरू रहेका पाँच सदस्यीय एक सिफारिस समिति गठन गर्नेछ र सो समितिले सिफारिस गरेको व्यक्तिलाई प्रमुख स्काउटले राष्ट्रिय परिषद्को सदस्यमा मनोनयन गर्नेछ ।

तर यस उपदफा बमोजिमका सदस्यहरूको पहिलो पटक मनोनयन गर्नको लागि प्रमुख स्काउटले राष्ट्रिय परिषद्का निर्वाचित सदस्यहरू रहेका पाँच सदस्यीय एक सिफारिस समिति गठन गर्नेछ र सो समितिले सिफारिस गरेको व्यक्तिलाई प्रमुख स्काउटले राष्ट्रिय परिषद्को सदस्यमा मनोनयन गर्नेछ ।

❀(४) उपदफा (२) को खण्ड (ठ) र (ड) बमोजिमका सदस्यहरूको निर्वाचन तोकिए बमोजिम हुनेछ ।

(५) राष्ट्रिय परिषद्का मनोनीत तथा निर्वाचित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

८. **राष्ट्रिय परिषद्को काम, कर्तव्य र अधिकारः** (१) राष्ट्रिय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

---

# पहिलो संशोधनद्वारा संशोधित ।

⇒ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

❀ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

(क) नेपाल स्काउटको नीति तथा कार्यक्रम निर्धारण गर्ने ।

(ख) राष्ट्रिय कार्यकारी समितिलाई निर्देशन दिने र मार्गदर्शन गर्ने ।

(ग) नेपाल स्काउटको बजेट पारित गर्ने ।

(घ) नेपाल स्काउटको सञ्चालन सम्बन्धमा आवश्यक नियम बनाउने ।

(ङ) नेपाल स्काउटको कार्य सम्पादनको मूल्याङ्कन गर्ने, गराउने ।

(च) राष्ट्रिय परिषद्को बैठकमा पेश भएका वार्षिक कार्यक्रम तथा प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(छ) नेपाल स्काउटको लेखा परीक्षण गराउन लेखा परीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(ज) नेपाल स्काउटको उद्देश्य पूर्तिको लागि तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

(२) राष्ट्रिय परिषद्ले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारसँग सल्लाह लिन सक्नेछ

९. **राष्ट्रिय परिषद्को बैठक :** (१) राष्ट्रिय परिषद्को बैठक सामान्यतया वर्षको एक पटक बस्नेछ ।

(२) राष्ट्रिय परिषद्को बैठकको अध्यक्षता राष्ट्रिय परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा राष्ट्रिय परिषद्को उपाध्यक्षले गर्नेछ । राष्ट्रिय परिषद्को अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा राष्ट्रिय परिषद्का सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले राष्ट्रिय परिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

(३) राष्ट्रिय परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि राष्ट्रिय परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) राष्ट्रिय परिषद्को अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा सदस्य-सचिवले बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउन सक्नेछन् ।

⇒९क. **प्रदेश परिषद्को गठन तथा काम, कर्तव्य र अधिकारः** प्रदेश परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१०. **राष्ट्रिय कार्यकारी समितिको गठनः** (१) नेपाल स्काउटको कार्यकारी निकायको रूपमा काम गर्न एक राष्ट्रिय कार्यकारी समिति रहनेछ ।

---

⇒ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(२) राष्ट्रिय कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः

(क) प्रमुख आयुक्त - अध्यक्ष

(ख) सह-प्रमुख आयुक्त - सदस्य

❀(ग) प्रतिनिधि, युवा तथा खेलकुद मन्त्रालय - सदस्य

⇒(घ) राष्ट्रिय परिषद्का निर्वाचित सदस्यहरुबाट सबै प्रदेशको प्रतिनिधित्व हुने गरी सातजना - सदस्य

(ङ) आयुक्तहरू - सदस्य

(च) सचिव - सदस्य सचिव

(३) राष्ट्रिय कार्यकारी समितिका पदेन सदस्य बाहेक अन्य सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरूको मनोनयन गर्नको लागि राष्ट्रिय परिषद्ले राष्ट्रिय परिषद्का निर्वाचित सदस्यहरू रहेका पाँच सदस्यीय एक सिफारिस समिति गठन गर्नेछ र सो समितिले सिफारिस गरेको व्यक्तिलाई प्रमुख स्काउटले राष्ट्रिय कार्यकारी समितिको सदस्यमा मनोनयन गर्नेछ ।

तर यस उपदफा बमोजिमका सदस्यहरूको पहिलो पटक मनोनयन गर्नको लागि प्रमुख स्काउटले राष्ट्रिय परिषद्का निर्वाचित सदस्यहरू रहेका पाँच सदस्यीय एक सिफारिस समिति गठन गर्नेछ र सो समितिले सिफारिस गरेको व्यक्तिलाई प्रमुख स्काउटले राष्ट्रिय कार्यकारी समितिको सदस्यमा मनोनयन गर्नेछ ।

११. **राष्ट्रिय कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** राष्ट्रिय कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) राष्ट्रिय परिषद्द्वारा दिइएका निर्देशनहरू पालन गर्ने, गराउने ।

(ख) राष्ट्रिय परिषद्का निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

(ग) नेपाल स्काउटको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन तथा अन्य प्रतिवेदन र प्रस्तावहरू तयार गरी स्वीकृति वा अनुमोदनको लागि राष्ट्रिय परिषद्मा पेश गर्ने ।

---

❀ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

⇒ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(घ) नेपाल स्काउटको चल अचल सम्पत्तिको संचालन, संरक्षण, रेखदेख, सम्झौता, करार वा ठेक्का पट्टा गर्ने ।

(ङ) नेपाल स्काउटको लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने ।

(च) राष्ट्रिय परिषद्को स्वीकृति लिई नेपाल स्काउटको चल अचल सम्पत्ति हस्तान्तरण गर्ने ।

(छ) दैविप्रकोप वा दुर्घटनामा उद्धार तथा सहयोग लगायत अन्य मानवीय सेवा कार्यमा स्काउटिङ्ग गराउने ।

(ज) नेपाल स्काउटको उद्देश्य अनुरूप काम गर्न आवश्यकता अनुसार समिति, उप-समिति वा कार्यटोली गठन गर्ने

⊕(ज१) नेपाल स्काउटको संचालन सम्बन्धमा आवश्यक नियमहरू तयार गरी स्वीकृतिको लागि राष्ट्रिय परिषद् समक्ष पेश गर्ने ।

(झ) नेपाल स्काउटको उद्देश्य पूर्ति गर्न आवश्यक पर्ने अन्य काम गर्ने, गराउने ।

१२. **राष्ट्रिय कार्यकारी समितिको बैठकः** (१) राष्ट्रिय कार्यकारी समितिको बैठक सामान्यतः वर्षको चार पटक बस्नेछ ।

(२) राष्ट्रिय कार्यकारी समितिको बैठकको अध्यक्षता राष्ट्रिय कार्यकारी समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सहप्रमुख आयुक्तले राष्ट्रिय कार्यकारी समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(३) राष्ट्रिय कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि राष्ट्रिय कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) राष्ट्रिय कार्यकारी समितिका अध्यक्ष, सदस्य तथा सदस्य-सचिवले बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।

१३. **सल्लाहकार सभाः** (१) नेपाल स्काउटलाई आवश्यक सहयोग तथा सल्लाह दिनको लागि एक सल्लाहकार सभा रहनेछ ।

(२) सल्लाहकार सभाको गठन तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१४. ❀**संरक्षकः** (१) प्रधानमन्त्री नेपाल स्काउटको संरक्षक हुनेछ ।

(२) संरक्षकले दिएको निर्देशनको पालना गर्नु नेपाल स्काउटको कर्तव्य हुनेछ ।

---

⊕ पहिलो संशोधनद्वारा थप ।

❀ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधित ।

१४ ×क. .........

१५. **प्रमुख स्काउटः** शिक्षा तथा खेलकुद मन्त्री वा राज्यमन्त्री नेपाल स्काउटको प्रमुख स्काउट हुनेछ।

१६. **प्रमुख आयुक्तः** (१) प्रमुख आयुक्तको पदावधि चार वर्षको हुनेछ।

(२) प्रमुख आयुक्तको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१७. **सहप्रमुख आयुक्तः** (१) प्रमुख स्काउटले प्रमुख आयुक्तको सिफारिसमा आयुक्तहरू मध्येबाट ⊕एक जना महिला र एक जना पुरुष गरी दुईजनालाई सहप्रमुख आयुक्तको पदमा नियुक्ति गर्नेछ।

(२) सहप्रमुख आयुक्तको पदावधि चार वर्षको हुनेछ।

(३) प्रमुख आयुक्तको अनुपस्थितिमा सहप्रमुख आयुक्तहरू मध्ये वरिष्ठ सहप्रमुख आयुक्तले प्रमुख आयुक्तको काम गर्नेछ।

(४) सहप्रमुख आयुक्तको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१८. **आयुक्तः** #(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम नेपाल स्काउटले गर्नु पर्ने काम कारबाही प्रभावकारी रूपले संचालन गर्नको लागि राष्ट्रिय परिषद्का निर्वाचित सदस्यहरू मध्येबाट बढीमा पन्ध्र जनालाई तोकिए बमोजिम आयुक्त पदमा नियुक्त गरिनेछ।

(२) आयुक्तको पदावधि चार वर्षको हुनेछ।

⊕(२क)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आयुक्त शारीरिक वा मानसिक रोग लागि वा अन्य कुनै कारणले आफ्नो पदीय दायित्व निर्वाह गर्न असक्षम भएको कुरा राष्ट्रिय कार्यकारी समितिबाट ठहर भएमा प्रमुख स्काउटले निजलाई आयुक्त पदबाट हटाउनेछ। त्यसरी पदबाट हटाइएमा वा अन्य कुनै कारणले आयुक्तको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पदमा उपदफा (१) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई नियुक्त गर्न सकिनेछ।

तर कुनै आयुक्तलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बंचित गरिने छैन।

(३) आयुक्तको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

---

× शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०६२ द्वारा थप भई शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा खारेज

⊕ पहिलो संशोधनद्वारा थप।

# पहिलो संशोधनद्वारा संशोधित।

+१८क. **नेपाल स्काउटको सदस्य :** (१) कुनै व्यक्ति नेपाल स्काउटको सदस्य हुन निजले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) तोकिएबमोजिम स्काउट तालिम प्राप्त गरेको,

(ख) कुनै राजनैतिक दलको सदस्यता नलिएको, र

(ग) राजनैतिक गतिविधिमा संलग्न नभएको ।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय परिषद् ⇒प्रदेश परिषद्, राष्ट्रिय कार्यकारी समिति र सल्लाहकार सभामा संस्थागत प्रतिनिधित्व गर्नलाई सो खण्डको व्यवस्थाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(३) नेपाल स्काउटको सदस्य सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१९. **सचिव :** (१) सचिव नेपाल स्काउटको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

#(२) सचिवको नियुक्ति राष्ट्रिय परिषद्का निर्वाचित सदस्यहरूध्येबाट तोकिएबमोजिम गरिनेछ ।

(३) सचिवको पदावधि चार वर्षको हुनेछ ।

(४) राष्ट्रिय परिषद्, राष्ट्रिय कार्यकारी समिति र प्रमुख आयुक्तको रेखदेखमा सचिवले नेपाल स्काउटको काम गर्नेछ ।

(५) राष्ट्रिय परिषद् र राष्ट्रिय कार्यकारी समितिले गरेको निर्णय कार्यान्वयन गर्नु गराउनु सचिवको अभिभारा हुनेछ ।

(६) सचिवको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(७) सचिवको पारिश्रमिक र सुविधा तोकिएबमोजिम हुनेछ ।

२०. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) नेपाल स्काउटमा आवश्कता अनुसार कर्मचारीहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरूको दरबन्दी, योग्यता, पारिश्रमिक र सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

---

+ शिक्षा तथा खेलकुद सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

⇒ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

# पहिलो संशोधनद्वारा संशोधित ।

२१. **नेपाल स्काउटको कोषः** (१) नेपाल स्काउटको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्ः

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) अन्तराष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम,

(घ) सदस्यता शुल्कबाट प्राप्त रकम, र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम नेपाल स्काउटले कुनै रकम प्राप्त गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) नेपाल स्काउटको कोषमा रहने रकम नेपाल ⏭.............. भित्रको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ र खाताको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

(४) नेपाल स्काउटद्वारा गरिने सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

२२. **लेखा र लेखापरीक्षणः** (१) नेपाल स्काउटको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ । (२) नेपाल स्काउटको लेखापरीक्षण राष्ट्रिय परिषद्बाट नियुक्त लेखापरीक्षकबाट हुनेछ ।

२३. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः** प्रमुख स्काउटले नेपाल स्काउटको वार्षिक प्रतिवेदन संरक्षक समक्ष पेश गर्नुपर्नेछ ।

२४. **समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) नेपाल स्काउटको उद्देश्य पूर्तिको लागि राष्ट्रिय कार्यकारी समितिले आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार राष्ट्रिय कार्यकारी समितिले तोकेबमोजिम हुनेछ ।

२५. **अधिकार प्रत्यायोजनः** (१) राष्ट्रिय परिषद्ले यो ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको आवश्यकता अनुसार केही अधिकार राष्ट्रिय कार्यकारी समिति, प्रमुख आयुक्त वा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) राष्ट्रिय कार्यकारी समिति. प्रमख आयक्त वा सचिवले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको आवश्यकता अनुसार केही अधिकार कुनै निकाय वा पदाधिकारीलाई सुम्पन सक्नेछ ।

२६. **नेपाल सरकारसँग सम्पर्क:** नेपाल स्काउटले नेपाल सरकारसँग सम्पर्क राख्दा युवा तथा खेलकुद मन्त्रालय मार्फत राख्नेछ ।

२७. **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न राष्ट्रिय परिषद्ले आवश्यक नियम बनाउन सक्नेछ ।

२८. **बचाउः** (१) यो ऐन लागू हुनु अघि नेपाल स्काउटको नामबाट भए गरेका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) राष्ट्रिय परिषद् र राष्ट्रिय कार्यकारी समिति गठन नभएसम्मको लागि उक्त परिषद् हरूले गर्नु पर्ने काम कारबाही यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाल स्काउटको कार्यकारी समितिले गर्नेछ ।

---

द्रष्टव्यः

नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा ऐनको ठाउँ ठाउँमा रहेको "शिक्षा तथा खेलकुद मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "युवा तथा खेलकुद मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

# <u>नेपाल स्काउट नियमावली, २०७७</u>

नेपाल स्काउट ऐन, २०५० को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल स्काउट राष्ट्रिय परिषद्‌ले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद - १

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>**

(क) यी नियमहरूको नाम "नेपाल स्काउट नियमावली, २०७७" रहेको छ ।

(ख) यो नियमावली स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **<u>परिभाषा :</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "ऐन" भन्नाले नेपाल स्काउट ऐन, २०५० सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले संघमा युवा तथा खेलकुद मन्त्रालय र प्रदेशमा सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले संघमा राष्ट्रिय प्रधान कार्यालय, प्रदेशमा प्रदेश स्काउट कार्यालय र स्थानीय तहमा स्थानीय स्काउट कार्यालय सम्झनु पर्छ ।

(घ) "प्रदेश आयुक्त" भन्नाले नियम १२ बमोजिम निर्वाचित प्रदेश स्काउट कार्यकारी समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "प्रदेश प्रमुख स्काउट" भन्नाले सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्री सम्झनु पर्छ ।

(च) "प्रदेश संरक्षक" भन्नाले सम्बन्धित प्रदेशको मुख्यमन्त्री सम्झनु पर्छ ।

(छ) "प्रदेश स्काउट" भन्नाले नियम ७ बमोजिम सम्बन्धित प्रदेशमा गठन भएको प्रदेश परिषद्, प्रदेश कार्यकारी समिति र प्रदेश स्काउट कार्यालय सम्झन् पर्छ ।

(ज) "प्रदेश स्काउट सदस्य" भन्नाले यस नियमावली बमोजिम निर्वाचिन वा मनोनित प्रदेश स्काउट कार्यकारी समितिको सदस्य सम्झनु पर्छ ।

(झ) "स्थानीय आयुक्त" भन्नाले नियम २१ बमोजिम निर्वाचित प्रदेश स्काउट कार्यकारी समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ ।

(ट) "स्थानीय प्रमुख स्काउट"भन्नाले सम्बन्धित स्थानीय तहको कार्यपालिकाको उपाध्यक्ष र उपप्रमुख सम्झनु पर्छ ।

(ठ) "स्थानीय स्काउट" भन्नाले नियम १७ बमोजिम सम्बन्धित प्रदेशमा रहेका स्थानीय तहमा गठन हुने स्थानीय स्काउट सम्झनु पर्छ ।

(ड) "स्थानीय संरक्षक" भन्नाले सम्बन्धित स्थानीय तहको कार्यपालिकाको अध्यक्ष र प्रमुख सम्झनु पर्छ ।

(ढ) "इकाई" भन्नाले नियम २५ बमोजिम गठित इकाइ सम्झनु पर्छ ।

(ण) "राष्ट्रिय तालिम दल" भन्नाले नियम ४१ बमोजिमको पुरुषतर्फ ए.एल.टी. र महिला तर्फ सर्टिफिकेट वा सोभन्दा माथि तालिम पूरा गरेको सक्रिय स्काउटर सम्झनु पर्छ ।

(त) "स्काउटर" नेपाल स्काउटले समय-समयमा विश्व स्काउटको निति अनुरूप निर्धारण गरेको पुरष तर्फ वि.टी.सि देखि एल.टी. र महिलातर्फ पि.टि.सी. देखि डिप्लोमा तह सम्मको तालिम प्राप्त स्काउटर सम्झनु पर्छ ।

(थ) "स्काउट नियम" भन्नाले अनुसूची १ मा उल्लेख गरिएका नियम सम्झनु पर्छ ।

(द) "स्काउट प्रतिज्ञा" भन्नाले अनुसूची २ मा उल्लेख गरिएका प्रतिज्ञा सम्झनु पर्छ ।

(ध) "स्काउट" भन्नाले पुरुषतर्फ कव, व्वईज स्काउट, रोभर, स्काउटर र महिलातर्फ ब्राउनी, गर्लस् स्काउट, रेन्जर र स्काउट सम्म सम्झनु पर्छ ।

## परिच्छेद - २

## सल्लाहकार सभा सम्बन्धी व्यवस्था

३. **सल्लाहकार सभाको गठनः** (१) स्काउटको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट राष्ट्रिय कार्यकारी समितिले केन्द्रमा, प्रदेश कार्यकारी समितिले प्रदेशमा र स्थानीय कार्यकारी समितिले स्थानीय तहमा आवश्यकता अनुसार सल्लाहाकार सभा गठन गर्न सक्नेछ ।

(२) सल्लाहकार समितिको काम,कर्तव्य,अधिकार र बैठक सम्बन्धी व्यवस्था कार्यकारी समितिले तोके बमोजिम हुनेछ ।

# परिच्छेद - ३

## प्रमुख आयुक्त सम्बन्धी व्यवस्था

४. **प्रमुख आयुक्तको नियुक्ति :** ऐनको दफा १६ बमोजिमको प्रमुख आयुक्त, राष्ट्रिय परिषद्का निर्वाचित सदस्यहरू मध्येबाट एक जनालाई प्रमुख स्काउटले प्रमुख आयुक्तको रूपमा मनोनित गर्नेछ ।

५. **प्रमुख आयुक्तको काम, कर्तव्य र अधिकार :** (१) प्रमुख आयुक्तको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपाल स्काउटको विकास र विस्तारको निमित्त आवश्यक नीति, योजना कार्यक्रम तयार गर्ने ।

(ख) राष्ट्रिय परिषद् र राष्ट्रिय कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग) नेपाल स्काउटको वार्षिक कार्यक्रमको आन्तरिक मुल्याङ्कन गर्ने, गराउने र प्रगति प्रतिवेदन राष्ट्रिय परिषद्को बैठकमा पेश गर्ने ।

(घ) नेपाल स्काउटको कार्य सञ्चालनको निमित्त आवश्यक श्रोतको खोजी गर्ने र प्राप्त श्रोतको परिचालन गर्ने, स्रोतको लेखाङ्कन, लेखापरीक्षण गरी, गर्न लगाई सोको विवरण सार्वजनिक गर्ने ।

(ङ) नेपाल स्काउटका गतिविधिको सञ्चालन तथा विकासको लागि शिक्षण, प्रशिक्षण तथा अनुसन्धानको व्यवस्था गर्ने, गराउने।

(च) नेपाल स्काउटको तर्फबाट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय, सरकारी वा गैर सरकारी संघ संस्थासँग हुने सम्झौतामा प्रतिनिधित्व गर्ने, गराउने ।

(छ) राष्ट्रिय कार्यकारी समितिको बैठक नबसेको अवस्थामा तत्कालै आवश्यक निर्णय लिई सो निर्णय राष्ट्रिय कार्यकारी समितिको बैठकबाट अनुमोदन गर्ने, गराउने ।

(ज) आवश्यक परेमा कम्तीमा २४ घण्टाको अग्रिम सूचना दिई राष्ट्रिय कार्यकारी समितिको आकस्मिक बैठक बोलाउने, बोलाउन लगाउने ।

(झ) नेपाल स्काउटको व्यवस्थापकीय, प्रशासनिक एवं आर्थिक व्यवस्थापनको नेतृत्व प्रदान गर्ने ।

(ञ) राष्ट्रिय सचिव, निर्देशक एवम् आफ्ना मातहतका आयुक्तको राजीनामा स्वीकृत गर्ने ।

(ट) राष्ट्रिय सचिव एवं आयुक्तहरुको कार्य दक्षताको मूल्याङ्कन गरी पदीय जिम्मेवारी हेरफेर गर्ने ।

(ठ) स्थानीय, प्रदेश र राष्ट्रिय कार्यकारी समितिको निर्णय र सिफारिस अनुसार स्काउट, स्काउटर, पदाधिकारी, आयुक्तहरूलाई पदक, पुरस्कारको लागि सिफारिस गर्ने ।

(ड) राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा, सम्मेलन तथा बैठकको नेतृत्व गर्ने, गराउने ।

(ढ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन तथा बैठकमा सहभागी हुन प्रतिनिधि तोक्ने ।

(ण) तोकिए बमोजिमका कार्य गर्ने, गराउने ।

(त) विश्व स्काउट संगठनको मूल्य,मान्यता सिद्धान्तहरुलाई नेपाल स्काउटका कार्यक्रमहरुमा समहित गराउने

(थ) विश्व स्काउट संगठन (WOSM/WAGGS) को सम्मेलन बाट पारित नीती,योजना कार्यक्रम कृयाकलापहरुको नेपाल स्काउटमा कार्यान्वयन गर्ने गराउने ।

## परिच्छेद - ४

## प्रतिवेदन पेश गर्नुपर्ने सम्बन्धी व्यवस्था

६. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने:** (१) प्रत्येक स्थानीय आयुक्तले स्थानीय स्काउटको वार्षिक प्रगति प्रतिवेदन प्रदेश आयुक्त समक्ष पेश गर्नु पर्नेछ ।

(२) प्रत्येक प्रदेश आयुक्तले प्रदेश स्काउटको वार्षिक प्रगति प्रतिवेदन प्रमुख आयुक्त समक्ष पेस गर्नु पर्नेछ ।

(३) प्रमुख आयुक्तले नेपाल स्काउटको वार्षिक प्रगति प्रतिवेदन प्रमुख स्काउट समक्ष पेस गर्नु पर्नेछ ।

(४) प्रमुख स्काउटले नेपाल स्काउटको वार्षिक प्रगति प्रतिवेदन नेपाल स्काउटको संरक्षक समक्ष पेस गर्नु पर्नेछ । पेश भएको वार्षिक प्रगति प्रतिवेदन नेपाल स्काउटको वेवसाइटमा राख्नु पर्नेछ ।

## परिच्छेद -५

### प्रदेश स्काउट सम्बन्धी व्यवस्था

७. **प्रदेश स्काउटको स्थापना**: (१) प्रदेश स्काउट सङ्गठनमा देहाय बमोजिमका परिषद् तथा समिति हुनेछन् :

(क) प्रदेश परिषद्

(ख) प्रदेश कार्यकारी समिति

(ग) प्रदेश सल्लाहकार समिति

८. **कार्यालय तथा सचिवालय**: (१) नेपाल स्काउटको प्रदेश स्काउटमा देहाय बमोजिमको कार्यालय तथा सचिवालय हुनेछ :

(क) प्रत्येक प्रदेशको राजधानीमा एउटा प्रदेश स्काउट कार्यालय रहनेछ ।

(ख) सम्बन्धित प्रदेशको प्रदेश स्काउट कार्यालय प्रदेश स्काउटको सचिवालयको रूपमा रहनेछ ।

९. **प्रदेश परिषद्को गठन**: (१) प्रदेश परिषद्को गठन देहाय बमोजिम हुनेछ :

(क) सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्री - अध्यक्ष

(ख) सम्बन्धित प्रदेश आयुक्त - उपाध्यक्ष

(ग) प्रदेशभित्रका प्रत्येक स्थानीय तहका सक्रिय स्काउटरहरूमध्येबाट निर्वाचित भई आएका दशजना महिला र दशजना पुरुषका दरले बीस जना - सदस्य

(घ) प्रदेशभित्रका स्थानीय तहका राष्ट्रिय तालिम दलका सदस्यहरुमध्येबाट निर्वाचित तीनजना महिला र तीनजना पुरुषका दरले ६ जना - सदस्य

(ङ) प्रदेश योजना आयोगको सदस्य - सदस्य

(च) सम्बन्धित प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयको सचिव - सदस्य

(छ) समाजसेवीहरूमध्ये एकजना महिलासहित तीन जना - सदस्य

(ज) चन्दादाताहरूमध्येबाट दुईजना । - सदस्य

(झ) प्रदेश स्तरीय सुरक्षा निकायका प्रमुख चार जना - सदस्य

(ञ) सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयको सचिव - सदस्य

(ट) शिक्षक महासंघ, प्याब्सन, एनप्याब्सन र हिसानले तोकेका प्रतिनिधि चारजना - सदस्य

(ठ) सम्बन्धित प्रदेश कार्यालय प्रमुख कर्मचारी - सदस्य-सचिव

(२) उपनियम (१) को खण्ड (छ) र (ज) बमोजिमको सदस्यहरूको मनोनित प्रदेश आयुक्तको सिफारिसमा प्रदेश प्रमुख स्काउटले गर्नेछ ।

१०. **प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार :** (१) प्रदेश स्काउट परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्काउटको विश्वव्यापी आदर्श र मान्यताहरूको अनुसरण गर्दै सामाजिक सद्भाव र विश्वबन्धुत्वको भावना अभिवृद्धि गर्न नेपाल स्काउटका क्रियाकलापहरूमा प्रदेशस्तरमा निर्देशित गर्ने,

(ख) नेपाल स्काउट प्रदेश कार्यालयको राष्ट्रिय प्रधान कार्यालयमा बजेट सिफारिस गर्ने,

(ग) प्रदेश परिषद्का बैठकमा पेश भएका वार्षिक कार्यक्रम तथा प्रतिवेदन उपर छलफल गरी राष्ट्रिय प्रधान कार्यालयलाई सिफारिस गर्ने,

(घ) नेपाल स्काउटको उदेश्य पूर्तिका लागि राष्ट्रिय प्रधान कार्यालयबाट निर्देशित भए अन्य कार्यहरू गर्ने, गराउने ।

११. **प्रदेश परिषद् बैठक :** (१) प्रदेश परिषद्को बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) प्रदेश परिषद्को बैठक सामान्यतया वर्षको एकपटक बस्नेछ ।

(ख) बैठकको अध्यक्षता प्रदेश प्रमुख स्काउटले गर्नेछ, अध्यक्षको अनुपस्थितिमा प्रदेश आयुक्तले बैठकको अध्यक्षता गर्नेछ।

(ग) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ, मत बराबर भएमा बैठकको अध्यक्षले दिएको मत निर्णायक हुनेछ ।

१२. **प्रदेश कार्यकारी समितिको गठन :** (१) प्रदेश कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः

(क) प्रदेश परिषद्का निर्वाचित सदस्यहरू मध्येबाट एक जनालाई प्रदेश प्रमुख स्काउटले प्रदेश आयुक्त मनोनित गर्नेछ ।

(ख) खण्ड (क) बमोजिम प्रदेश प्रमुख स्काउटले परिषद्को निर्वाचन भएको मितिले ७ दिन भित्र प्रदेश आयुक्त मनोनित गर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको अवधिभित्र प्रदेश प्रमुख स्काउटले मनोनित गर्न नसकेमा प्रमुख आयुक्तले मनोनित गर्नेछ ।

(घ) यसरी मनोनित भएको प्रदेश आयुक्तले प्रमुख आयुक्तसँग समन्वय गरी बढीमा एघारजना सदस्यहरू मनोनित गर्न सक्नेछ, यसरी मनोनित गर्दा महिलाको अनुपात तेत्तीस प्रतिशत हुनु पर्नेछ ।

(ङ) प्रदेश कार्यालय प्रमुख कर्मचारी प्रदेश कार्यकारी समितिको सदस्य-सचिव हुनेछ ।

१३. **प्रदेश कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** (१) प्रदेश कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्व स्काउटको मूल्य मान्यता र नेपाल स्काउट ऐन, २०५० तथा यस नियमावलीको अधीनमा रही, नेपाल स्काउटको उद्देश्य, लक्ष्य र दूरदष्टिलाई सम्बन्धित प्रदेशमा स्काउटिङ्ग अभियानको विकास र विस्तार गर्ने, गराउने ।

(ख) नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयका नीति, कार्यक्रम तथा निर्देशनहरूलाई आफ्नो प्रदेशअन्तर्गतका स्थानीय तहहरूमा कार्यान्वयन गर्ने, गराउने ।

(ग) प्रदेश स्काउटको वार्षिक प्रगति प्रतिवेदन नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयमा पेश गर्ने ।

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्काउटका गतिविधि, सभा, सम्मेलन, सेमिनार, तालिम, गोष्ठी, मुट, ज्याम्बोरी, क्याम्पोरी, इन्दावा तथा स्काउटका अन्य कार्यक्रमहरूमा भाग लिन प्रतिनिधिको छनौटका लागि सिफारिस गर्ने, तथा राष्ट्रिय प्रधान कार्यालयको स्वीकृति र समन्वयमा प्रदेशअन्तर्गत त्यस्ता स्काउटका गतिविधिको आयोजना गर्ने, गराउने ।

(ङ) नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयका नीति तथा कार्यक्रम अनुरूप प्रदेश स्तरीय वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी प्रदेश स्काउट परिषद् समक्ष पेश गर्ने ।

(च) प्रदेशअन्तर्गतका स्थानीय तह कार्यकारी समितिको मातहतमा रहेका इकाइबाट सदस्यहरूको दर्ता तथा वार्षिक नवीकरणको अभिलेख तयार गरी नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयमा पठाउने ।

(छ) नेपाल स्काउटका सम्बन्धित प्रदेशअन्तर्गतको कुनै निकाय, आयुक्त, पदाधिकारी, स्काउट मास्टर वा स्काउट सदस्यहरूले गरेको प्रशंसनीय कार्य तथा स्काउटिङ्ग अभियानको विकास र विस्तारका लागि गरिएको उल्लेखनीय कार्यको मूल्याङ्कन गरी पदक, पुरस्कार र सम्मान प्रदान गर्न नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयलाई सिफारिस गर्ने ।

(ज) नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयका निर्णय र समय समयमा प्राप्त हुने निर्देशनहरूको पालना गर्ने, गराउने ।

(झ) स्काउटको समग्र विकास तथा स्काउट शिक्षाको विकासका लागि नियमित राष्ट्रिय प्रधान कार्यालयबाट समयमा प्राप्त निर्णय, निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्ने ।

(ञ) नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको नीति तथा निर्देशनअनुसार प्रदेशका विश्वविद्यालय, महाविद्यालय, विद्यालय तथा समुदायमा स्काउट इकाईको गठन, सञ्चालन गर्न, गराउन विशेष अभियान सञ्चालन गर्ने ।

(ट) प्रदेशअन्तर्गत सञ्चालित एवम् सञ्चालन हुने विविध गतिविधिको निरीक्षण, नियन्त्रण, अनुगमन एवम् मूल्याङ्कन गर्ने गराउने र सोको प्रतिवेदन पेश गर्ने ।

(ठ) सम्बन्धित प्रदेशमा स्काउट अभियानलाई प्रभावकारी बनाउन प्रदेश सरकार सामाजिक विकास मन्त्रालयसँग नियमित समन्वय र सम्पर्क गर्ने र सोको प्रतिवेदन उक्त मन्त्रालयमा पेश गर्ने ।

(ड) नेपाल स्काउटको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि स्वयम्सेवकीय सहयोग प्रदान गर्ने ।

(ढ) नेपाल स्काउटका लक्ष्य र उद्देश्य प्राप्तिका लागि स्रोत साधन परिचलन गरी सोको लेखाङ्कन, लेखा परिक्षण, गर्ने गराउने ।

१४. **प्रदेश आयुक्तको काम, कर्तव्य र अधिकार:** (१) प्रदेश आयुक्तको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्बन्धित प्रदेशमा नेपाल स्काउटको अभियानको विकास र विस्तारको लागि आवश्यक योजना तथा कार्यक्रम तयार गर्ने र सोको कार्यान्वयनका लागि प्रदेश कार्यकारी समिति तथा स्थानीय स्काउटसँग समन्वय गर्ने ।

(ख) राष्ट्रिय कार्यकारी समितिको निर्णय र निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(ग) प्रदेश अन्तर्गतका स्थानीय स्काउट र इकाइको निरीक्षण गरी स्काउट सङ्ख्या अभिवृद्धि गर्न प्रोत्साहित गर्ने, गराउने ।

(घ) स्रोत व्यवस्थापन गरी प्रदेशस्तरीय स्काउट कार्यक्रमहरूको आयोजना गर्ने गराउने ।

(ङ) राष्ट्रिय प्रधान कार्यालयको नीति निर्देशन अनुरूप रही प्रदेश स्काउट कार्यालयको दैनिक प्रशासनिक कार्य गराउने ।

(छ) नेपाल सरकार, प्रदेश सरकार, नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालय, अन्य प्रदेश कार्यकारी समिति, स्थानीय तह र स्थानीय स्काउटहरू तथा सरोकारवालाहरूसँग नियमित समन्वय र सहजीकरण गरी स्काउटको गुणात्मकता अभिवृद्धि गर्ने ।

(झ) स्काउट प्रशिक्षकलाई तालिम सञ्चालन गर्न प्रोत्साहन गर्ने ।

(ञ) आयुक्तको जिम्मेवारी हेरफेर गर्ने कार्यकारी समितिको बैठक नबसेको अवस्थामा तत्काल‍ै आवश्यक निर्णय लिई सोको निर्णय प्रदेश कार्यकारी समितिको बैठकबाट अनुमोदन गर्ने, गराउने ।

(ट) आवश्यक परेमा कम्तीमा २४ घण्टाको अग्रिम सूचना दिई प्रदेश कार्यकारी समितिको आफ्ना मातहतका राजीनामा स्वीकृत गर्ने वा जिम्मेवारी हेरेर गर्ने ।

१५. **प्रदेश कार्यकारी समितिको सदस्यहरूको कर्तव्य र अधिकार:** (१)प्रदेश स्काउट कार्यकारी समितिको सदस्यहरूको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सम्बन्धित प्रदेशमा नेपाल स्काउटको अभियानको विकास र विस्तारका लागि आवश्यक योजना तथा कार्यक्रम तयार गर्ने र सोको कार्यान्वयनका लागि प्रदेश स्काउटलाई सहयोग गर्ने ।

(ख) सम्बन्धित स्थानीय स्तरमा स्काउट अभियानको विकास र विस्तारका लागि नेतृत्वदायी रूपमा कार्य गर्ने ।

(ग) प्रदेश कार्यकारी समितिले दिएको जिम्मेवारी तथा प्रत्यायोजित अधिकारको प्रयोग गरी कार्य गर्ने ।

(घ) नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयबाट निर्णय भई गठन भएका विभिन्न उपसमितिमा रही कार्य गर्ने ।

१६. **प्रदेश कार्यकारी समितिको बैठक :** (१) प्रदेश कार्यकारी समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) प्रदेश कार्यकारी समितिको बैठक सामान्यतया वर्षको दुईपटक बस्नेछ ।

(ख) बैठकको अध्यक्षता प्रदेश आयुक्तले गर्ने छ, अध्यक्षको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ग) प्रदेश कार्यकारी समितिमा कायम रहेको सम्पुर्ण सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्यहरुको उपस्थित भएमा कार्यकारी समितीको बैठगको लागी गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकमा बहुमतको निणर्य मान्य हुनेछ, मत बराबर भएमा बैठकको अध्यक्षले दिएको मत निर्णायक हुनेछ ।

## परिच्छेद -६

## स्थानीय स्काउट सङ्गठन सम्बन्धी व्यवस्था

१७. **स्थानीय स्काउटको स्थापना:** (१) नेपाल स्काउटको प्रत्येक स्थानीय तहमा पालिका कार्यालय रहेको स्थानमा दैनिक कार्य सञ्चालन गर्न स्थानीय स्काउटको स्थापना गरिनेछ ।

(२) स्थानीय स्काउटको सङ्गठन देहायबमोजिम परिषद् तथा समिति हुनेछन् :

(क) स्थानीय परिषद्

(ख) स्थानीय कार्यकारी समिति

(ग) स्थानीय सल्लाहकार समिति

१८. **स्थानीय स्काउट परिषद्को गठन :** (१) स्थानीय परिषद्को गठन देहायबमोजिम हुनेछ :

(क) सम्बन्धित स्थानीय तहको पालिकाको उपाध्यक्ष वा उपप्रमुख - अध्यक्ष

(ख) स्थानीय आयुक्त - उपाध्यक्ष

(ग) सम्बन्धित स्थानीय तहमा सक्रिय रूपमा कार्यरत राष्ट्रिय तालिम दलका सदस्यहरू मध्येवाट एक जना - सदस्य

(घ) सम्बन्धित स्थानीय तहको सुरक्षा निकायका इन्चार्ज - सदस्य

(ङ) सम्बन्धित स्थानीय तहमा सक्रिय स्काउटर मध्येबाट मनोनित - सदस्यहरु

(च) सम्बन्धित स्थानीय तहका विद्यालयका प्रमुखहरूबाट स्थानीय संरक्षकले मनोनित गरेको तीनजना - सदस्य

(छ) समाज सेवा एक चन्दादाताहरू मध्येबाट सञ्चालित स्काउट संरक्षकले मनोनित गरेका तीन जना -सदस्य

(ज) स्थानीय तहको शिक्षा तथा युवा हेर्ने कर्मचारी - सदस्य-सचिव

(झ) खण्ड (ङ) का सदस्यको हकमा महानगर भए नौजना महिला नौजना पुरुष गरी जम्मा अठारजना, उपमहानगर भए सातजना महिला सातजना पुरुष गरी चौधजना, नगर भए पाँचजना महिला पाँचजना पुरुष गरी जम्मा दशजना, गाउँपालिका भए तीनजना महिला, तीनजना पुरुष गरी जम्मा छ जना, सदस्यहरू निर्वाचन प्रक्रियावाट छनौट गरिनेछ ।

१९. **स्थानीय परिषद्को काम, कर्तव्य र अधिकार :** (१) स्थानीय परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालय र प्रदेश कार्यलयको निर्णय एवम् निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

(ख) वार्षिक कार्यक्रम, बजेट, प्रगति वितरण अन्य प्रतिवेदन र प्रस्तावहरू छलफल गरी प्रदेश कार्यालयमा सिफारिस गर्न ।

(ग) स्थानीय स्काउटको विकास र विस्तारका लागि स्थानीय कार्यकारी समितिलाई आवश्यक सहयोग र अन्य कार्यका निम्ति उपयुक्त वातावरण सिर्जना गर्न सहयोग गर्ने ।

(घ) नेपाल स्काउटको उद्देश्य पूर्तिको लागि राष्ट्रिय प्रधान कार्यालय, प्रदेश कार्यालय बाट निर्देशित भए अरू कार्यहरू गर्ने, गराउने ।

२०. **स्थानीय परिषद्को बैठक सम्बन्धी व्यवस्था:** (१) स्थानीय स्काउट परिषद्को बैठक सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ ।

(क) स्थानीय स्काउट परिषद्को बैठक सामान्यतया वर्षको दुई पटक बस्नेछ ।

(ख) बैठकको अध्यक्षता स्थानीय प्रमुख स्काउटले गर्नेछ, अध्यक्षको अनुपस्थितिमा स्थानीय आयुक्तले बैठकको अध्यक्षता गर्नेछ ।

(ग) स्थानीय परिषद्को कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्यहरुको उपस्थित भएमा बैठकको लागी गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ, मत बराबर भएमा बैठकको अध्यक्षले दिएको मत निर्णायक हुनेछ ।

२१. **स्थानीय कार्यकारी समितिको गठनः** (१) स्थानीय कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) स्थानीय परिषद्का निर्वाचित सदस्यहरू मध्येबाट एकजनालाई स्थानीय संरक्षकले स्थानीय आयुक्तमा मनोनित गर्नेछ ।

(ख) खण्ड (क) बमोजिम स्थानीय संरक्षकले परिषद्को निर्वाचन भएको मितिले ७ दिनभित्र स्थानीय आयुक्तले मनोनित गर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको अवधि भित्र स्थानीय संरक्षकले मनोनित गर्न नसकेमा प्रदेश आयुक्तले मनोनित गर्नेछ ।

(घ) यसरी मनोनित स्थानीय आयुक्तले महानगरमा यूवा तथा महिला बाट समावेशीता आधारमा बढीमा १९ जना, उपमहानगरमा १५ जना, नगरमा १३ जना र गाउँपालिकामा ११ जना आयुक्त र सदस्यहरूलाई स्थानीय कार्यकारी समितिमा मनोनित गर्न सक्नेछ, यसरी मनोनित गर्दा महिलाको अनुपात तेत्तीस प्रतिशत हुनु पर्नेछ ।

(ङ) स्थानीय पालिकाको शिक्षा तथा युवा हेर्ने कर्मचारी स्थानीय स्काउट कार्यकारी समितिको सदस्य सचिव हुनेछ ।

२२. **स्थानीय कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** (१) स्थानीय कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) स्थानीय परिषद्लाई आवश्यक, योजना र कार्यक्रम तयार गर्न सहयोग गर्ने, र स्थानीय स्काउटको विकास र विस्तारका लागि नेपाल स्काउट स्वीकृत नीति, योजना र कार्यहरूको कार्यान्वयन गर्ने ।

(ख) स्थानीय परिषद्का निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ग) स्थानीय स्काउटका वार्षिक कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, गराउने र प्रदेश कार्यालयसमक्ष प्रगति विवरण पेश गर्ने ।

(घ) स्थानीय स्काउटको कार्य सञ्चालनका लागि श्रोतहरूको परिचालन गर्ने र प्राप्त श्रोतहरूलाई स्काउटको विकास र विस्तारका लागि प्रयोग गर्ने । स्थानीय स्काउटको

चल-अचल सम्पत्तिको सञ्चालन, संरक्षण, रेखदेख, सम्झौता, करार वा ठेक्कापट्टा तथा लेखापरिक्षण गराउने ।

(ङ) स्थानीय स्काउटका गतिविधिहरूको सञ्चालन र विकासका लागि शिक्षण, प्रशिक्षण र अनुसन्धानको व्यवस्था गर्ने, गराउने ।

(च) स्थानीय स्काउटलाई प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने ।

(छ) विपद्जन्य वा दुर्घटनाको बेलामा उद्धार तथा सहयोग जस्ता अन्य मानवीय सेवा कार्यमा स्काउटलाई परिचालन गर्ने ।

(ज) नेपाल स्काउट ऐन, २०५०, यस नियमावली र यस नियमावलीअन्तर्गत बन्ने विनियम एवम् आचारसंहिताअनुरूप स्थानीयस्तरमा स्काउटिङ गतिविधिलाई अगाडि बढाउने।

(झ) सम्बन्धित स्थानीय तहसँग नियमित रूपमा समन्वय गरी स्थानीय तह मातहतका सबै शैक्षिक संरचनामा स्काउटका इकाइको विकास, विस्तार गरी गुणात्मकता अभिवृद्धि गर्ने ।

(ञ) स्थानीय स्तरमा सामुदायिक विकास कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।

(ट) स्थानीय तह स्तरीय स्काउटको तथ्याङ्क अद्यावधिक रूपमा तयार गर्ने र प्रदेश स्काउट कार्यालयमा पेश गर्ने ।

२३. **स्थानीय कार्यकारी समितिको बैठक व्यवस्था :** (१) स्थानीय कार्यकारी समितिको बैठक र गणपूरक सङ्ख्या सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) स्थानीय कार्यकारी समितिको बैठक सामान्यतया वर्षको चारपटक बस्नेछ ।

(ख) बैठकको अध्यक्षता स्थानीय आयुक्तले गर्नेछ, अध्यक्षको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(ग) स्थानीय कार्यकारी समितिमा कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्यहरुको उपस्थित भएमा कार्यकारी समितीको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकमा बहुमतको निर्णय मान्य हुने छ, मत बराबर भएमा बैठकको अध्यक्षले दिएको मत निर्णायक हुनेछ ।

२४. **स्थानीय आयुक्तको काम, कर्तव्य र अधिकारः** (१)स्थानीय आयुक्तको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय कार्यकारी समितिको बैठकको अध्यक्षता गर्ने ।

(ख) स्थानीय परिषद् र स्थानीय कार्यकारी समितिले गरेका निर्णयहरू लागू र कार्यान्वयन गर्ने ।

ग) स्थानीय कार्यकारी समितिको बैठक नबसेको अवस्थामा तत्कालै आवश्यक निर्णय लिँदा सो निर्णय स्थानीय कार्यकारी समितिको बैठकबाट अनुमोदन गर्ने र गराउने ।

(घ) अत्यावश्यक स्थितिमा कम्तिमा चौबीस घण्टाको अग्रिम सूचना दिई स्थानीय कार्यकारी समितिको आकस्मिक बैठक बोलाउने, बोलाउन लगाउने ।

(ङ) स्थानीय सरकार, संघ संस्था एवम् अन्य कुनै व्यक्तिसँगको सम्बन्धमा स्थानीय स्काउटको तर्फबाट प्रतिनिधित्व गर्ने । सोको प्रयोजनको निमित्त पदाधिकारी, सदस्य वा कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्ने ।

(छ) आयुक्तहरुको जिम्मेवारी हेरफेर गर्ने ।

(ज) तोकिए बमोजिमका कार्य गर्ने ।

(झ) नेपाल स्काउट राष्टिय प्रधान कार्यालय र प्रादेशिक कार्यालयको परिपत्र कार्यान्वयन गर्ने गराउने ।

## परिच्छेद - ७

## इकाइ समिति

२५. **इकाइको गठनः** (१) नेपाल स्काउटको उद्देश्य, नीति र कार्यक्रमलाई उपयोगी र प्रभावकारी बनाउन समुदाय, विद्यालय तथा विश्वविद्यालयस्तरका बालबालिका, किशोरकिशोरी र युवावर्गलाई सहभागी गराई परिचालन गर्न देहाय बमोजिमका इकाइ हुनेछन् ।

(क) छ वर्षदेखि एघार वर्षसम्मका बालबालिकाको लागि कव ब्राउनी प्याक,

(ख) एघार वर्षदेखि सोह्र वर्षसम्मका किशोर-किशोरीका लागि स्काउट टुप,

(ग) सोह्र वर्षदेखि उन्नाइस वर्षसम्मका किशोर-किशोरीका लागि भेन्चर स्काउट टुप,

(घ) सत्र वर्षदेखि पच्चीस वर्षसम्मका युवा युवतीहरुको लागि रोभर रेन्जर क्र्यु,

(२) इकाइ गठन देहाय बमोजिमका हुनु पर्नेछ :

(क) सम्बन्धित इकाइको कम्तीमा दुईवटा समूह हुनु पर्नेछ र प्रत्येक समूहमा कम्तीमा छ जनाको सहभागिता भएको हुनु पर्नेछ ।

(ख) प्रत्येक इकाइमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरू भएको इकाइ समिति हुनेछ ।

(३) इकाई समितिको गठन देहायबमोजिम हुनेछ :

(क) संस्थाको प्रमुख वा विद्यालयको प्रधानाध्यापक एकजना - अध्यक्ष

(ख) शिक्षक एवंम् शिक्षिकाहरूमध्येबाट विद्यालयको अध्यक्षले तोकेको एकजना - सदस्य

(ग) विद्यालयका अध्यक्षले मनोनित गरेका स्काउटको अभिभावकहरूमध्येबाट दुईजना - सदस्य

(घ) विद्यालयका अध्यक्षले स्काउटको सिफारिसमा मनोनित स्काउटर एकजना - सदस्य

(ङ) अध्यक्षद्वारा मनोनित सम्बन्धित इकाइको स्काउटर एकजना - सदस्य सचिव

(च) संस्थाको हकमा संस्था प्रमुखले तोकेको व्यक्ति अध्यक्ष हुन सक्नेछ ।

(छ) माथिका खण्डहरूमा जे सुकै लेखिएको भए तापनि खुल्ला इकाइको हकमा अध्यक्षबाट मनोनित स्काउटिङ्ग विकासमा सहयोग गर्न व्यक्तिहरूमध्येवाट दुई जना मनोनित गर्न सकिनेछ । एउटै विद्यालय वा संस्थामा माथि उल्लेखित एउटा इकाइ भन्दा बढी वा तीनवटा इकाइहरु भएको खण्डमा ग्रुप समिति नामकरण गरी कार्य सञ्चालन गर्नु पर्ने छ तथा ग्रुप समितिमा नौजना सदस्यहरू रहन सक्नेछन्।

(४) इकाइ समितिको काम, कर्तव्य र अधिकार : इकाई समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संघ सस्था वा विद्यालय सदस्य छात्र छात्राहरूलाई स्काउट शिक्षाप्रति आकर्षित गर्ने, गराउने ।

(ख) इकाइ सुचारु रूपले सञ्चालन गर्न आर्थिक श्रोत जुटाउने ।

(ग) इकाइ सञ्चालन गर्न स्काउटहरूलाई प्रोत्साहन र सहयोग गर्ने ।

(घ) स्काउटहरुको मूल्याङ्कन गरी प्रस्कारको लागि सम्बन्धित क्षेत्रमा सिफारिस गर्ने ।

(५) इकाइ समितिहरू नेपाल स्काउटको स्थानीय कार्यकारी समितिमा दर्ता हुनुपर्ने छ। इकाइ समितिहरूको वार्षिक नवीकरण नेपाल स्काउटको स्थानीय कार्यकारी समितिले प्रत्येक वर्ष गर्नुपर्ने छ। यसरी नवीकरण भएका समितिहरुको विवरण सम्बन्धित प्रदेश कार्यालयमार्फत् राष्ट्रिय प्रधान कार्यालयमा पठाउनु पर्नेछ।

## परिच्छेद -८

## सम्मेलन तथा निर्वाचन सम्बन्धी व्यवस्था

२६. **सम्मेलन तथा निर्वाचन सम्बन्धी व्यवस्थाः** (१) नेपाल स्काउटको सबै तहको सम्मेलन मार्फत प्रत्येक चार वर्षमा निर्वाचन हुनेछ।

(२) सम्मेलनले नेपाल स्काउटको सबै तहको निर्वाचन गोप्य मतदानद्वारा गरिनेछ।

(३) सम्मेलन, निर्वाचन तथा योग्यता सम्बन्धी अन्य व्यवस्थामा सम्पूर्ण स्काउटरहरुलाई मतदानबाट वञ्चीत नगर्ने गरी राष्ट्रिय प्रधान कार्यालयले निर्देशीकामा तोकिदिए बमोजिम हुनेछ।

२७. **तदर्थ समिति गठन गर्न सकिनेः** १ प्रदेश तथा स्थानीय कार्यकारी समितिको हकमा यस नियमावली बमोजिमको कार्यकारी समितिको निर्वाचन भइनसकेको अवस्था वा निर्वाचित कार्यकारी समितिको कार्यकालको समाप्ति अगावै कनै कारणवश विघटन भएमा वा निष्क्रिय भएमा, उक्त कार्यकारी समितिहरूको दैनिक कामकाज गर्न र यस नियमावलीअनुसार निर्वाचन गराउने प्रयोजनका लागि नेपाल स्काउटको तत्काल कायम रहेको राष्ट्रिय कार्यकारी समितिले प्रदेश तथा स्थानीय तदर्थ समितिहरू गठन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम आवधिक निर्वाचन नहुँदा सम्मका लागि गठन गरिने प्रदेश तदर्थ समिति र स्थानीय तदर्थ समितिले विश्व स्काउटको सिद्धान्त, मूल्यमान्यता र नेपाल स्काउटको उद्देश्य, लक्ष्य र दूरदष्टि अनुरूपको कार्य नगरेमा राष्ट्रिय कार्यकारी समितिले जुनसुकै बेला विघटन गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम गठन हुने तदर्थ समितिको काम, कर्तव्य र अधिकार यसै नियमावलीमा व्यवस्था गरे बमोजिमको कार्यकारी समिति गर्ने काम, कर्तव्य र अधिकार हुनेछ।

## परिच्छेद - ९

## स्काउट आचार संहिता सम्बन्धी व्यवस्था

२८. **स्काउट, स्काउटर तथा पदाधिकारीले पालना गर्नु पर्ने आचारसंहिताः** (१) स्काउट, स्काउटर तथा पदाधिकारीहरूले पालना गर्नुपर्ने आचारसंहिता देहाय बमोजिम हुनेछ :

(क) स्काउटका आधारभूत सिद्धान्तलाई अक्षरशः पालना गर्नु पर्दछ ।

(ख) स्काउट प्रतिज्ञालाई सकभर आफनो जीवन पद्धतिको अङ्गको रूपमा अवलम्बन गर्नु पर्दछ ।

(ग) स्काउट नियमलाई दैनिक व्यवहारमा अनुसरण गर्न पर्नेछ ।

(घ) कुनै पनि भाषा, सम्प्रदाय, क्षेत्रीयता तथा धर्म विरोधी भावना राख्नु हुँदैन ।

(ङ) सादा रहन-सहन र उच्च विचारलाई अपनाउनु पर्दछ ।

(च) राष्ट्रिय भावना जाग्रित गरी देशमा भावनात्मक एकता ल्याउने काम गर्नु पर्दछ

(छ) राष्ट्र र राष्ट्रियताप्रति सम्मानको भावना राख्नुपर्दछ ।

(ज) स्काउटभित्रको तहगत प्रणाली (चेन अफ कमाण्ड) को पूर्ण पालना गर्नु पर्नेछ ।

(झ) आफनो सेवा र पदअनुसारको आचरण पालना गर्नु पर्नेछ ।

(ञ) पारस्परिक सदभावना र सम्मानको भावना राख्नु पर्दछ ।

(ट) विश्व बन्धुत्व र भगिनीत्वको भावना जागृत गर्ने खालका आचारणको पालना गर्नु पर्नेछ ।

(ठ) सेवा, अनुशासन, परोपकार, नैतिकता, सदाचार, सच्चरित्रता, धैर्यतालाई प्रोत्साहन दिनु पर्छ ।

(ड) स्काउट संस्थाको मर्यादा, सम्पत्ति र प्रतिष्ठामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आघात पुऱ्याउने काम कारबाहीमा संलग्न हुनु हुँदैन ।

(ढ) समाजसेवाको माध्यमबाट स्काउट स्वयम् अगुवा एवम् पथप्रदर्शक बन्ने प्रयास गर्नु पर्दछ ।

(ण) देश, समाज र संस्कृति उत्थान र मर्यादा वृद्धिको लागि प्रयत्नशील रहनु पर्दछ ।

(त) परिश्रमी तथा चरित्रवान नागरिक तयार गर्न स्वास्थ्य तथा सरसफाईप्रति सचेत रही स्वास्थ्यलाई अहित गर्ने चिजहरूलाई प्रयोग गर्न गराउन हुदैन ।

(थ) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारिता र तत्परताका साथ पालना गर्नु पर्दछ ।

(द) आफूभन्दा ठूलाको आदर तथा सानालाई माया गर्नु पर्दछ ।

(ध) स्काउटको नीति र आदर्शको विपरीत हुने गरी अथवा नेपाल सरकार अन्य संघ

संस्था वा जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्नु, प्रेसलाई खबर दिन, विद्युतीय सञ्चार माध्यमबाट भाषण प्रसारित गर्नु , कुनै सार्वजनिक भाषण दिनु वा कुनै वक्तव्य प्रकाशित गर्नु हुँदैन

(न) कुनै स्काउट तथा स्काउटर वा पदाधिकारीले अथवा प्रदेश र स्थानीय कार्यकारी समितिले नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको पूर्व स्वीकृतिविना नेपाल स्काउटको नाउँमा स्वदेशी वा विदेशी संघ संस्था सरकारसंग र व्यक्तिसँग कुनै प्रकारको सम्झौता गर्न हुदैन तथा कुनै विदेशी संघ संस्था सरकार वा व्यक्तिबाट कुनै प्रकारको दान दातव्य प्राप्त हुने भएमा राष्ट्रिय प्रधान कार्यालयमार्फत मात्र प्राप्त गर्न सकिनेछ। स्काउटहरूद्वारा संचालन हुने परियोजनाका लागि चाहिने आर्थिक तथा अन्य साधन प्राप्त गर्न माथिल्लो निकाय राष्ट्रिय प्रधान कार्यालयमार्फत् मात्र प्राप्त गर्न सकिनेछ।

२९. **<u>आचारसंहिता उल्लंघन गर्नेलाई सजायः</u>** (१) स्काउटको आचारसंहिता उल्लंघन गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुन सक्नेछः-

(क) अधिकार प्राप्त निकायले कसुर प्रमाणित भएमा पहिलो पटक तीन महिना, दोस्रा पटक एकवर्ष तथा तेस्रोपटक चार वर्षसम्मको लागि साधारण सदस्यबाट निलम्बन गरिने छ। तोकिएको अवधिमा आचरण सुधार नभएमा देहायबमोजिम सजाय हुन सक्नेछ।

(ख) स्काउटको कुनै पनि तहको पदाधिकारी बन्न र हुनबाट वञ्चित गर्ने, गराउने।

(ग) स्काउटको कुनै सभा सम्मेलन र अन्य क्रियाकलापमा समेत भाग लिनबाट वञ्चित गर्ने, गराउने।

(घ) आचारसंहिता उल्लङ्घन भएको ठहर भएमा संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हानी नोक्सानीको लेखाजोखा गरी क्षतिपूर्ति गराई निलम्बनसमेत गर्ने गराउने।

(ङ) आचारसंहिता सम्बन्धी अधिकार प्राप्त व्यक्ति वा निकाय भन्नाले देहायबमोजिम हुनेछ।

(च) प्रमुख आयुक्तको सम्बन्धमा राष्ट्रिय परिषद्को दुई तिहाईबाट पारित भई प्रमुख स्काउटको सिफारिसमा,

(छ) राष्ट्रिय कार्यकारिणी समितिका पदाधिकारी सदस्य वा अन्य आयुक्तहरूको हकमा प्रमुख आयुक्तको सिफारिसबाट प्रमुख स्काउटले,

(ज) नेपाल स्काउटका राष्ट्रिय तथा प्रदेश र स्थानीय तहका कर्मचारीहरूलाई सचिवबाट सिफारिस भई प्रमुख आयुक्तबाट,

(झ) प्रदेश कार्यालयका पदाधिकारीहरुलाई प्रदेश आयुक्तको सिफारिसमा प्रदेश प्रमुख स्काउटबाट,

(ञ) राष्ट्रिय तालिम दलका सदस्यलाई सम्बन्धित तालिम आयुक्तको सिफारिसमा प्रमुख आयुक्तले,

(ट) स्थानीय तथा इकाइका पदाधिकारीहरू र सदस्यहरूको हकमा स्थानीय आयुक्तको सिफारिसमा प्रदेश आयुक्तबाट

(२) माथि उपनियमहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि स्काउट आचारसंहिता पालना उल्लङ्घन गर्ने कुनै पनि स्काउट सदस्य, कुनै पनि कार्यकारी समिति पदाधिकारी एवम् सदस्य तथा कुनै पनि कार्यकारी समितिलाई देहायबमोजिम कारबाही हुनेछ । जसमा कुनै पनि इकाइका स्काउट सदस्य वा स्काउटका लागि इकाइ समिति, स्थानीय स्काउटअन्तर्गतका स्काउटका लागि स्थानीय कार्यकारी समिति, प्रदेश स्काउटअन्तर्गत स्काउटका लागि प्रदेश कार्यकारी समिति, केन्दीय तहमा राष्ट्रिय कार्यकारी समितिले मातहतका जुनै तहको कार्यकारी समिति, स्काउट सदस्यहरूलाई आवश्यक कारबाही गर्न सक्नेछ। त्यस्तो कारवाही गर्दा सम्बन्धित कार्यकारी समितिले पन्ध्र दिनभित्र सफाई पेस गर्ने मौका प्रदान गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम कारबाही भएमा पीडित पक्षले कारबाही गर्ने कार्यकारी समिति भन्दा एक तहमाथि पुनरावेदन गर्न सक्ने छ भने राष्ट्रिय कार्यकारी समितिले गरेको कारबाही उपर चित्त नबुझेमा प्रमुख स्काउट समक्ष पुनरावेदन गर्नसक्नेछ। प्रमुख स्काउटले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद - १०

## विविध

३०. **पदावधिको गणना सम्बन्धी व्यवस्थाः** (१) राष्ट्रिय, प्रदेश र स्थानीय परिषद् एवम् कार्यकारी समितिका सदस्यहरूको पदावधिको गणना गर्दा पदावधि सुरु हुने सालको असार चार गते गणना गरिने छ र चार वर्षको पदावधि नबढाई असार तीन गते पदावधि समाप्त भएको मानिनेछ ।

(२) राष्ट्रिय, प्रदेश र स्थानीय परिषद् एवम् कार्यकारी समिति र सदस्यको पद कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्रै सो रिक्त पदपूर्तिका लागि सम्बन्धित समितिको प्रमुखले मनोनित गर्नेछ ।

३१. **<u>कार्यविधि थप गर्न सकिने :</u>** (१) राष्ट्रिय कार्यकारी समितिको कार्यअवधि समाप्त भई कुनै कारणवश पुनर्गठन हुन नसक्ने अवस्था आइपरेमा दैनिक प्रशासन सञ्चालन गर्न बढीमा एक वर्षसम्मको लागि राष्ट्रिय परिषद्ले कार्य अवधि थप गर्न सक्नेछ ।

(२) प्रदेश र स्थानीय कार्यकारी समितिको कार्य अवधि समाप्त भई कुनै कारणवश पुनर्गठन हुन नसकेको अवस्था आई परे प्रदेशको हकमा बढीमा एक वर्षसम्मको लागि राष्ट्रिय कार्यकारी समितिले तथा स्थानीय पालिकाको हकमा प्रदेश कार्यकारी समितिले बढीमा एक वर्षसम्मका लागि कार्य अवधि थप गर्न सक्नेछ ।

३२. **<u>बैठक भत्ता तथा अन्य सुविधा :</u>** (१) राष्ट्रिय परिषद् प्रदेश परिषद् र स्थानिय परिषद्का अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा सदस्य सचिवले बैठकमा भाग लिए वापत नेपाल सरकार अर्थ मन्त्रालयले स्वीकृत गरेको मापदण्ड अनुरूप बैठक भत्ता पाउनेछन् ।

(२) राष्ट्रिय, प्रदेश, स्थानीय कार्यकारी समितिका सम्पूर्ण पदाधिकारीहरुले बैठकमा भाग लिए वापत राष्ट्रिय परिषद्ले निर्धारण गरे बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

(३) नेपाल स्काउटको उदेश्य प्राप्तिको लागि प्रमुख आयुक्त, सह-प्रमुख आयुक्त, आयुक्त, पदाधिकारी तथा सदस्यलाई कुनै काममा लगाउनु परेमा निजले प्राप्त गर्ने भ्रमण तथा होटल खर्च राष्ट्रिय प्रधान कार्यालयको स्वीकृत मापदण्ड अनुरूप हुनेछ ।

३३. **<u>कोषको सञ्चालनः</u>** (१) नेपाल स्काउटको मूल कोषको सञ्चालन प्रमुख आयुक्त अनिवार्य र राष्ट्रिय सचिव वा निर्देशकको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) प्रदेश स्काउटको बैक खाता प्रदेश आयुक्त र प्रदेश कार्यलय प्रमुख कर्मचारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(३) स्थानिय स्काउटको बैङ्क खाता स्थानीय आयुक्त र स्थानीय तहको युवा खेलकुद र शिक्षा हेर्ने कर्मचारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

३४. **<u>कार्य सञ्चालन खाता :</u>** (१) नेपाल स्काउटको दैनिक कार्य सञ्चालनको लागि महालेखा नियन्त्रक कार्यालयको सहजीकरणमा आवश्यकताअनुसार बैङ्कमा एक वा एकभन्दा बढी बैङ्कमा कार्य सञ्चालन खाता खोल्न सकिनेछ । यस खातामा मूल कोषबाट प्राप्त निकासा जम्मा हुनेछ र यस खाताको सञ्चालन <u>प्रमुख आयुक्त वा निर्देशक र लेखा प्रमुखको</u> संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कुनै दातृ संस्थाबाट स्काउटसंग सम्बन्धित कुनै परियोजना वा कार्यक्रम सञ्चालन गर्न आर्थिक सहयोग प्राप्त भएमा राष्ट्रिय कार्यकारी समितिले तोकेको कार्यविधि भित्र रहेर छुट्टै खाता सञ्चालन गर्न सकिनेछ ।

३५. **नियमावलीमा संशोधन :** (१) यस नियमावलीमा आवश्यक संशोधन गर्ने अधिकार राष्ट्रिय परिषद् लाई हुनेछ ।

(२) नियमावली संशोधन सम्बन्धी प्रस्ताव कार्यकारी समिति बाहेक अन्यले प्रस्ताव पेस गर्ने भएमा राष्ट्रिय परिषद्को बैठक बस्नुभन्दा कम्तीमा तीन महिना अगावै कार्यकारी समितिमा लिखित रूपमा पेस गर्नुपर्नेछ।

(३) नियम संशोधन सम्बन्धी प्रस्ताव राष्ट्रिय परिषद्मा उपस्थित दुई तिहाइ बहुमतबाट पारित भएमा नियम संशोधन भएको मानिनेछ ।

३६. **बहुपदमा निर्वाचित हुन नसकिने :** नेपाल स्काउटको राष्ट्रिय, प्रदेश, स्थानीय परिषद् एवं समितिको सम्बन्धित कुनै एक निकाय मनोनित भइसकेको व्यक्ति अर्को निकायको परिषद् एवं समितिको बहुपदमा निर्वाचित हुन पाउने छैन ।

३७. **राष्ट्रिय कार्यकारी समितिको विशेषाधिकार :** नेपाल स्काउटको प्रदेश एवम् स्थानीय कार्यकारी समिती कुनै निकायले ऐन, यस नियमावली र यसअन्तर्गत बन्ने विनियम वा संहिताको विपरीत कार्य गरेमा वा कानुनले निर्दिष्ट काम कर्तव्यको पालना नगरेमा राष्ट्रिय कार्यकारी समितिले त्यस्तो समितिलाई निलम्बन वा भङ्ग गरी अर्को व्यवस्था नभए सम्मका लागि तदर्थ समिति गठन गरी कार्य सञ्चालन गर्न लगाउन सक्नेछ ।

३८. **दर्ता नवीकरण:** नेपाल स्काउटसँग आवद्ध प्रदेश, स्थानीय तहका र सदस्यको सदस्यता प्राप्ति र नवीकरण सम्बन्धी व्यवस्था दर्ता नवीकरण विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

३९. **बुझबुझारथ :** ऐन, नियमबमोजिम पदावधि पूरा भई वा अन्य कुनै कारणवश साविकको कार्यकारी समिति कायम नरही नयाँ कार्यकारी समिति गठन हुने अवस्था आईपरेमा साविकको कार्यकारी समितिले हाल कायम कार्यकारी समितिलाई आफनो जिम्मा रहेको नगद जिन्सी आदि कुराको विवरण तयार गरी पन्ध्र दिनभित्र अनिवार्य रूपले रितपूर्वकको बुझवुझारथ गर्नु पर्नेछ । यदि बुझबुझारथ गर्न नमानेमा त्यस्तो कार्यकारी समिति वा सम्बन्धित पदाधिकारीको घरघरानाबाट सरकारी सम्पत्ति अपचलन गरे सरह प्रचलित कानुनबमोजिम सरकारी दायित्व बहन गर्नु पर्नेछ ।

४०. **अधिकार र प्रत्यायोजन :** (१) राष्ट्रिय परिषद्, राष्ट्रिय कार्यकारी समिति, प्रमुख स्काउट, प्रमुख आयुक्त, सह-प्रमुख आयक्त, आयुक्त वा राष्ट्रिय सचिवले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार मातहतको कुनै निकाय वा पदाधिकारी वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । यसरी अधिकार प्रत्यायोजन गरेको विषयमा छिटो प्रमुख आयुक्तलाई जानकारी गराउनु पर्नेछ ।

(२) प्रदेश परिषद्, प्रदेश कार्यकारी समिति, प्रदेश आयुक्त वा अन्य कुनै पदाधिकारीले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार मातहतको कुनै निकाय, पदाधिकारी वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । तर एकपटक प्रत्यायोजित भएको अधिकार पुनः अन्यलाई प्रत्यायोजन गर्न सकिने छैन । यसरी अधिकार प्रत्यायोजन गरेको विषय राष्ट्रिय प्रधान कार्यालयलाई जानकारी गराउनु पर्दछ ।

४१. **तालिम सम्बन्धी व्यवस्था :** (१) विश्व स्काउटको मूल्य र मान्यताबमोजिम सहायक राष्ट्रिय प्रशिक्षक र राष्ट्रिय प्रशिक्षकको तालिम प्राप्त गरी उत्तीर्ण प्रशिक्षकहरु राष्ट्रिय तालिम दलको सदस्यको रूपमा रहनेछन् ।

(२) नेपाल स्काउटको स्वीकृत तालिम नीति, वयस्क विकास नीतिअनुरूप तोकिए बमोजिमको तालिम कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्काउट कार्यालय र राष्ट्रिय तालिम दलको कर्तव्य हुनेछ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था अन्य नेपाल स्काउटको वयस्क विकास नीति र तालिम पद्धतीमा तोकिए बमोजिम हुनेछ ।

४२. **युवा कार्यक्रम सम्बन्धी व्यवस्था:** नेपाल स्काउटले बालबालिका तथा युवाहरूलाई निश्चित युवा कार्यक्रम (पाठ्यक्रम) तयार गर्न सक्ने छ । युवा कार्यक्रम सम्बन्धी अन्य व्यवस्था युवा कार्यक्रम नीतिमा तोकिए बमोजिम हुने छ । यस्तो पाठ्यक्रम लागु गर्ने सम्बन्धित निकायको स्वीकृतिको लागि मन्त्रालयमार्फत् प्रकृया अगाडि बढाउनु पर्नेछ ।

४३. **झण्डा र पोसाक सम्बन्धी व्यवस्था :** नेपाल स्काउटको सबै तहको झण्डा, स्काउट पोसाक, ब्याज, ब्याज पद्धती र स्काउट गीत विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

४४. **नेपाल स्काउट पसल र प्रतिलिपि अधिकार:** (१) नेपाल स्काउटले प्रयोग गर्ने पोसाक, ब्याज तथा स्काउट सामग्री स्काउटका सदस्यलाई सहज, सरल र सुलभ तरिकाले उपलब्ध गराउन नेपाल स्काउट आफैले वा तोकेको सेवा प्रदायकले नेपाल स्काउट पसल सञ्चालन गर्न सक्ने छ । यसरी पसल सञ्चालन गर्न नेपाल स्काउट राष्ट्रिय कार्यकारी समितिले सोही क्षेत्रमा सेवा प्रवाह गर्न निश्चित अवधिका लागि नेपाल स्काउटको पोसाक, ब्याज तथा स्काउट सामग्री तयारी तथा बिक्री वितरण गर्न करार गर्न सक्नेछ । यसरी करार सम्झौता गर्दा सम्झौता नेपाल स्काउटलाई अधिकतम् लाभांश प्राप्त हुनेगरी सहज रूपमा स्काउटका सामग्रीहरुको उपलब्ध हुने सुनिश्चिततामा ध्यान दिनुपर्नेछ ।

(२) नेपाल स्काउटसँग सम्बन्धित चिन्ह, सामग्री, नाम तथा नेपाल स्काउटले आफ डिजाइन गरी प्रयोगमा ल्याउने सामग्रीको प्रतिलिपि अधिकार कानुन बमोजिम नेपाल स्काउटसँग

मात्र सुरक्षित हुनेछ । यदि कुनै व्यक्ति वा संस्थाले प्रतिलिपि अधिकार विपरीतको कार्य गरेमा त्यस्ता व्यक्ति वा संस्थालाई प्रचलित कानुनबमोजिम कारबाही गरिनेछ ।

(३) प्रतिलिपि अधिकार सम्बन्धी अन्य व्यवस्था नेपाल स्काउट ब्राण्ड म्यानुअल अनुसार हुनेछ ।

४५. **विनियम तथा निर्देशिका बनाउने अधिकार :** राष्ट्रिय कार्यकारी समितिले नेपाल स्काउट ऐन र यस नियमावलीको प्रतिकूल नहुने गरी, विनियम तथा निर्देशिका बनाई लागु गर्न सक्ने छ र यसरी स्वीकृत भएका, विनियम तथा निर्देशिका अभिलेखको लागि मन्त्रालयलाई दिनु पर्नेछ ।

४६. **राजीनामा पेस गर्ने, स्वीकृति गर्ने र पदपूर्ती गर्ने अधिकार :** नेपाल स्काउटको' राष्ट्रिय, प्रदेश र स्थानीयको परिषद् र कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको राजीनामा स्वीकृति गर्ने अधिकार सम्बन्धित निकाय प्रमुखको हुनेछ ।

४७. **अवैतनिक स्काउट दूत :** (१) गैरआवासीय नेपालीहरूमध्येवाट नेपाल स्काउटले आफ्नो प्रतिनिधिको रूपमा प्रत्येक देशमा उपलब्ध भएसम्म एकजनालाई अवैतानिक स्काउट दूतको रूपमा ४ वर्षका लागि प्रमुख आयुक्तले मनोनित गर्न सक्नेछ ।

२) अवैतानिक स्काउट दूतले नेपाल स्काउटको आचरणवमोजिम कार्य नगरेमा जुनसुकै बखत प्रमुख आयूक्तले पदमुक्त गर्नेछ ।

४८. **बन्धुत्व स्काउटको मान्यता दिन सक्ने :** यस नियमावलीमा जुनसुकै करा लेखिएको भएतापनि स्काउटप्रति इमान्दार, लगनशील र वफादार हुने कुनै व्यक्ति वा संघ संस्था भएमा राष्ट्रिय कार्यकारी समितिले त्यस्तो व्यक्ति वा संघ संस्थाले गरेको कार्यको कदर गर्दै बन्धुत्व स्काउटको (Friends in Scouting) रूपमा मान्यता दिन सक्ने छ । यसका लागि नेपाल स्काउट राष्ट्रिय कार्यकारी समितिले तोके बमोजिम स्काउट फाउण्डेसनको स्थापना गर्न सक्नेछ ।

४९. **खारेजी र बचाउ :** (१) नेपाल स्काउट नियमावली, २०५१ र नेपाल स्काउट प्रदेश स्काउट संचालन नियमावली २०७७ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावलीबमोजिम भए गरेको मानिनेछ ।

(३) यस नियमावलीअनुशार प्रदेश स्काउट रिषद, प्रदेश कार्यकारी समिति, स्थानीय स्काउट परिषद् र स्थानीय कार्यकारी समिति गठन नभएसम्मको लागि उक्त परिषद् र समितिहरूले गर्नुपर्ने काम कारवाही यो नियमावली प्रारम्भ हुँदाका बखत कायम रहेको परिषद् र कार्यकारी समितिले गर्नेछ ।

**अनुसूची–१**

(**नियम २ को खण्ड थ सँग सम्बन्धित**)

**स्काउट नियम**

(क) स्काउट विश्वास योग्य हुन्छ ।

(ख) स्काउट भक्त हुन्छ ।

(ग) स्काउट उपयोगी र सहयोगी हुन्छ ।

(घ) स्काउट सबैको मित्र हुन्छ र परस्परमा भ्रातृत्व तथा भगिनित्व कायम राख्दछ ।

(ङ) स्काउट विनम्र हुन्छ ।

(च) स्काउट प्राणीप्रति दयालु हुन्छ ।

(छ) स्काउट अनुशासित र आज्ञाकारी हुन्छ ।

(ज) स्काउट बहादुर हुन्छ र सधैं प्रसन्न रहन्छ ।

(झ) स्काउट मितव्ययी हुन्छ ।

(ञ) स्काउट मन, वचन तथा कर्ममा पवित्र हुन्छ ।

**अनुसूची–२**

(**नियम २ को खण्ड द संग सम्बन्धित**)

**स्काउट प्रतिज्ञा**

म (आफ्नो नाम) आत्मा साक्षी राखी आफनो मर्यादामा प्रतिबद्ध भई प्रतिज्ञा गर्दछ कि सकभर

१) राष्ट्र र सत्य/निष्ठा /ईश्वर /धर्मप्रति आफनो कर्तव्य पालन गर्दछ ।

२) सधैं परोपकार गर्दछु ।

३) सधैं स्काउट नियम पालन गर्दछ ।

# युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन)

# नियमावली २०७७

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले नियम ९ बमोजिम नियुक्त कोषको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "ऋणी" भन्नाले कोष मार्फत स्वरोजगारको लागि ऋण प्राप्त गरेको व्यक्ति वा समूह सम्झनु पर्छ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले नियम २३ बमोजिम नियुक्त कोषको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) "कार्यक्रम' भन्नाले स्वरोजगार सम्बन्धी कार्यक्रम सम्झनु पर्छ ।

(च) "कोष' भन्नाले नियम ३ बमोजिमको कोष सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ज) "युवा" भन्नाले सोह्र वर्ष माथि चालीस वर्षसम्मका व्यक्ति सम्झनु पर्छ ।

(झ) "लक्षित समुदाय' भन्नाले आर्थिक रुपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, सीमान्तीकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित तथा पिछडिएको क्षेत्रका व्यक्ति वा समुदाय सम्झनु पर्छ र सो शब्दले गरीब किसान, मजदुर, सुकुम्बासी वा साना व्यवसायी समेतलाई जनाउँछ ।

(ञ) "वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम वित्तीय कारोबार गर्न अनुमति प्राप्त बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ठ) "समिति" भन्नाले नियम ७ बमोजिमको समिति सम्झनु पर्छ ।

(ड) "सहकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले सहकारी बैंक समेतलाई जनाउँछ ।

(ढ) "साना व्यवसायी" भन्नाले मुनाफा आर्जन गर्ने उद्देश्यले स्वरोजगारजन्य आर्थिक क्रियाकलाप गर्ने व्यक्ति वा समूह सम्झनु पर्छ ।

(ण) "स्वरोजगार' भन्नाले आफ्नो श्राम, सीप, ज्ञान र पुंजीको परिचालन गरी कुनै बस्तु वा सेवाको उत्पादन, त्यस्तो वस्तु वा सेवाको व्यापार, लघु उद्यम, साना वा घरेलु उद्योग सञ्चालन वा साना व्यापार, व्यवसाय वा त्यस्तै अन्य कुनै उद्यम गरी आय आर्जन गर्ने क्रियाकलाप सम्झनु पर्छ ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

## कोषको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **कोषको स्थापना**: (१) लक्षित समुदायलाई सहुलियत ब्याज दरमा विना धितो ऋण लगानी गर्न एक युवा तथा साना व्यवसायी स्वरोजगार कोष रहनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् -

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम वा सहयोग,

(ग) कोषको चल तथा अचल सम्पत्तिको परिचालनबाट आर्जन भएको रकम,

(घ) वित्तीय संस्था मार्फत विपन्न वर्गमा लगानी गर्न निर्धारित रकम,

(ङ) कोषले गरेको लगानीबाट प्राप्त रकम ।

(३) उपनियम (२) को खण्ड (ख) बमोजिमको रकम वा सहयोग लिनु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिमको कोषमा जम्मा भएको रकम समितिले तोकेको बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

४. **कोषको कार्यालयः** (१) कोषको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र कोषले आवश्यकता अनुसार प्रदेशस्तरमा आफ्नो शाखा कार्यालय खोल्न सक्नेछ ।

(२) कोषको सङ्गठन संरचना र दरबन्दी समितिको सिफारिसमा मन्त्रालयबाट स्वीकृत भए बमोजिम हुनेछ ।

५. **कोषको कार्यः** कोषले आफ्नो उद्देश्य पूरा गर्न देहायका कार्य गर्नेछ :

(क) स्वरोजगार बन्न चाहने लक्षित समुदायका युवा तथा साना व्यवसायीलाई श्रम, सीप र उत्पादनमूलक कार्यमा लगाई स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै रोजगारीका अवसर सिर्जना गरी सामाजिक, सांस्कृतिक, आर्थिक रुपान्तरण र विकास कार्यमा परिचालन गर्ने,

(ख) लक्षित समुदायमा परम्परागत पेशा र सीप विकास तथा व्यवसाय प्रवर्द्धनको लागि सहुलियत दरमा ऋण लगानी गर्ने,

(ग) स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीयस्तरमा उत्पादन हुने वस्तुको व्यवसायीकरणमा योगदान पुग्ने कार्यक्रम सञ्चालन गर्ने,

(घ) नेपाल सरकारले पहिचान गरेको गरिब परिवारलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने,

(ङ) रोजगार प्रवर्द्धन गर्ने व्यवसाय, सामूहिक कृषि तथा पशुपालन लगायतका निर्यातमूलक वा आयात प्रतिस्थापन गर्ने उत्पादनशील व्यवसायमा लगानी गर्ने,

(च) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले सञ्चालन गर्ने साना व्यवसायका लागि ऋण लगानी गर्ने ।

६. **कोषको प्रयोगः** (१) कोषको रकम देहायको कार्यका लागि प्रयोग गरिनेछ :

(क) वित्तीय संस्था, सहकारी संस्था मार्फत स्वरोजगार बन्न चाहने लक्षित समुदायका युवा तथा साना व्यवसायीलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउन,

(ख) कोषको स्वीकृत वार्षिक कार्यक्रम अनुसारको कार्यक्रम सञ्चालन गर्न,

(ग) ब्याज, अनुदान, कर्जा व्यवस्थापन शुल्क, बीमा प्रिमियम शुल्क र कर्जा सुरक्षण शुल्क अनुदानस्वरुप उपलब्ध गराउन,

(घ) कोषको उद्देश्य प्राप्तिको लागि समितिले गर्ने अन्य कार्य गर्न वा गराउन ।

(२) उपनियम (१) बमोजिम कोषको रकम प्रयोग गर्दा प्रचलित कानूनको अधीनमा रही समितिले स्वीकृत गरेको कार्यक्रममा मात्र प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद-३

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

७. **समितिको गठन**: (१) कोषको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा सुपरीवेक्षण गर्नको लागि कोषमा देहाय बमोजिमका पदाधिकारी रहेको एक सञ्चालक समिति रहनेछ ः

(क) युवा तथा खेलकुद मन्त्री वा राज्य मन्त्री - अध्यक्ष

(ख) कोषको उपाध्यक्ष - उपाध्यक्ष

(ग) उपाध्यक्ष, राष्ट्रिय युवा परिषद् - सदस्य

(घ) सदस्य, राष्ट्रिय योजना आयोग (युवा सम्बन्धी विषय हेर्ने) - सदस्य

(ङ) गभर्नर, नेपाल राष्ट्र बैङ्क वा निजले तोकेको डेपुटी गभर्नर - सदस्य

(च) सचिव, अर्थ मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - सदस्य

(छ) सचिव, गृह मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य

(ज) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - सदस्य

(झ) सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - सदस्य

(ञ) सचिव, मन्त्रालय -सदस्य

(ट) अध्यक्ष, बीमा समिति -सदस्य

(ठ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(ड) कार्यकारी निर्देशक - सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ। तर एक बैठक र अर्को बैठक बीचको अवधि चार महिना भन्दा बढी हुने छैन ।

(३) समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(६) समितिको बैठकमा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सदस्य-सचिवले प्रमाणित गर्नु पर्नेछ ।

(८) समितिका सदस्यले समितिको बैठकमा भाग लिए बापत नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेको मापदण्ड बमोजिमको बैठक भत्ता पाउने छन् ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **समितिको काम, कर्तव्य र अधिकार:** यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कोषको लागि आवश्यक नीति निर्माण गर्ने,

(ख) कोषको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) कोषको सञ्चालन र व्यवस्थापन गर्ने,

(घ) कार्यक्रमको लागि प्रदान गरिने ऋण लगानीको आधार तयार गर्ने, ऋणको दर, कर्जा व्यवस्थापन शुल्क र व्याज अनुदान रकम निर्धारण गर्ने,

(ङ) कोष मार्फत सञ्चालित कार्यक्रमको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने वा गराउने,

(च) वित्तीय संस्था, सहकारी संस्था वा अन्य निकायलाई कार्यक्रममा लगानी गर्ने वातावरण सिर्जना गर्न संघ, प्रदेश तथा स्थानीयस्तरमा आवश्यक संयन्त्र निर्माणका लागि सहजीकरण गर्ने,

(छ) कोषका कार्यक्रमको तर्जुमा, कर्जा लगानी तथा असूली, लगानीको बीमा, कार्यक्रमको मूल्याङ्कन, ब्याज अनुदान वितरण लगायतको कार्यमा स्थानीय समन्वय तथा अनुगमन समितिलाई परिचालन गर्ने वा गराउने,

(ज) कोषको विनियमावली तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्ने,

(झ) कोषको सङ्गठन संरचना र कर्मचारीको दरबन्दी स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(ञ) बेरोजगार युवा जनशक्तिलाई उनीहरुको ज्ञान सीपको आधारमा स्वदेशमा रोजगारीको अवसर सिर्जना गर्नको लागि सम्बन्धित अभिमुखिकरण गर्ने संस्थासँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ट) कोषको उद्देश्य प्राप्तिका लागि मन्त्रालयको पूर्व स्वीकृति लिई गैर सरकारी वा अन्तर्राष्ट्रिय संघ, संस्थासँग सहकार्य गर्ने,

(ठ) युवा, साना व्यवसायी वा लक्षित समुदायका व्यक्ति वा समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, स्थानीय तह तथा अन्य संघ संस्थासँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ड) कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिने ।

९. <u>**उपाध्यक्षः**</u> (१) कोषमा एकजना उपाध्यक्ष रहनेछ ।

(२) उपनियम (३) बमोजिमको सिफारिस समितिबाट सिफारिश भएका व्यक्तिमध्येबाट नेपाल सरकारले एक जनालाई कोषको उपाध्यक्षमा नियुक्त गर्नेछ । ।

(३) उपाध्यक्षको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष - संयोजक

(ख) राष्ट्रिय योजना आयोगको सदस्य (रोजगारी हेर्ने) - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(४) उपनियम (३) बमोजिमको सिफारिस समितिले देहायको योग्यता पुगेका व्यक्तिमध्येबाट उपाध्यक्षको लागि तीन जना व्यक्तिको नाम मन्त्रालयमा सिफारिस गर्नेछः

(क) नेपाली नागरिक,

(ख) चालीस वर्ष उमेर पूरा भएको,

(ग) मान्यता प्राप्त विश्व विद्यालयबाट मानविकी, अर्थशास्त्र, वाणिज्यशास्त्र, कानून वा व्यवस्थापनमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको,

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(५) उपनियम (४) बमोजिम सिफारिस भई आएका व्यक्तिमध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नको लागि मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नेछ ।

(६) उपनियम (५) बमोजिम मन्त्रालयबाट पेश भएका व्यक्तिमध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले एक जना व्यक्तिलाई उपाध्यक्षको पदमा नियुक्त गर्नेछ ।

(७) उपनियम (६) बमोजिम नियुक्त उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ र निज पुनः एक कार्यकालको लागि नियुक्त हुन सक्नेछ ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, कोषको हित वा उद्देश्य विपरीत काम गरेमा वा निजमा खराब आचरण देखिएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(९) उपाध्यक्षले कोषको कार्यकारी प्रमुखको रुपमा पूरा समय काम गर्नेछ ।

(१०) उपाध्यक्षको पारिश्रमिक तथा सुविधा नेपाल सरकार, मन्त्रिपरिषद्ले तोके बमोजिम हुनेछ ।

१०. **पद रिक्त हुनेः** उपाध्यक्षको पद देहायको अवस्थामा रिक्त हुनेछः

(क) आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) पैसट्ठी वर्ष उमेर पूरा भएमा,

(ग) निजलाई नियम ९ को उपनियम (८) बमोजिम हटाइएमा,

(घ) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमति वा नागरिकता लिएमा,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएमा, वा

(च) मृत्यु भएमा ।

११. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कोषको अल्पकालीन तथा दीर्घकालीन नीति, योजना तथा कार्यक्रम तयार गरी समिति समक्ष पेश गर्ने,

(ख) समितिको निर्णय कार्यन्वयन गर्ने वा गराउने,

(ग) अध्यक्षको परामर्शमा समितिको बैठकमा पेश गर्नु पर्ने विषयसूची तयार गर्ने वा गराउने,

(घ) कोषबाट सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गर्ने वा गराउने,

(ङ) वित्तीय संस्था, सहकारी संस्था र अन्य सरोकारवालासँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(च) कोषको उद्देश्य प्राप्तिका लागि गरिनु पर्ने कार्यका लागि कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिने,

(छ) समितिले तोकिदिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४

## स्थानीय समन्वय तथा अनुगमन समिति

१२. **स्थानीय समन्वय तथा अनगमन समितिः** (१) कोषद्वारा सञ्चालित कार्यक्रमको समन्वय तथा अनुगमनको लागि प्रत्येक स्थानीय तहमा देहाय बमोजिमको एक स्थानीय समन्वय तथा अनुगमन समिति रहनेछः

(क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) उद्यमशिलतामा क्रियाशील युवामध्ये सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको कम्तीमा एक जना महिला र दलित सहित तीन जना -सदस्य

(ग) स्वरोजगार सहजकर्ता -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिको सचिवालय सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ र बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सदस्य-सचिवले प्रमाणित गर्नेछन् ।

(५) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. **स्थानीय समन्वय तथा अनगमन समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहमा सञ्चालन हुन सक्ने कार्यक्रमहरु पहिचान गरी कोषलाई जानकारी गराउने,

(ख) स्वरोजगारका लागि लक्षित समुदायका व्यक्ति वा समूह पहिचान गरी ऋण लगानीको वातावरण निर्माण गर्ने,

(ग) कार्यक्रम अन्तर्गत स्थानीय तहमा सञ्चालित परियोजनाको कार्ययोजना तयार गर्ने र सोको अनुगमन, मूल्याङ्कन तथा आवश्यक समन्वय गरी चौमासिक प्रतिवेदन कोषमा पठाउने,

(घ) कार्यक्रमबाट उत्पादित वस्तु तथा सेवाको बजारीकरणमा सहयोग पुर्‍याउने,

(ङ) परियोजना छनौटको लागि प्रस्ताव सङ्कलन र सिफारिस गर्ने,

(च) समयमा किस्ता नबुझाउने तथा ऋणको दुरुपयोग गर्ने व्यवसायीलाई सम्झौता अनुसार किस्ता बुझाउन तथा रकम फिर्ता गर्न सूचना एवम् आवश्यकता अनुसार निर्देशन दिने,

(छ) समयमा ऋणको किस्ता रकम नबुझाउने सहकारी संस्थाका सञ्चालकको विवरण तथा अभिलेख तयार गरी कोषलाई जानकारी गराउने ।

१४. **स्वरोजगार सहजकर्ताः** (१) कोषबाट सञ्चालन गरिने कार्यक्रमको प्रवर्द्धन, समन्वय, अनुगमन, ऋण असूली र सहजीकरण समेतको कार्य गर्नको लागि प्रत्येक स्थानीय तहमा कार्यरत रोजगार संयोजक स्वरोजगार सहजकर्ताको रुपमा रहनेछ ।

(२) उपनियम (१) बमोजिमको स्वरोजगार सहजकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कोषको उद्देश्य अनुरुपको कार्यक्रम प्रवर्द्धनको लागि आवश्यक सहयोग गर्ने,

(ख) कोष मार्फत ऋण लिई व्यवसाय गर्न चाहने व्यक्तिको कोषले निर्धारण गरे बमोजिम कर्जा लगानीको लागि स्थानीय समन्वय तथा अनुगमन समितिमा सिफारिस गर्ने,

(ग) ऋणीले सञ्चालन गरेको व्यवसायको निरन्तर अनुगमन गरी तोकिएको समयावधि भित्र ऋण तिर्न ऋणीलाई प्रेरित गर्ने,

(घ) समयमा किस्ता रकम नबुझाउने तथा कर्जाको दुरुपयोग गर्ने ऋणीलाई सम्झौता अनुसार किस्ता रकम बुझाउन निर्देशन दिने,

(ङ) ऋण लगानी तथा असुली सम्बन्धमा कोषले दिएको निर्देशन कार्यान्वयन गर्ने,

(च) कोष तथा स्थानीय समन्वय तथा अनुगमन समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने ।

## परिच्छेद-५

## कार्यक्रम सञ्चालन, ऋण लगानी तथा बीमा सम्बन्धी व्यवस्था

१५. **प्रस्ताव पेश गर्ने:** (१) कोषले सञ्चालन गर्ने कार्यक्रमका सम्बन्धमा समय समयमा सञ्चार माध्यमबाट सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रकाशित सूचना बमोजिम कार्यक्रम सञ्चालन गर्न चाहने वित्तीय संस्था वा सहकारी संस्थाले कोषले निर्धारण गरेको ढाँचामा प्रस्ताव पेश गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त प्रस्ताव स्वीकृत भए पछि समितिले तोकेको ढाँचामा त्यस्तो वित्तीय संस्था वा सहकारी संस्थाबीच सम्झौता गरिनेछ ।

१६. **कर्जा लगानी:** (१) कोषले समितिले तोकेको सीमाभित्र रही वित्तीय संस्था वा सहकारी संस्था मार्फत लक्षित समुदायमा कार्यक्रमको लागि कर्जा लगानी गर्नु पर्नेछ ।

(२) कोषले उपनियम (१) बमोजिम कर्जा लगानी गर्दा लक्षित समुदायका युवा तथा साना व्यवसायीलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कोषले गरेको कर्जा लगानी अन्तर्गत कर्जा प्राप्त गर्ने तरिका, कर्जा रकमको सीमा, किस्ता बुझाउनु पर्ने अवधि, कर्जाको दर, कर्जा चुक्ता तथा साँवा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) स्वरोजगार प्रवर्द्धनको लागि लक्षित समुदायलाई कर्जा लगानी गर्दा व्यक्तिगत वा सामूहिक जमानी वा परियोजना धितो लिन सकिनेछ ।

(५) कोषले आफ्नो शाखा कार्यालय मार्फत समितिले निर्धारण गरेको सीमासम्मको कर्जा लगानी, असुली लगायतका अन्य कार्यहरु गर्न वा गराउन सक्नेछ ।

(६) उपनियम (१) बमोजिम कर्जा लगानी गर्दा कोषले सम्बन्धित वडाको सिफारिस माग गर्न सक्नेछ ।

(७) यस नियम बमोजिम कोषले कर्जा लगानी गर्दा नेपाल सरकारबाट सहुलियतपूर्ण ब्याज अनुदान नपाएका व्यक्ति वा समूहमा दोहोरो नपर्ने गरी लगानी गर्नु पर्नेछ ।

१७. **ऋणको बीमा र कर्जा सुरक्षण:** (१) कोषबाट लगानी हुने व्यवसाय र व्यवसायीको कोषले बीमा गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम बीमा गर्ने कार्यमा राष्ट्रिय बीमा समितिले आवश्यक व्यवस्था मिलाउनेछ ।

(३) उपनियम (१) बमोजिम गरेको बीमाले खराब ऋणी बाहेकको अन्य सबै जोखिम बहन गर्नेछ ।

१८. **ब्याज दर निर्धारण तथा अनदान दिन सक्ने:** (१) कार्यक्रम अन्तर्गत लगानी गरिने कर्जाको दर समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम ब्याज दर निर्धारण गर्दा कोषलाई विपन्न वर्ग कर्जा अन्तर्गत प्राप्त हुने कर्जाको दरभन्दा कम नहुने गरी निर्धारण गर्नु पर्नेछ ।

(३) कोषले कुनै ऋणीले कर्जाको साँवा ब्याज सहितको किस्ता तोकिएको समयमा चुक्ता गरेमा त्यस्ता ऋणीलाई समितिले निर्धारण गरे बमोजिम ब्याजमा छुट दिन सक्नेछ ।

१९. **कर्जा असुल गरिने:** (१) कार्यक्रमको लागि कर्जा लिने व्यक्ति वा संस्थाले जुन प्रयोजनको लागि कर्जा लिएको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कर्जा लिएको प्रयोजन बाहेक अन्य प्रयोजनमा उपयोग गरेमा, कर्जाको दुरुपयोग गरेमा वा निर्धारित समयमा साँवा, ब्याज भुक्तानी नगरेमा त्यस्ता

ऋणीबाट कोषले प्रचलित कानून बमोजिम सम्झौतामा उल्लेख भए बमोजिम साँवा, ब्याज र हर्जना समेतको रकम असुल गर्नेछ ।

(३) उपनियम (२) बमोजिम रकम नतिर्ने ऋणीलाई कोषले कर्जा सूचना केन्द्रको कालो सूचीमा राख्न, निजको चल, अचल सम्पति रोक्का राख्न, बैङ्क तथा वित्तीय संस्थामा रहेको खाता रोक्का राख्न वा नेपाल सरकारबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गर्न र प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न सक्नेछ ।

(४) वित्तीय संस्था वा सहकारी संस्था मार्फत कार्यक्रमको लागि कोषसँग भएको सम्झौता बमोजिम कोषबाट लिएको कर्जाको साँवा तथा समयमा चुक्ता गर्ने, गराउने प्रमुख जिम्मेवारी सम्बन्धित वित्तीय संस्था वा सहकारी संस्थाको सम्बद्ध पदाधिकारीको हनेछ ।

(५) उपनियम (४) बमोजिम जिम्मेवारी पूरा नगर्ने संस्था र त्यसका सम्बद्ध पदाधिकारीलाई कानून बमोजिम कारबाही गर्न कोषले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(६) कोषबाट कर्जा लिएका वित्तीय संस्था वा सहकारी संस्थाले उक्त कर्जाको साँवा तथा ब्याज रकम तोकिएको समयमा नबुझाएमा कोषले त्यस्ता संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा सदस्यको सम्बन्धित निकाय मार्फत चल, अचल सम्पत्ति रोक्का गर्न, नेपाल सरकारबाट प्रदान गरिने सबै सेवा सुविधा रोक्का गर्न र कालोसूचीमा राख्ने लगायतका कारबाही गरी साँवा तथा व्याजको रकम असूल गर्नेछ ।

(७) यस नियम बमोजिम कोषले कारबाही गरी साँवा र ब्याज असूल गरिएको व्यक्ति र संस्थाको अभिलेख राखी त्यस्तो व्यक्ति र संस्थालाई कोषबाट पुनः कर्जा उपलब्ध गराइने छैन ।

(८) उपनियम (३) र (६) बमोजिम कोषबाट कारबाहीको लागि लेखी आएमा सम्बन्धित निकायले कारबाही गरी सहयोग गर्नु पर्नेछ ।

(९) कोषले कर्जा रकम नबुझाउने वित्तीय संस्था, सहकारी संस्था वा लक्षित समुदायका व्यक्ति वा समूहको नामको रोक्का रहेको अचल सम्पत्ति प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी कर्जा रकम असुल गर्न सक्नेछ ।

२०. **सहयोग गर्न पर्नेः** (१) कार्यक्रम अन्तर्गत कर्जा लिई उत्पादन गरिएका वस्तु वा सेवा जुन क्षेत्रमा उत्पादन भएको हो सोही क्षेत्रमा उपयोग गर्न वा गराउन र सो क्षेत्रमा उपयोग भई बढी हुन आएका वस्तु वा सेवालाई देशको अन्य स्थान वा विदेशमा पठाउने कार्यमा सम्बन्धित प्रदेश सरकार, स्थानीय तह, सहकारी संस्था र अन्य सरकारी निकायले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(२) कार्यक्रम सञ्चालन, अनुगमन तथा कर्जा असुली सम्बन्धी कार्यमा कोष तथा नेपाल सरकारका निकायलाई सम्बन्धित प्रदेश सरकार, स्थानीय तह, वित्तीय संस्था तथा सहकारी संस्थाले आवश्यक सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद-६

## कोषको खाता सञ्चालन, लेखा तथा लेखापरीक्षण

२१. **खाता सञ्चालन:** (१) कोषको खाता सञ्चालन कार्यकारी निर्देशक र कोषको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कार्यक्रमको लागि कोषबाट लगानी हुने रकम बैङ्क वा वित्तीय संस्था मार्फत सम्बन्धित संस्था, समूह वा व्यक्तिको खातामा उपलब्ध गराउनु पर्नेछ ।

२२. **लेखा र लेखापरीक्षण:** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(२) कुनै दातृ निकायबाट प्राप्त आर्थिक सहायता वा वस्तुगत सहायताको लेखा वा अभिलेख प्रयोजन खुल्ने गरी राख्नु पर्नेछ ।

(३) कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद-७

## कार्यकारी निर्देशक

२३. **कार्यकारी निर्देशक:** (१) कोषको दैनिक कार्य सञ्चालनको लागि प्रतिस्पर्धाको आधारमा एक कार्यकारी निर्देशकको नियुक्ति गरिनेछ ।

(२) कार्यकारी निर्देशकले कोषको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

(३) कार्यकारी निर्देशकको नियुक्तिको लागि मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) राष्ट्र बैङ्कको सम्बन्धित क्षेत्र हेर्ने डेपुटी गभर्नर -सदस्य

(ग) मन्त्रालयले तोकेको एक जना विज्ञ -सदस्य

(४) उपनियम (३) बमोजिमको समितिले देहायको योग्यता पुगेका व्यक्तिमध्येबाट कार्यकारी निर्देशक नियुक्तिको लागि उपलब्ध भएसम्म तीन जना व्यक्तिको नाम मन्त्रालय समक्ष सिफारिस गर्नेछः

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(ग) मान्यता प्राप्त विश्व विद्यालयबाट अर्थशास्त्र, वाणिज्य शास्त्र, वाणिज्य कानून वा व्यवस्थापन विषयमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको,

(घ) बैङ्क, वित्तीय वा आर्थिक क्षेत्रमा कम्तीमा अधिकृतस्तरको व्यवस्थापकीय जिम्मेवारीमा रही कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको,

(ङ) तत्काल कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(५) उपनियम (४) बमोजिम सिफारिस भई आएका व्यक्तिमध्येबाट कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नको लागि मन्त्रालयले नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नेछ ।

(६) उपनियम (५) बमोजिम मन्त्रालयले पेश गरेका व्यक्तिमध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले उपयुक्त एक जना व्यक्तिलाई कोषको कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ।

(७) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज एक पटकको लागि पुनः नियुक्त हुन सक्नेछ ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, कोषको हित वा उद्देश्य विपरीत काम गरेमा वा निजमा खराब आचरण देखिएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(९) कार्यकारी निर्देशकको पारिश्रमिक र अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(१०) कार्यकारी निर्देशकको नियुक्तिको सिफारिस सम्बन्धी अन्य कार्यविधि उपनियम (३) बमोजिमको समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. **पद रिक्त हुने:** कार्यकारी निर्देशकको पद देहायको अवस्थामा रिक्त हुनेछः

(क) आफ्नो पदबाट लिखित रुपमा राजीनामा दिएमा,

(ख) पैंसठ्ठी वर्ष उमेर पूरा भएमा,

(ग) निजलाई नियम २३ को उपनियम (८) बमोजिम हटाइएमा,

(घ) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमति वा नागरिकता लिएमा,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, लैङ्गिक हिंसा, मानव बेचविखन तथा ओसार पसार, लागू औषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, संगठित अपराध वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएमा, वा

(च) मृत्यु भएमा ।

२५. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कोषको वार्षिक कार्यक्रम र बजेट तयार गरी समितिमा पेश गर्ने,

(ख) कोषको व्यावसायिक कार्ययोजना तयार गर्ने,

(ग) कोषको संस्थागत सुशासन कायम राख्ने,

(घ) अध्यक्ष तथा उपाध्यक्षको परामर्शमा समितिको बैठकमा पेश गर्नु पर्ने विषयसूची तयार गर्ने वा गराउने,

(ङ) कोषको दैनिक प्रशासन तथा जनशक्ति व्यवस्थापन गर्ने र कर्मचारीको सुपरीवेक्षण तथा नियन्त्रण गर्ने वा गराउने,

(च) कोषबाट सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गर्ने वा गराउने,

(छ) वित्तीय संस्था, सहकारी संस्था र अन्य सरोकारवालासँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(ज) समितिको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(झ) कोषको लेखा राख्न लगाउने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्ने वा गराउने,

(ञ) कोषको लेखा उत्तरदायी अधिकृत भई काम गर्ने,

(ट) कोषको आवधिक र वार्षिक प्रतिवेदन तयार गर्ने,

(ठ) समितिले तोके बमोजिमका अन्य कार्यहरु गर्ने वा गराउने ।

## परिच्छेद-८

## विविध

२६. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने:** (१) कोषले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत तोके बमोजिम हुनेछ ।

२७. **वार्षिक प्रतिवेदन:** (१) कोषले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य विषयको अतिरिक्त देहायका विषय समेत समावेश गर्नु पर्नेछः

(क) कोषले वर्ष भरी सञ्चालन गरेको कार्यक्रम,

(ख) विभिन्न स्रोतबाट कोषमा प्राप्त रकम,

(ग) कार्यक्रम सञ्चालन गर्दा भएको खर्च रकम,

(घ) कोषले वर्ष भरी गरेको कर्जा लगानी,

(ङ) ऋणीबाट प्राप्त हुन आएको साँवा फिर्ता तथा व्याज रकम,

(च) कर्जा लगानीबाट स्वरोजगारीमा भएको प्रगति,

(छ) कोषबाट सञ्चालित कार्यक्रमबाट लाभान्वित वर्ग र त्यसको सङ्ख्या,

(ज) प्राप्त उपलब्धि तथा आगामी दिनमा गर्नु पर्ने सुधार ।

(३) यस नियम बमोजिम पेश भएको प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि कोषले सार्वजनिक गर्नु पर्नेछ ।

२८. **पारदर्शिता कायम गर्नु पर्ने:** कोषले आफूले सम्पादन गरेका काम कारबाही, वित्तीय साधनको प्राप्ति तथा परिचालन, सोको प्रतिफल सहितको विवरण तयार गरी सर्वसाधारणको जानकारीको लागि प्रत्येक छ महिनामा सार्वजनिक गर्नु पर्नेछ ।

२९. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) कोषको काम सुचारु रुपले सञ्चालन गर्न स्वीकृत सङ्गठनात्मक संरचना बमोजिम कोषमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन् ।

(२) कोषका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त सम्बन्धी व्यवस्था तत् सम्बन्धी विनियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) कोषको स्वीकृत सङ्गठनात्मक संरचना बमोजिमको पद कुनै कारणले रिक्त भई तत्काल पूर्ति हुन सक्ने अवस्था नरहेमा कोषको माग बमोजिम मन्त्रालयले आवश्यक कर्मचारीको व्यवस्था मिलाउनेछ ।

३०. **कार्य सम्पादन करार गर्नु पर्ने:** (१) कार्यकारी निर्देशकले उपाध्यक्षसँग समितिले तोकेको ढाँचामा कार्य सम्पादन करार गर्नु पर्नेछ । त्यस्तो कार्य सम्पादन करारको जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ ।

(२) कोषमा कार्यरत अन्य कर्मचारीले कार्यकारी निर्देशकसँग कार्य सम्पादन करार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम गरिएको कार्य सम्पादन करारको प्रगति मूल्याङ्कन गरी सोको आधारमा आवश्यकता अनुसार निजहरुको जिम्मेवारी हेरफेर गर्न सकिनेछ ।

३१. **अभिलेख राख्नु पर्ने:** कोषले आफूले गरेको काम कारबाहीको अभिलेख सुरक्षित राख्नु पर्नेछ ।

३२. **कोषको प्रशासनिक खर्च:** कोषको दैनिक प्रशासन सञ्चालनको लागि आवश्यक पर्ने खर्च नेपाल सरकारले उपलब्ध गराउनेछ ।

३३. **अधिकार प्रत्यायोजन:** (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार कोषका अन्य अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३४. **नेपाल सरकारसँग सम्पर्क:** कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३५. **कोष खारेज हुन सक्ने:** (१) कोषको उद्देश्य पूरा भएमा वा कुनै कारणले कोष सञ्चालन गर्न उपयुक्त नदेखिएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले जुनसुकै बखत कोष खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको चल तथा अचल सम्पत्ति स्वतः नेपाल सरकारमा सर्नेछ र कोषको नामबाट भएको कर्जा लगानी, कर्जा असुली तथा कोषको दायित्व सम्बन्धमा मन्त्रालयले आवश्यक व्यवस्था गर्नेछ ।

३६. **विनियम बनाउने अधिकार:** (१) कोषले कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनाएको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(३) उपनियम (२) बमोजिमको विनियमबाट नेपाल सरकारलाई थप आर्थिक व्ययभार हुने भएमा अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

३७. **कार्यविधि बनाउने अधिकार:** प्रचलित कानून तथा यस नियमावली प्रतिकूल नहुने गरी समितिले कोषबाट गरिने कर्जा लगानी तथा असूली सम्बन्धमा कार्यविधि बनाउन सक्नेछ र त्यस्तो कार्यविधि समितिबाट स्वीकृत भएपछि लागू हुनेछ ।

३८. **शपथ:** कोषको उपाध्यक्ष तथा कार्यकारी निर्देशकले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

३९. **खारेजी तथा बचाउ:** (१) युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०६५ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको नियमावली बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(३) उपनियम (१) बमोजिमको नियमावली अन्तर्गत नियुक्त कार्यकारी निर्देशक निजको नियुक्ति हुँदाका बखत तोकिएको पदावधि बाँकी रहेको भए सो अवधिसम्मका लागि र कोषमा कार्यरत कर्मचारीहरु यस नियमावली बमोजिम गठन हुने कोषमा नियुक्त भएको मानिनेछन् ।

**अनुसूची**

(**नियम ३८ सँग सम्बन्धित**)

## शपथको ढाँचा

म ........... सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छ/ईश्वारको नाममा सपथ लिन्छु कि युवा तथा साना व्यवसायी स्वरोजगार कोषको उपाध्यक्ष/कार्यकारी निर्देशकको पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी अनुशासनमा रही युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली, २०७७ तथा प्रचलित कानूनको अधीनमा रही इमान्दारीपूर्वक पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक कुनै अवस्थामा प्रकट गर्ने छैन ।

| **शपथ गराउनको,** | **शपथ गर्नेको** |
| --- | --- |
| नाम, थरः | नाम, थरः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयः | कार्यालयः |